# अध्याय : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

नेपाल एक विविधतायुक्त मुलुक हो । यहाँ जातीय, भाषिक, साँस्कृतिक, जैविक र भौगोलिक विविधता रहेको छ । विश्वका अन्य देशको तुलनामा क्षेत्रफलको हिसाबले सानो रहे पनि सामाजिक, साँस्कृतिक विविधता अद्धितिय रहेको छ । नेपालमा १२५ जातजातिको बसोबास र १२३ किसिमका भाषा रहेको छ (केतवि, २०६८) । जातीय विविधता भएकोले नै पृथ्वीनारायण शाहले "नेपाल चार जात छत्तिस वर्णको साझा फूलबारी हो" भनेका थिए । समाजशास्त्री डोर बहादुर विष्ट (विष्ट, २०३०) का अनुसार नेपाल हिमाली क्षेत्रमा बस्ने शेर्पा, तामाङ, थकाली, पहाडमा बस्ने बाहुन, क्षत्री, राई, मगर, गुरुङ, सार्की, विश्वकर्मा, दमाई आदि र तराईका थारु, मुसहर, यादव, राजवंशी आदि जातिहरुको बसोबास भएको देश हो । यसको उत्तर दक्षिणको लगभग २०० कि.मी. को दुरीमा संसारका सबै प्रकारको हावापानी तथा वनस्पती पाइन्छ । जमीनको बनावट र उचाइका कारणले गर्दा जैविक विविधता पाइन्छ । त्यसैगरी भारत तथा तिब्बतबाट बसाइँ गरेका बासिन्दाको उनीहरुसँगै आएको रीतिरिवाजले साँस्कृतिक परम्परामा पनि अद्भूत फरक रहेको पाइन्छ (स्रोत : विष्ट, २०३०) ।

नेपालमा बसोबास गर्ने १२५ जातजाति आफ्नै संस्कार, संस्कृति र सामाजिक निति नियम र चलन भित्र बाँधिएका छन । ती जातजातिका संस्कार, संस्कृतिमा केही समानता र केहि मौलिकता रहेका छन् । तथापि समयानुसार संस्कार, संस्कृति र सामाजिक निति नियम र चलन परिवर्तन हुन्छन । विद्यमान अवस्थामा विभिन्न कारणले विभिन्न जातजातिको संस्कार र संस्कृतिमा परिवर्तन भएको छ । विभिन्न जातीय समुदायले समयानुसार केही पुराना चलन छोड्दै र नयाँ चलनलाई अवलम्बन गर्दै आएका छन् । त्यसैले परम्परागत चलन र संस्कार परिवर्तन हुदै गएको पाईएको छ ।

छन्त्याल समूदायका विभिन्न आयामहरुमा समयसँगै संस्कृति र संस्कारमा परिवर्तन आएको प्रशस्त उदाहरणहरु हामीले देख्न सक्दछौं । साथै विश्वव्यापीकरण, आधुनिकीकरण, साथै विश्व व्यवस्थाको दृष्टिकोणका कारण समेत छन्त्यालको पेशा, धर्म, भेषभुषा र संस्कार लगायतका आयाममा प्रशस्त फेरबदल भएको छ । यसरी विभिन्न कारक तत्वहरुले कारण

भएको परिवर्तनमध्ये म्याग्दी जिल्लाको कुईनेखानी क्षेत्रका छन्त्यालको विवाह संस्कारको परम्परागत चलन र हालको अवस्था एवं परिवर्तन आउनुका कारणको विषयमा **छन्त्याल समूदायको विवाह संस्कारमा आएको परिवर्तन** सम्बन्धी अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाल विविधताले भरिएको विश्वको अनुपम राष्ट्र हो । यहाँको विभिन्न जातजाति र समुदाय वीच मैत्रीपूर्व सम्बन्ध रहेको छ, यो नै यहाँको विशेषता रहेको छ । यहाँ रहेका समुदाय र जातिले आ-आफ्नै खालका पहिचान समेत स्थापित गरेका छन । कुनै जाति वा समुदायले पहिचान स्थापित गर्ने क्रममा उनिहरुले अबलम्बन गरेका संस्कारहरुको प्रमुख स्थान रहेको पाउन सकिन्छ । तर पनि आजको परिवर्तित र सुविधायुक्त समयमा ति संस्कारहरुमा विविध खालका प्रभावहरु पर्न गएको हामीले पाउन सकिन्छ । कतिपय संस्कारहरुमा समयसँगै क्रमिक परिवर्तन भएका छन भने कतिपय संस्कारहरुमा भने परम्परागत गुण यथावत रहेका छन । परम्परागत संस्कारहरुमा क्रमिक परिवर्तन हुनु र यसका बारेमा दस्तावेजिकरण नहुदा साथै यसको पुस्ता हस्तान्तरण हुदै जाने हुदाँ यस्ता अध्ययन गर्नु आवश्यक ठानी अध्ययनलाई अगाडि बढाईएको हो ।

नेपालका १२५ जातीय समूह मध्ये छन्त्याल एक आदिवासी जनजाति समूह हो । जुन जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत ५९ आदिवासी जनजाति मध्ये एक जाति हो । मानव विकास सूचांक आधारमा नेपाल आदिवासी जनजाति महासंघद्वारा नेपालका आदिवासी जनजातिलाई ५ समूहमा वर्गीकरण गर्दा छन्त्याल जाति सुविधा वञ्चित समूहमा परेको छ । छन्त्याल संख्यात्मक दृष्टिले अल्पसंख्यक जाति हो । नेपालमा महिला ६५६५ र पुरुष ५२४५ गरी जम्मा ११८१० जनसंख्या रहेको छ (केतवि, २०६८) ।

यस जातिको परम्परागत मुख्य पुर्ख्यौली पेशा खानी खन्ने रहेको थियो । त्यसैले छन्त्यालको इतिहास तामाखानीसँग जोडिएको छ । खानी पेसा प्राचीन समयदेखि वि.सं. १९८१ सम्म सञ्चालन गरेको देखिन्छ । छन्त्यालहरुको मुख्य बसोबास रहेका स्थानहरुलाई नेपालको इतिहासमा उपल्लो बाईसखानी भन्ने गरिएको छ । उनीहरु बसोबास रहेका स्थानहरुमा ठाँउ स्थानको नाम पछाडि खानी शब्द जोडिएको छ । जस्तै, गुर्जाखानी, मच्छिमखानी, देउरालीखानी, कुईनेखानी, मँगलेखानी, लेखानी, लाम्मेलाखानी, घोसाखानी र

घैयाखानी आदि । जसले खानी र छन्त्याल जाति बीचको सम्बन्धलाई जनाउँछ । छन्त्याललाई त्यस वखत वैज्ञानिक पनि भन्ने गरिन्थ्यो । उनीहरुले माटोको सुगन्ध, रंग, स्वादका आधारमा खानी पत्ता लगाउने गर्दथे भन्ने भनाइ रहेको छ (छन्त्याल, २०१२:७८) ।

वर्तमानमा छन्त्यालको मुख्य बसोबास म्याग्दी, बागलुङ गुल्मी, सुर्खेत, रुकुम र प्यूठानमा रहेको छ । मुख्य बसोबास स्थानबाट बसाइँ सराइँ गरी तुलनात्मक रुपमा सुविधायुक्त सहर पोखरा, काठमाण्डौं, बुटवल, दाङ लगायतका स्थानमा पनि बसोबास गर्दै आएका छन । सन् २०११ को जनगणना अनुसार छन्त्यालहरु १९ भन्दा बढि जिल्लाहरुमा छरिएर रहेको पाईन्छ । यस जाति समूहमा १२ वटा थरहरु रहेका छन । यस जातिका थरहरुमा घरब्जा, तथप्जा, भलञ्जा, पोत्लाङ्गे, पुराने, डाँडामारे, घ्याप्चन, सिङ्गे, घर्ति, झिंडराजा, खड्का र बुढाथोकि रहेका छन (छन्त्याल, २०१२:५) । छन्त्याल समूहका १२ थरहरु रहेको भएता पनि उनीहरुको थर के कसरी रहन गयो भन्ने बारेमा स्पष्ट सूचना रहेको छैन तथापी अध्ययन क्षेत्रमा प्राप्त जानकारी अनुसार मुस्ताङको ठिनीबाट आएका चनहरुले घ्याप्पो बोकेर आएको हुनाले घ्याप्चन हुन गएको र पछि छन्त्याल समूदायमा बस्दै गर्दा छन्त्याल जातिसँगको सम्पर्कले गर्दा उनीहरु पनि छन्त्याल हुन गएको भन्ने भनाई रहेको छ । छन्त्याल समूदायमा सजातीय विवाह प्रचलन रहेको छ । यदी बाहिरी जातिसँग विवाह गरेको खण्डमा विवाह गर्ने युवकलाई भान्सा उकाली छन्त्याल जातिमा प्रवेश गर्ने प्रचलन थियो भन्ने भनाई रहेको छ । सोही अनुरुप 'घर्ती छन्त्याल' 'घर्ती मगर' र 'खड्का छन्त्याल' 'खड्का क्षेत्री'बाट छन्त्याल बनाईएको भनाई रहेकोछ तर अन्य थरहरुको बारेमा भने त्यस्तो केही सूचना प्राप्त हुन सकेको छैन । तथापी यस विषयमा प्राप्त सूचना नै अन्तिम भनेर भन्न सकिदैन ।

यो जाति समुदायको आफ्नै भाषा रहेको छ । जुन भाषालाई छन्त्याल खाम भाषा भनिन्छ । यो भाषाको वंशगत साइनो भोट-बर्मेली परिवारसँग छ । यो भाषा धेरै हद सम्म तामाङ र गुरुङ जातिसँग मेल खान्छ भने केही शब्दहरु मगर र नेवारी भाषासँग समेत मिल्न जान्छ (छन्त्याल,२०७१:४०)। छन्त्यालको पृथक परम्परागत संस्कार र संस्कृति छन । यस जातिको संस्कारमा धुप गर्ने (न्वारन), भात खुवाइ (पास्नी), पुतपुराऊ, छेवर (बालक), गुन्युचोलि दिने (बालिका), विवाह, मृत्यसंस्कार आदि पर्दछन । यी जातिहरुको आफ्नै भेषभुषा रहेका छन । छन्त्याल पुरुषले सुतीको भोटो र फेटा, चौबन्दी, धोती, काजबन्दी र

हातले बुनेको पटुका, भेडाको उनबाट बनेका हरदुला, बाखाको ऊनबाट बनेको घुम, टोबे लगाउँछन । महिलाहरु घलेक, छिटको गुन्यू मजेत्रो, चोलो, पटुकी, टिका लगाउछन । छन्त्यालले वायु, भुमि, पानीको मुल, खानी, कुलदेवता आदिको पुजाआजा गर्ने चलन छ । यी जातिहरुले विशेषतः माघे संक्रान्ति र साउने संक्रान्ति, भुमेपुजा, कुलपुजा लगायतका चाडपर्वहरु मान्दै आएका छन । साथै उनीहरुले दसै, तिहार, तीज, बुद्धपूर्णिमा आदि पर्वहरु पनि मनाउने गर्छन (छन्त्याल, सन् २०१२:१०) ।

छन्त्याल समूदायमा विभिन्न साँस्कृतिक र संस्कारगत मूल्य र मान्यताहरु रहेकाछन र सोही अनुरुप उनीहरुले संचालन गरेकाछन । छन्त्याल समूदायमा विशेषतः मागी र भागी विवाह गर्ने प्रचलन रहेको पाईन्छ । मागेर होस या भागेर जे विवाह गरिएको भएता पनि उनीहरुले पुरा गर्ने विवाहका प्रक्रिया भने एकै रहेको हुन्छ । जस अनुसार केटाले केटी घरमा लिएर आएपछि भित्र्याउने, सोधनी जाने र माईती भेट्ने गरी विवाहको प्रक्रिया पुरा गरिन्छ (छन्त्याल, सन् २०१२:७१) । यसरी विभिन्न चरणमा घर र माईती तर्फको कार्य सम्पादन गरी विवाह कार्यलाई सम्पन्न गरीन्छ ।

- यस छन्त्याल समूदायमा परम्परागत विवाह संस्कार कस्तो छ र कस्ता खालका परिवर्तनहरु भएका छन ?
- छन्त्याल समूदायका विवाह संस्कार के कस्ता रहेका छन ?
- छन्त्याल समूदायमा विवाह संस्कारमा आएका परिवर्तनका कारणहरु के के हुन सक्छन ?
- बजार सम्पर्क र मिडीया पहुँचले विवाहको धारणा माथि के परिवर्तन ल्याएको छ ?
- बसाइँ सराई र अन्तरग्राम सम्पर्कले विवाहमा पारेको प्रभावहरु के छन ?

## १.३ अध्ययनको उद्देश्य

छन्त्याल जातिको विवाह संस्कारमा आएको परिवर्तनका बारेमा निम्न उद्देश्यहरु राखी अध्ययन गरिएको छ :

- छन्त्याल जातिको विवाह संस्कारको ढाँचाका बारेमा खोजि गर्ने
- विवाह संस्कार परिवर्तन हुनुका कारणहरुको खोजी गर्ने

## १.४ अध्ययनको महत्व

विविध जातजाति र समुदाय अनुसारको आफ्नै खालका पहिचानहरु स्थापित भएका छन । जाति वा समुदायको पहिचान स्थापित गर्ने क्रममा उनीहरुले अबलम्बन गरेका संस्कारगत चलनचल्तिले पनि अग्रणी भूमिका खेलेको पाउन सक्दछौ । तर परिवर्तित समय र परिस्थिति अनि विकासका विविध पाटोहरुका कारणले गर्दा दिनानुदिन ति संस्कारहरुमा विविध खालका परिवर्तनहरु भईरहेको अनुभुति गर्न सकिन्छ । यदि ति संस्कारहरुमा समयानुसार परिवर्तन हुदै गएको खण्डमा त्यो जाति वा समुदायको पहिचान पनि लुप्त हुदै जानेछ र एकदिन ति संस्कारहरु हराएर जानेछन यदि यस विषयमा अध्ययन गरी दस्तावेजिकरण गर्न सकेको खण्डमा भोलिका पुस्तालाई ति संस्कारका बारेमा जानकारी हुनेछ जसका लागि यो र यस्ता विषय उपर अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिन्छ ।

यसै क्रममा म्याग्दी जिल्लाको कुईनेखानी क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिई त्यहाँका आदिवासी छन्त्याल जातीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था सहित उनीहरुको परम्परागत विवाह संस्कारमा आएका परिवर्तन अनी ति विवाह संस्कार परिवर्तनमा कुन कुन कारकतत्वहरुले कस्तो खालका भुमिका खेलेका छन भनि पत्ता लगाई विश्लेषण गर्ने र तिनीहरुको अवस्था र वास्तविकता सबै सामु लिई यसको बारेमा जानकारी दिनका लागि यस अध्ययनले महत्वपूर्ण भुमिका खेल्नेछ भन्ने अभिलाषा सहित यो शोधपत्र तयार गरिएको हो ।

## १.५ अध्ययन क्षेत्रको सीमा

म्याग्दी जिल्लाको पश्चिम भेगमा पर्ने रघुगंगा गाउँपालिका वडा नं. ८ साविकको कुईनेमँगले गा.वि.स.को वडा नं. १, २ र ३ कुईनेखानीका मुख्य बासिन्दाको रुपमा रहेका छन्त्याल जातिको परम्परागत विवाह संस्कार र ती विवाह संस्कारमा परिवर्तन हुनुका कारणहरुको बारेमा अध्ययन सिमित गरिएको छ । यस अध्ययनमा प्रस्तावित स्थानको मात्र

विश्लेषण गरिएको छ । जसले गर्दा देशका अन्य भूभागका साथै यसै जिल्लाका अन्य स्थानमा रहेका छन्त्याल समूदायको प्रतिनिधत्व गर्दैन । साथै अध्ययनको समय र साधन स्रोतको सिमितताले गर्दा विवाहसँग सम्बन्धित सबै सूचना पर्याप्त नहुन सक्छ ।

## १.६ अध्ययनको औचित्य

समाज परिवर्तनशील रहेको छ । विविध कालखण्डमा समाजको विभिन्न आयामहरुमा परिवर्तन भएको पाउन सकिन्छ । समाजका त्यस्ता आयामहरुमा परिवर्तन हुँदा समाजको विभिन्न संस्थाहरुमा समेत त्यसको प्रत्यक्ष प्रभाव परेको हुन्छ । समाजका विभिन्न आयामहरु मध्येको एक हो समाजमा रहेको परम्परागत विवाह संस्कार । यस्ता संस्कारहरुले त्यो समाज र समुदायको पहिचान बोकेको हुन्छ । तर अहिले शिक्षाको अवस्था, संचारमा बढेको पहुँच, रोजगारीको अवस्था लगायतका विविध पक्षहरुका कारणहरुले गर्दा यस्ता परम्परागत संस्कारमा परिवर्तन हुँदै आएको छ । जसले गर्दा ती समुदायको पहिचानमा असर पुऱ्याईरहेको छ । यसै कुरालाई मध्यनजर गर्दै म्याग्दी जिल्लाको कुईनेखानीका मुख्य बासिन्दा छन्त्याल जातिको परम्परागत विवाह संस्कारमा आएको परिवर्तनसँग सम्बन्धीत भएर यो अध्ययन गरिएको छ । यस अध्ययनबाट मुख्यतया छन्त्याल समूदायको परम्परागत विवाह संस्कारको जानकारि लिनुका साथै ती संस्कारमा परिवर्तन हुनुका कारणहरु के थियो, हाल कस्ता खालका विवाह प्रणालीहरु अँगालेकाछन् ? आदि विषयहरुमा केन्द्रित अध्ययन गरिएको छ । जसले गर्दा भोलिका दिनमा यस विषयमा चासो राख्ने व्यक्तिहरुले यस अध्ययन प्रतिवेदनको प्रयोग गर्न सक्नेछन ।

## १.७ अध्ययनको संगठन

छन्त्याल समूदायको परम्परागत विवाह संस्कार र सो संस्कारमा आएका परिवर्तनहरुका बारेमा तयार गरिएको शोध पत्रलाई विभिन्न सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । साथै अध्यायलाई आवश्यकता अनुसार उपशीर्षक दिई प्रस्तुत गरिएको छ ।

यस शोध पत्रको पहिलो अध्यायमा अध्ययनको परिचय राखिएको छ । जसमा अध्ययनको पृष्ठिभूमी समावेश गरिएकोछ भने यस अध्ययनका समस्याहरुको बारेमा उल्लेख गरिएकोछ । शोध अध्ययन गर्नुका उद्देश्य सहित शोधको महत्व र सीमा समेत यसै

अध्यायमा समावेश गरिएकोछ । अध्यनको सीमा र अध्ययन गर्नुको औचित्यका साथमा शोधपत्रको संगठनलाई समेत यसै अध्यायमा व्याख्या गरिएकोछ ।

यस शोध पत्रको दोस्रो अध्यायमा सान्दर्भिक साहित्यको पुनरावलोकन गरिएकोछ । जसमा विवाह सम्बन्धि अध्ययन गर्नका निमित्त समाजशास्त्रीयहरुले प्रतिपादित गरेको संरचनात्मक प्रकार्यात्मक सिद्धान्तका बारेमा जानकारी राखिएकोछ । विवाह सम्बन्धि समाजमा व्याप्त अवधारणाका बारेमा व्याख्या गरिएकोछ । विभिन्न समयमा विवाह र यसका आयामहरुका बारेमा गरिएको अध्ययनहरुको बारेमा जानकारी दिने गरी पूर्व अध्ययनको समीक्षा गरिएकोछ । अध्ययनको सैद्धान्तिक र अवधारणगत ढाँचा सहितको चित्र र व्याख्या गरि अर्को शीर्षक तयार गरिएकोछ ।

यस शोधपत्रको सात अध्याय मध्ये तेस्रो अध्यायमा शोधपत्र तयार गर्नका लागि अबलम्बन गरिएका अनुसन्धान पद्दतिका बारेमा उल्लेख गरिएको छ । जसमा अध्ययन क्षेत्रको छनौटका बारेमा व्याख्या गरिएको छ । अनुसन्धान ढाँचाका बारेमा समेत यसै अध्यायमा उल्लेख गरिएको छ । अध्ययनका लागि तथ्यांक संकलनका लागि प्राथमिक र द्वितीय स्रोतहरु सम्बन्धि जानकारी रहेको छ । अध्ययनका निमित्त नमुना छनौटका प्रक्रिया, तथ्यांक संकलन गर्ने विधि र संकलित तथ्यांक प्रतिको विश्वसनीयता र वैधानिकताका बारेमा समेत यसै अध्यायमा जानकारी राखिएको छ । संकलित तथ्यांकहरुको प्रस्तुतिकरण र विश्लेषण गर्ने प्रक्रियालाई पनि यहि अध्यायमा समावेश गरीएको छ ।

यस शोध पत्रको चौथो अध्यायमा अध्ययन क्षेत्र र छन्त्याल समूदायको पृष्ठभूमी सहितको जानकारी राखिएको छ । जसमा अध्ययन क्षेत्रको सामाजिक इतिहास, छन्त्याल समूदायको सामाजिक इतिहास, छन्त्याल समूदायको सामाजिक सम्पर्कका बारेमा जानकारी राखिएको छ ।

शोध पत्रको पाँचौ अध्यायमा अध्ययनको उद्धेश्य अनुरुप छन्त्याल समूदायमा प्रचलित विवाहको प्रकार, विवाहको विधि र प्रक्रियाका साथै विवाह प्रतिको दृष्टिकोणलाई समावेश गरिएको छ ।

अध्ययनको उद्धेश्य अनुरुप छैठौं अध्यायमा छन्त्याल समूदायको विवाहमा आएका परिवर्तन र परिवर्तन आउनुका कारणहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

यस शोध पत्रको सातौ अर्थात अन्तिम अध्यायमा यस शोधको सारांशलाई राखिएको छ । सारांशका साथमा शोधको निश्कर्ष र सुझावलाई यसै खण्डमा समेतिएको छ । अन्त्यमा यस शोध पत्र तयार पार्ने क्रममा लिईएका तस्विरहरु, शोध पत्रसँग सम्बन्धित प्रश्नावली अनुसूची र सन्दर्भग्रन्थ सूचीलाई समेत यस शोधको अन्त्यमा समावेश गरिएको छ ।

# अध्याय : दुई

# सान्दर्भिक साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक पुनरावलोकन

हरेक विषयमा अध्ययन गर्दा समाजशास्त्री वा मानवशास्त्रीय सिद्धान्त अनुरुपका सिद्धान्तहरुसँग सम्बन्धित भई अनुसन्धान गर्ने परम्परा रहेको छ । सोही अनुरुप समाजमा विभिन्न कालखण्डमा विकसित भएका सिद्धान्तहरुसँग नजिक रहेर अनुसन्धान गर्ने क्रममा छन्त्याल जातिको परम्परागत विवाह संस्कारमा आएको परिवर्तन, यसको प्रभाव लगायतका विषयमा यथार्थसँग नजिक रहेर अनुसन्धान गर्नका लागि मुख्यतया संरचनात्मक प्रकार्यात्मक दृष्टिकोणसँग नजिक रहेर यस विषयको अध्ययन गरिएकोछ ।

### २.१.१ संरचनात्मक-प्रकार्यात्मक दृष्टिकोण

समाजशास्त्र समाजको अध्ययन गर्ने शास्त्र हो । समाज भनेको सामाजिक सम्बन्धहरुको जालो हो । यो सामाजिक सम्बन्ध विभिन्न तह, स्वरुप र आयाममा प्रकट हुने गर्दछ । यी सम्बन्ध दुई वा सो भन्दा बढि व्यक्ति खास खालको सामाजिक सन्दर्भमा कुनै एउटा संस्थाको रुपमा विकसित भएपछि अभ्युदय हुन्छन । त्यसैले विभिन्न तह, स्वरुप तथा आयाम भएको समाजको अध्ययन, व्याख्या र विश्लेषण गर्नका लागि खासखास कालखण्डमा विकसित भएका दृष्टिकोणहरुको प्रयोगको आवश्यकता पर्दछ । दृष्टिकोणले समाजलाई हेर्ने खास खालका हेराईहरु प्रदान गर्दछन । त्यस्तै दृष्टिकोणहरुमध्ये संरचनात्मक प्रकार्यवाद पनि एउटा समाजलाई स्पस्ट, व्यवहारिक र वैज्ञानिक अध्ययन, व्याख्या, विश्लेषण र विवेचना गर्नका लागि प्रयोग हुने समाजशास्त्रीय दृष्टिकोण हो (राव, २००५:१४७) ।

सामाजिक र साँस्कृतिक पक्षहरुको विश्लेषण गर्ने विधि र सिद्धान्तको रुपमा संरचनात्मक प्रकार्यावादी दृष्टिकोणलाई लिईन्छ । जस अनुसार समाजको विविध पक्षहरु र त्यसका भागहरुका साथै समाजका ईकाइहरुको विश्लेषण गर्दछ । यसले समाजमा हुने द्वन्द्ध, सामाजिक अवस्था, सहकार्यता, सामाजिक प्रक्रियाहरु आदिको बारेमा समेत व्याख्या र विश्लेषण गर्नका लागि सहयोग गर्दछ (स्कोट, १९९९:४२२) ।

समाज विभिन्न सामाजिक अंगहरुको मीश्रणबाट सामाजिक संरचना निर्माण भएको हुन्छ । सामाजिक अंगहरुमा सामाजिक मूल्य, मान्यता, परम्परा, रीतिरिवाज, धर्म, सँस्कृति आदि संरचनाहरुको संलग्नता रहेको हुन्छ । सामाजिक अंगहरुमा सामाजिक संस्थाहरु पनि पर्दछ । सामाजिक संस्थाहरुमा विवाह पनि एक हो । समाजले विवाहलाई कसरी हेर्दछ र समाज निर्माण कार्यमा विवाहको भूमिका के, कस्तो रहेको छ भनी अध्ययन गर्नका निमित्त यस सिद्धान्तको उपयोग गरिन्छ ।

यस सिद्धान्त अनुसार छन्त्याल जातिको सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तन सँगै परम्परागत विवाह संस्कारमा आएको परिवर्तन समेतको विश्लेषण गरिएकोछ । हिजोका दिनमा समाजमा कायम रहेका परम्परागत विवाहका संस्कारहरु के कस्ता थिए र आजका दिनमा तिनीहरुको अवस्था के कस्तो रहेको छ भनि खोजि गरिएकोछ । साथै ति अवस्थाहरुमा परिवर्तन हुनुका कारणहरुका खोजि गर्नका निमित्त उपरोक्त सिद्धान्तसँग नजिक रहेर अध्ययन गरिएकोछ ।

समाजको कुनै एक पक्षमा असर एवं प्रभाव पर्न जाँदा त्यसको असर समाजका अन्य भागहरुमा पनि पर्न जान्छ । समाजमा पर्ने प्रभावको असर विवाहको विविध पक्षहरुमा पर्न जान्छ । त्यस्ता असरहरु विवाह संस्कारको समग्रतामा वा विवाहको कुनै पक्षहरुमा पर्न पुग्दछ । विवाह संस्कारमा परेको असरले विवाहको विविध पक्षहरुमा पनि स्वतः प्रभाव पर्न गई परिवर्तन हुन पुग्दछ । जसले विवाह र विवाहका विविध पक्षहरुमा परिवर्तन हुन्छ । यसरी परिवर्तन गर्ने कारकतत्वहरु प्रत्यक्ष रुपमा देखिने वा लुकेर रहेका हुन्छन । प्रत्यक्ष रुपमा देखिने कारकतत्वहरुले प्रत्यक्ष रुपमा असर पारिराखेको हुन्छ भने लुकेर रहेका कारक तत्वहरुले भने आफै वा अरु पक्षहरुलाई सहयोग गरिरहेकोहुन्छ । त्यसैगरी कतिपय कारक तत्वहरुका कारणले गर्दा संस्कारहरुमा नकारात्मक असरहरु पनि पारिराखेका हुन्छन । यस सिद्धान्तअनुसार हेर्दा छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन गर्नका निमित्त पनि विविध कारकतत्वहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिकाहरु खेलीरहेका हुन्छन ।

## २.२ अवधारणागत पुनरावलोकन

विवाहको सम्बन्धमा एउटै सर्वमान्य परिभाषा पाउन सकिदैन । तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाका रुपमा लिएको छ । प्रत्येक समाजमा विवाहले दुईवटा पक्षलाई समेटेको हुन्छ । एक विपरित लिङ्गको सामाजिक स्विकृत

सम्बन्ध हो । दुई यसै सम्बन्धका आधारमा वैधानिक रुपमा तिनीहरु बीच यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउन सक्ने सामाजिक स्विकृति हो । सामान्यतया सामाजिक चलन र मान्यता अनुसार विवाह भौतिक तथा आध्यात्मिक आवश्यकताहरु पुरा गर्न हो ।

नेपाली वृहत् शब्दकोष (२०६७:११६२) अनुसार स्त्री र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कृत्य विवाह हो । छन्त्याल र बराम ( २०७२:१०१) का अनुसार मानवीय जीवनको एक महत्वपूर्ण चरण विवाह हो । यसले छाडा यौन सम्बन्धलाई निषेध गरी यौनको आवश्यकतालाई सु-व्यवस्थित र नियन्त्रित ढंगबाट पूरा गर्न मानव समाजले अपनाएको स्वीकृत एवं वैधानिक प्रचलनलाई बुझाउँछ ।

त्यसैगरी भुजेल जातिको चाड तथा संस्कार विधि खोज तथा अध्ययन समूह ( २०७२:२१) का अनुसार विवाह दुई विपरीत लिङ्गीहरुको वैधानिक सम्बन्ध हो । पवित्र नाता हो र दुई धड्कनहरुको मेल हो । हामीले देखेको सुनेको र जानेको यो संसार दुई विपरीत ध्रुवीहरुको संयोगले चलेको छ । यो दुईमध्ये कुनै एकको अनुपस्थितिमा सृष्टिको कल्पनासम्म गर्न सकिन्न । वैवाहिक बन्धनयुक्त जीवन रहुञ्जेल घरजम गर्ने, परिवार बढाउने र सांसारिक गतिविध गर्ने, गराउने एउटा लौकिक प्रक्रिया हो । यीनै प्रक्रियाहरुभित्र हामी सम्पूर्ण मानवहरु जेलिएका छौ । अनि यो झण्डै झण्डै चुडाउनै नसकिने बन्धन बनेको छ ।

विवाह विश्वव्यापी रुपमा रहेको एउटा सामाजिक संस्था हो । यौनजन्य क्रियाकलापहरुलाई नियन्त्रण र वैधानिकता दिनका लागि मानव समाजले स्थापना गरेको हो । यसको सम्बन्ध सामाजिक संस्था परिवारसँग नजिक रहेको हुन्छ । अर्थात परिवार र विवाह एक अर्काका परिपूरक हुन । विवाह त्यस्तो सामाजिक संस्था हो जुन संस्कार अनुसार विविधता पाईन्छ । यसका उद्धेश्य, कार्य र प्रारुपहरु समाज अनुसार फरक-फरक भएता पनि सबैले सामाजिक संस्थाको रुपमा स्विकारेका छन (राव, २००५:३२७) ।

गिलिन र गिलिनका अनुसार विवाह भन्नाले सन्तान उत्पादन र परिवार स्थापनाका लागि समाजबाट स्विकृत कार्य नै विवाह हो । मालिनोस्कीले विवाह सन्तान जन्माउनका लागि गरिने एक सम्झौता हो भनेका छन (राव, २००५:३२७) ।

सि.एन. शंकर रावले आफ्नो पुस्तक सोसियोलोजिमा विवाहका विशेषताहरुलाई प्रस्तुत गरेकाछन । उनका अनुसार विवाह सर्वव्यापी रहेको छ । विवाहले महिला र पुरुष

विचको सम्बन्धको विस्तार गर्ने, दीर्घकालीन सम्बन्धको निर्माण गर्ने, आपसी समझदारीमा वृद्धि गर्ने आदी कुरालाई जोडेका छन (राव, २००५:३२७) ।

सि.एन. शंकर रावले विवाहको कार्य र महत्वका बारेमा समेत प्रस्त पारेका छन । उनका अनुसार विवाहले यौनजन्य क्रियाकलापको नियन्त्रण र व्यवस्थापन गर्नुका साथै परिवार स्थापनार्थ सहयोग गर्दछ । आर्थिक सहकारीताका लागि सहज बनाउनुका साथै समाजिक एकता बनाउनका निमित्त समेत सहयोगीको भूमीका खेल्ने कुरालाई जोड दिएकाछन (राव, २००५:३२८) ।

उनै रावले विवाहका स्वरुपका बारेमा पनि व्याख्या गरेकाछन । उनका अनुसार विवाहका स्वरुपहरुमा बहुपति विवाह, बहुपत्नी विवाह, एकल विवाह, सजातीय विवाह, अन्तरजातीय रहेकोछ (राव, २००५:३२८) ।

यसरी हेर्दा विवाहको विषयमा विभिन्न परिभाषा र व्याख्या विश्लेषण गरिएको पाईन्छ । विवाहको परिभाषा र व्याख्या, विश्लेषण जे जसरी गरिएको भएता पनि विवाहलाई विश्वव्यापी सामाजिक संस्थाको रुपमा लिईएको पाईन्छ ।

## २.३ पूर्व अध्ययनको समीक्षा

विशेष गरी छन्त्याल जातिको विवाह संस्कारको बारेमा जानकारी लिने उद्धेश्यका साथमा अध्ययन गरि तयार गरिएको यो शोध प्रतिवेदनलाई पूर्णता दिन र अध्ययन पूर्व सो समुदायसँग सम्बन्धित जानकारी लिनका लागि छन्त्याल जाति वा समुदायको बारेमा लिखित दस्तावेज पाउन मुस्किल रहेको पाईन्छ । विशेष गरी यो जाति वा समुदायसँग सम्बन्धित उनीहरुको पेशामा केन्द्रिकृत भएर अध्ययन अनुसन्धान बढि भएको पाइएको छ । विशेष गरी यीनै जाति वा समुदाय केन्द्रित नभए पनि नेपालका अन्य जातजाति तथा समुदायको बारेमा भने विभिन्न अनुसन्धानकर्ताहरु/सोधकर्ताहरुले अध्ययन गरेको पाईएको छ ।

नेपाल छन्त्याल संघ केन्द्रीय समितिले विस २०५४ मा छन्त्याल जातिमा प्रचलनमा रहेको जन्मदेखि मृत्युसम्मको विभिन्न संस्कारहरुबारे उल्लेख गरी "छन्त्याल जातिको संस्कार स्मारिका २०५४" प्रकाशन गरेको छ । जस अनुसार धुप गर्ने (न्वारन), भात खुवाइ (पास्नी), पुतपुराऊ, छेवर (बालक), गुन्युचोलि दिने (बालिका), विवाह र मृत्यसंस्कार आदि

पर्दछन । उक्त स्मारिकामा मागी र प्रेम विवाहको उल्लेख गरिएको छ । साथै परम्परागत चलन अनुसार विवाह गर्दा अप्नाइने प्रक्रिया सोधनी जाने, ढोगभेट गर्ने, माइती भेट्ने, माइती भेट्दा केटी पक्षलाई केटा पक्षले बुझाउनु पर्ने रीत अनुसारको सामानहरुको विववरण र अन्य विधि एवं प्रक्रियाको बारेमा समेत उल्लेख गरिएको छ (छन्त्याल जातिको संस्कार स्मारिका,२०५४) ।

लोकबहादुर सुनार (२०६६) ले तयार पारेको “छन्त्याल जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाः म्याग्दी जिल्ला बेनीबजारको एक समाजशास्त्रीय अध्ययन” शोध पत्रमा छन्त्याल जातिको इतिहास, सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था र अन्य जातजातिसँग सम्बन्धको अध्ययन गर्ने उद्देश्य रहेको छ । उक्त शोध पत्रमा छन्त्यालको इतिहास, शैक्षिक, सामाजिक र आर्थिक अवस्थासँगै  साँस्कृतिक अवस्थालाई समावेश गरिएको छ । साँस्कृतिक अवस्थामा उक्त जातिको संस्कार, चाडपर्व र भेषभुषाको व्याख्या र विश्लेषण गरिएको छ ।  जसमा छन्त्याल जातिमा प्रचलित मागी विवाह र प्रेम विवाहको वर्णन गरिएको छ (सुनार, २०६६:३५-३७) ।

त्यसैगरी तेजराज शर्मा (२०५९) ले तयार गरेको “म्याग्दी जिल्लाको छन्त्याल जातिको संक्षिप्त अध्ययन” शोध पत्रमा म्याग्दी जिल्लाको छन्त्यालको इतिहास, जनसंख्या, भाषा, सामाजिक सम्बन्ध र संस्कारबारे व्याख्या गरिएको छ । छन्त्यालको चलन अनुसारको संस्कारहरुलाई समेत प्रस्तुत शोधपत्रमा प्रस्तुत गरिएको छ । जसमा विभिन्न प्रकारको विवाह, विवाहको विधि र प्रक्रिया तथा चलन अनुसारको विवाहसँग सम्बन्धित अन्य पक्षलाई केलाइएको छ (शर्मा, २०५९:८१-८६) ।

गोविन्द छन्त्याल (२०१२) ले तयार पारेको “छन्त्याल समुदायको सामाजिक, आर्थिक र साँस्कृतिक अवस्थाः बागलुङ जिल्ला अधिकारीचौर गाविसको अध्ययन” शोध पत्रमा छन्त्याल जातिको सामाजिक, आर्थिक र साँस्कृतिक अभ्यास एवं अवस्थाको खोज गर्ने उद्देश्य राखिएको छ । जसमा छन्त्यालको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थासँग छन्त्यालको विवाह संस्कारको बारेमा उल्लेख गरिएको छ । जसमा विवाहको प्रकार र विधि प्रक्रियाबारे व्याख्या गरिएको छ (छन्त्याल, २०१२:७१-७४) ।

हरिचन छन्त्याल (२०७१) ले तयार गरेको “छन्त्याल जातिको जीविकोपार्जनः विगत र वर्तमान” शोधपत्रमा जीविकोपार्जन परिवर्तनका पक्षहको अध्ययन र जीविकोपार्जन

परिर्वतनका परिणाम उद्देश्य राखिएको छ । उक्त शोध पत्रमा छन्त्याल जातिको विगतको पुख्यौली पेशा, विगतका जीवन निर्वाहका आधार, जीविकोपार्जनमा परिवर्तनका पक्ष र परिणामहरुको व्याख्या तथा विश्लेषण गरिएको छ ।  परम्परागत जीविकोपार्जनमा परिवर्तन आएको, जीविकोपार्जनमा परिवर्तन ल्याउन विभिन्न तत्वहरुले भूमिका खेलेको र त्यसका विभिन्न परिणाम देखिएको निष्कर्ष निकालिएको छ (छन्त्याल, २०७१) ।

हरिचन छन्त्याल (२०६६) ले नै अध्ययन गरेको "छन्त्याल जातिको पुर्ख्यौली पेशा खानी सम्बन्धी अध्ययन" मा छन्त्यालको पुर्ख्यौली पेशा खानीको अभिलेखीकरण गर्ने उद्देश्य रहेको छ । साथै उक्त प्रतिवेदनमा खानीको बारेमा व्याख्या र विश्लेषण गर्नुको साथै कुइनेखानीको जनसंख्या र बसोबासको ढाँचा आदिको बारेमा उल्लेख गरिएको छ (छन्त्याल, २०६६) ।

यामबहादुर पुन (२०६८) ले गरेको "अल्लो व्यवस्थापनमा आदिवासीय ज्ञानः म्याग्दी जिल्लाका छन्त्याल समुदायको एक अध्ययन"मा अल्लो व्यवस्थापन रणनीति, बजारीकरण र आर्थिक मुनाफा प्राप्तीमा पहुँचमा छन्त्याल समुदायको आदिवासीय ज्ञानको अभिलेखीकरण उद्देश्य रहेको छ । उक्त अध्ययनमा अध्ययन कर्ताले अध्ययनको परिचयमा छन्त्याल जातिको इतिहासको संक्षिप्त जानकारी दिएका छन् । साथै आफ्नो अध्ययनलाई अल्लो व्यवस्थापनमा छन्त्याल जातिको आदिवासीय ज्ञानको प्रयोग र आर्थिक उपलब्धीमा केन्द्रीत गरेका छन् ( पुन, २०६८) ।

गोविन्द छन्त्याल (२०७१) ले गरेको छन्त्याल जातिको इतिहासः एउटा पाटो अध्ययनमा छन्त्याल जातिको इतिहास, छन्त्याल जातिसँग ठकुरी शब्दको सम्बन्ध र चिरफार, छन्त्यालको पृथक पहिचान र परम्परागत पेसा तामाखानी आदिको बारेमा व्याख्या र विश्लेषण गरेका छन् । साथै छन्त्याल जातिको पृथक र मौलिक भाषा, सामाजिक साँस्कृतिक मुल्य मान्यता, धर्म, संस्कार, चलन, प्रथा, रीतिरिवाज र आर्थिक राजनीतिक जीवन पद्धति र प्रणाली भएको आदिवासी जनजाति भएको निष्कर्ष प्रस्तुत गरिएको छ ( छन्त्याल, २०७१:१-१४) ।

शास्त्रदत्त पन्त (२०५३) ले गरेको अध्ययन "धौलागिरीका छन्त्याल" मा छन्त्याल जातिको इतिहास, आर्थिक अवस्था, खानी, अन्य जातिसँगको सम्बन्ध र साँस्कृतिक

अवस्थाको बारेमा व्याख्या गरिएको छ । जसमा छन्त्याल जाति पहिले सम्पन्न भएको र पछि उनीहरुको आर्थिक अवस्था कमजोर रहेको समेत निष्कर्ष निकालिएको छ (पन्त:२०५३) ।

मनोज कुमार शर्मा (२०६८) ले तयार गरेको ब्राह्मण क्षत्री समुहको विवाह संस्कारमा आएका परिर्वतनहरु शोध पत्रमा प्रचलित विवाहका तरिकाहरुमा आएको परिवर्तन, विवाह गर्ने उमेरमा आएको परिवर्तन, विधि विधानमा आएका परिवर्तन, विवाह विच्छेदनका घटनामा आएका परिवर्तन, अन्तर जातीय विवाहको चलनमा आएको परिवर्तन र दाइजोको चलनमा भएका परिवर्तन आदिको बारेमा व्याख्या विश्लेषण गरिएको छ । जसमा विवाहमा परिवर्तन आउनुको कारणहरुलाई समेत समावेश गरिएको छ (शर्मा:२०६८) ।

सुकमाया गुरुङ्ग (२०७०) ले तयार गरेको "गुरुङ समुदायमा हुने विवाह पद्धतिमा आधुनिकीकरणको प्रभाव" शोध पत्रमा विवाहको प्रकार, विधि, आधुनिकताको विवाहको विभिन्न पक्षमा परेको प्रभावको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ । जसमा आधुनिकीकरणका विवाह पद्धतिमा सकारात्मक र नकारात्मक दुवै प्रभाव रहेको समेत निष्कर्ष प्रस्तुत गरिएको छ (गुरुङ:२०७०) ।

सोमनाथ भण्डारी (२०७१) ले तयार पारेको "मगर जातिको विवाह संस्कारमा आएको परिवर्तन" शोध पत्रमा मगर जातिमा प्रचलित विवाहको प्रकार र विधिबारे उल्लेख गरिएको छ । साथै विवाहमा के कस्ता परिवर्तनहरु देखिएका छन् । परपरम्रागत विवाह र हालको विवाहको फरकबारेमा व्याख्या र विश्लेषण गरिएको छ (भण्डारी:२०७१) ।

सूचना पण्डित (२०७१) ले तयार पारेको "तनहुँ क्यामिनका बोटे जातिको विवाह पद्धतिः एक सामजशास्त्रीय अध्ययन" शोध पत्रमा बोटे जातिको प्रचलित विवाहको किसिम, विधि र प्रक्रियाबारे जानकारी दिइएको छ । साथै वर्तमान समयमा परम्परागत विवाहमा परिवर्तन ल्याउने कारक तत्वहरुबारे व्याख्या र विश्लेषण गरिएको छ (पण्डित:२०७१) ।

लक्ष्मी भण्डारी (२०७१) ले तयार पारेको पोखराका क्षत्री समुदायको वैवाहिक संस्कारमा शहरीकरणले पारेको प्रभाव शोध पत्रमा विवाहको आधार, पारिवारिक संरचना र प्रक्रिया तथा पद्धतिमा शहरीकरणले के कस्तो प्रभाव पारेको छ । त्यसका के कस्ता प्रभाव

देखिएको छ भन्ने व्याख्या र विश्लेषण गरिएको छ । प्रभावका कारणहरु के के हुन् औल्याइएको छ (भण्डारी:२०७१) ।

जनकलाल शर्मा (२०३९) ले "हाम्रो समाज एक अध्ययन" मा विभिन्न जातजाति तथा समुदायको विविध सामाजिक पाटोहरुलाई अध्ययन गरिएको छ । साथै विवाहका विभिन्न प्रकारहरुमा बाक्लो व्याख्या विश्लेषण गरिएको छ । अन्तर जातीय विवाह, शास्त्र अनुसारको विवाह आदिको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । लेखकले उक्त पुस्तकमा एउटा उच्च जातजातिको व्यक्तिले आफूभन्दा निम्न जातकी स्त्रीसित विवाह गर्न सक्तछ तर निम्न जातको व्यक्तिले उच्च जातकी स्त्रीसित विवाह गर्न सक्तैन । किन्तु केही स्मृतिकारले एउटा तेस्रो मार्ग पनि निकालेको पाईन्छ । यदि एउटै जातका मातापिताबाट कुनै सन्तति भयो भने त्यस्तो सन्तान जन्मले नै त्यसै जातिको हुन्छ । तर जब एउटा उच्चजाति वा वर्णको व्यक्तिले आफूभन्दा निम्न जातकी स्त्रीसित विवाह गऱ्यो भने त्यस्तो विवाहलाई अनुलोम विवाह भनिन्छ र त्यस्तो विवाहबाट उत्पन्न सन्ततिलाई अनुलोम नै भनिन्छ । यसै प्रकार कुनै उच्चजातिकी स्त्रीको विावह कुनै निम्न जातिका पुरुषसित भयो भने त्यस्तो विवाहलाई प्रतिलोम विवाह भनिन्छ र त्यस्तो विवाहबाट उत्पन्न सन्तानलाई पनि प्रतिलोम सन्तति भनिन्छ । वैदिक साहित्यमा अनुलोम, प्रतिलोम शब्द विवाहको अर्थमा प्रयुक्त भएको पाईदैन (शर्मा,२०३९:६७) ।

त्यसैगरी गोपालसिं नेपाली (सन् १९६५) ले विशेषतः नेवार समुदायका विविध पक्षहरुलाई अध्ययन गरी द नेवार नामक पुस्तक निकालेका छन । उनले नेवार समुदायका विविध पक्षहरु सहित नेवार समुदायको विवाह संस्कारका विविध पाटोहरुलाई विश्लेषण गरेका छन । उनले आफ्नो अध्ययनमा नेवार समुदायके आर्थिक पाटो, जन्म, मृत्यु, जातीय व्यवस्था, विवाह, परिवार, नाता, चाडबाड लगायतका विषयमा गहन अध्ययन गरी व्याख्या र विश्लेषण प्रस्तुत गरका छन (नेपाली, सन् १९६५:१९८) ।

धर्मप्रसाद श्रीस (२०३८) ले "मगराती सँस्कृति-ऐतिहासिक पृष्ठभूमि" मा मगर जातिको संस्कृतिको अध्ययन गरेका छन् । जसमा मगर जातिमा प्रचलित परम्परागत विवाह र संस्कृतिको ऐतिहासिक पक्षलाई समावेश गरी व्याख्या र विश्लेषण गरेका छन् (श्रीस, २०३८:५९) ।

हर्क गुरुङ (सन् २००४) ले नेपालका आदिवासी जनजातिको विविध पक्षको अध्ययन गरी "जनजाति सेरोफेरो" पुस्तक लेखेको छन् । जसमा लिपिबद्ध नभएका जातिको किंवदन्ती र कथामात्र हुन्छ । तिनको पनि धेरै महत्व हुन्छ, किनभने लिपिबद्ध इतिहास शासकहरुको बखान हो भने मौखिक कथन जनजातिको अतितको चिनारी हो । यस्ता कथनहरुको संकलन, प्रकाशन र टिका टिप्पणीबाट जनजातीको इतिहासको उठान गर्न सकिन्छ (स्रोतः गुरुङ, २००४:६६) । उनको यो भनाइ अनुसार आदिवासी जनजातिहरुको इतिहास र कला संस्कृति सम्बन्धी लेखिएका स्रोत सामग्रीको कमी भएको संकेत गर्छ । त्यसैले नेपालका एक आदिवासी जनजाति छन्त्याल जातिको बारेमा विषय बस्तुसँग ठ्याक्कै मिल्ने लिखित सामग्री पाउन कठिन नै छ ।


तथापि छन्त्याल जातिबारे  विभिन्न समयमा स्वदेशी तथा विदेशी अध्ययनकर्ताले गरेका अध्ययन अनुसन्धानसँग सम्बन्धित माथि उल्लेखि सामग्री प्राप्त भएका छन् । मुख्यःतया छन्त्याल जातिहरुको इतिहासको अध्ययन गर्दा उनीहरुको परम्परागत पेसा, उनीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक, शिक्षा, परम्परागत सीप आदिको अध्ययन गरेको पाईन्छ । तर उनीहरुको साँस्कृतिक पक्षको बाक्लो अध्ययन गरेको स्रोत सामग्री कमै मात्रामा पाईन्छ । तसर्थ विभिन्न उद्धेश्यका साथमा गरिएको अध्ययन प्रतिवेदन, विभिन्न समयमा प्रकाशित लेखरचनाहरुको प्रयोग समेत यस अध्ययनका लागि उपयुक्त सामाग्री मानी अध्ययनका लागि सहयोगीको रुपमा प्रयोग गरिएको छ ।

## २.४ अध्ययनको सैद्धान्तिक तथा अवधारणागत ढाँचा

यस अध्ययनमा मुख्यतया छन्त्याल समूदायको परम्परागत विवाह संस्कार र संस्कारमा आएको परिवर्तनका बारेमा विश्लेषण गरिएकोछ । परम्परागत विवाह संस्कार र ति संस्कारहरु परिवतर्न हुनुका कारणहरुलाई मुख्य विषयवस्तु बनाई परम्परागत विवाह संस्कार, परिवर्तित अवस्था, परम्परागत विवाह संस्कार र ति संस्कारमा आएका परिवर्तन प्रति स्थानीय समुदायको धारणाका बारेमा अध्ययन गरिएको छ । समाज अध्ययनको एक सिद्धान्त संरचनात्मक प्रकार्यवादी सिद्धान्त अनुसार अध्ययन र विश्लेषण गरिएको छ । साथै अध्ययन/अनुसन्धानमा प्रयोग हुने विभिन्न अवधारणा तथा विधिहरुको यस अध्ययनमा प्रयोग गरिएकोछ । छन्त्याल जातिमा कस्ता विवाह प्रचलनमा रहेकाछन र ति विवाहका विधि/प्रक्रियाहरु केके हुन सक्दछ । विवाह प्रति स्थानीयवासीको दृष्टिकोण के रहेकोछ ।

विवाहका प्रारुपहरु परम्परागत छन वा त्यसमा परिवर्तन भएकाछन ? परिवर्तन भएका छन भने के कस्ता परिवर्तन भएका छन र परिवर्तनका निमित्त के कस्ता कारकतत्वहरुले कार्य गरिरहेकाछन भन्ने विषयमा छलफल गरी निश्कर्ष निकालिएकोछ । जसलाई चित्रमा निम्नानुसार हेर्न सकिन्छ ।

**चित्र नं. १ : छन्त्याल समूदायको विवाह प्रणाली अध्ययनको रेखाचित्र**



# अध्याय : तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौट

म्याग्दी जिल्लाको सदरमुकाम देखि करिब ११ कोष पश्चिम वर्ति क्षेत्रमा अवस्थित कुईनेमँगले गा.वि.स.को वडा नं. १, २ र ३ को वडाहरुलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरी अध्ययन गरिएको छ । यस गा.वि.स.मा मुख्यतया छन्त्याल जातिको बसोबास रहेको पाईन्छ । छन्त्यालका साथै मगर र विश्वकर्मा जातिको पनि यस गा.वि.स.मा बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा कुल ११ हजार ८ सय १० जनसख्या मध्ये यस गा.वि.स.मा जम्मा ११४४ जनसंख्या रहेकोमा सबैभन्दा बढि ८४७ जनसंख्यामा रहेको छन्त्याल जातिको विगत र वर्तमानको अध्ययन गर्नका लागि यस स्थानको छनौट गरिएको छ । मुख्यतया यहाँका अधिकांश जातजातिहरुले खानीहरु खन्ने, कृषि, पशुपालन, पशुको उनहरुको कपडा बुन्ने, चोयाहरुको काम गर्ने गरेको पाईन्छ । विशेषतः छन्त्याल जातिहरु खानी खन्ने कामका लागि माहिर रहेको मानिन्छ र हाल पनि छन्त्याल जातिहरुको बसोबास रहेको क्षेत्रमा विभिन्न खानीहरुको डोब (अवशेष)हरु भेट्न सकिन्छ भने ति जातिहरुको वसोबास रहेको स्थानको पछाडि खानी शब्द जोडिएर आएको पाईन्छ । विगतमा छन्त्याल जातीहरुको मुख्य पेशा भनेको खानी खन्ने र त्यहाँबाट उत्खनन गरिएको धातुहरुको बेचविखनबाट प्राप्त हुने रकम तथा वस्तुहरुबाट उनीहरुले जिविकोपार्जन गर्दै आएका थिए तर राज्यको नियम कानुनलाई मान्नु पर्ने अवस्थामा खानी खनि जिविकोपार्जन गर्नमा असहज हुने भएकाले उनीहरुले आफ्नो पेशा प्रतिको मोह घट्नुका साथै अन्य विकल्पहरुको खोजि गरिएको अवस्था पाउन सकिन्छ । राज्यले निर्माण गरेको नियमले गर्दा खानी खन्ने काम रोकिन गयो जसले गर्दा यस पेशामा आवद्ध जाति तथा समुदायहरुले विकल्पमा अर्को पेशा रोजे कतिपयले त सो स्थानबाट बसाईसराई नै गरे जसले गर्दा राज्यको आम्दानीमा समेत गिरावत हुन पुग्यो भने यहि पाउन सकिने सामाग्रि बाहिरबाट आयात गर्दा राज्यको सम्पत्ति समेत बाहिरिन पुग्यो । विभिन्न समयमा आएका उतार चढावका कारणले यी समुदायका विभिन्न साँस्कृतिक पक्षहरुमा समेत त्यसको असर एवं प्रभावहरु पर्न गएको देखिन्छ । यी र यस्ता विषयहरुको बारेमा अध्ययन गर्नका लागि उपयुक्त स्थानको रुपमा लिई हाल सम्ममा यस क्षेत्रको बारेमा खासै चासो वा अध्ययन हुन

नसकेको हुदाँ यस विषयमा अध्ययन गर्दा छन्त्याल समूदायको विवाह संस्कारको विगत र वर्तमान अवस्थाको चित्रण गर्न सक्ने हुदाँ यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोध पत्र तयार पार्नका लागि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका वडा नं. ८ कुईनेमँगले अर्न्तगत कुईने खानी साविकको कुईनेमँगले गा.वि.स. वडा नं. १, २ र ३ को कुईनेखानीलाई छनौट गरिएको थियो । यस गाउँमा रहेका विवाह सम्बन्धी परम्परागत संस्कार, संस्कृति र तिनीहरुको हालको अवस्था लगायतका विषयहरुमा जानकारी लिनका लागि अध्ययन क्षेत्रमा प्रत्यक्ष उपस्थिति भई स्थानीयवासीहरुसँग अन्तरवार्ता अनुसूची, समूह छलफलको प्रयोग गरिनुका साथै द्वितृय स्रोतहरुको प्रयोगबाट संकलित सूचनाहरुको व्याख्या र विश्लेषण गरि शोध पत्र तयार गरिएकोछ ।

## ३.३ तथ्यांकको प्रकृति र स्रोत

अध्ययन अनुसन्धान गर्ने क्रममा महत्वपूर्ण काम भनेको तथ्यांक संकलन हो । तथ्यांकको विश्लेषणबाट अध्ययनको निष्कर्ष निकालिएको छ । तथ्यांकको संकलनका लागि प्राथमिक र द्वितिय दुवै स्रोतलाई प्रयोग गरिएको छ । प्राथमिक तथ्यांक अन्तर्गत अध्ययन क्षेत्रमा प्रत्यक्ष उपस्थिति भई स्थानीय वासीहरुसँग परम्परागत र परिवर्तित विवाह तथा परिवर्तनका कारक तत्वहरुका बारेमा अध्ययन क्षेत्रका व्यक्तिसँग अन्तरवार्ता, प्रश्नावली अनुसूची र समुह छलफल विधिबाट संकलित तथ्यांक रहेका छन् । त्यसैगरी द्वितिय तथ्यांक अन्तर्गत विभिन्न समय र प्रयोजनका लागि विभिन्न अध्ययनकर्ता, स्थानीय तह, गैह्र सरकारी तथा सरकारी तहबाट गरिएका अध्ययन अनुसन्धानको प्रतिवेदन, लेख रचनाहरु, लगायतका सामाग्रीहरु रहेका छन् । दुवै स्रोतबाट प्राप्त तथ्यांक गुणात्मक र परिमाणात्मक प्रकृतिका छन ।

## ३.४ नमुना छनौट

यस अध्ययनका लागि प्रस्ताव गरिएको स्थानमा जम्मा ४५ घरधुरीको बसोबास रहेको छ । जसमा ३० घर छन्त्याल जाति र अन्य दलित समूदाय अन्तर्गत विश्वकर्मा

जातिको घरधुरी रहेको छ । अध्ययन क्षेत्रका सम्पूर्ण छन्त्याल घरधुरीलाई समग्र अध्ययनको क्षेत्रको रुपमा लिईएको छ । प्रति लक्षित समूदायको घरलाई एक एकाईका रुपमा लिएर प्रति घरका एकजनाका दरले जम्मा ३० जनालाई यस अध्ययनका लागि छनौट गरिएको छ । लक्षित समूदायका ३० घर धुरीका अगुवा उत्तरदाताहरु नै यस अनुसन्धानका लागि प्रतिनिधि ईकाईका रुपमा रहेका छन ।

## ३.५ तथ्यांक संकलन विधि

यस अध्ययन क्षेत्रमा छन्त्याल जातिको ३० घरधुरी र दलित समुदाय अन्तर्गत विश्वकर्मा जातिको १५ घर रहेकोछ । उक्त स्थानमा अध्ययन गर्ने क्रममा लक्षित समुदायको घरधुरी थोरै भएको हुदाँ प्रत्येक घरधुरीमा पुगी विषयवस्तुसँग सम्बन्धित भएर छलफल गरिएको थियो । यस अध्ययनका निमित्त समूह छलफल समेत गरि तथ्यांक संकलन गरिएको थियो । अध्ययनको विषय, प्रकृति र उद्धेश्यलाई मध्यनजर गरी समय, स्रोत र साधनलाई ख्याल गर्दै अध्ययनको सहि परिणामका लागि विश्वसनीय तथ्यांक र सूचना संकलनमा विशेष जोड दिइएकोछ । अध्ययन क्षेत्रका वासिन्दाहरुसँग प्रत्यक्ष भेट तथा समन्वय गरी प्राथमिक तथ्यांकहरुको संकलन गरिएकोछ । अनुसन्धानका लागि निम्न अनुसन्धानका विधिहरुलाई अबलम्बन गरिएकाछन ।

### ३.५.१. अन्तरवार्ता अनुसूची

समाजमा रहेर विविध समयमा विभिन्न पदधारणा गरेका र विशेषतः अध्ययन विषयसँग मेल खाने गाउँका स्थानीयहरुसँगको अन्तरवार्तालाई अनुसन्धानका क्रममा सूचना संकलनका लागि प्रयोग गरिएकोछ, जसले गर्दा अध्ययन गर्न चाहेको विषयमा यथार्थ नजिक पुगेर विषयसँग मेल खाने सूचनाहरु प्राप्त गर्नमा सहयोग पुगेको थियो । यसका लागि उनीहरुसँग बन्द र खुला प्रश्नहरु गरि छलफल गरिएको थियो । छलफलमा सहभागिहरुको सूची अनुसूची एक र अन्तरवार्ता अनुसूचीका लागि प्रयोग गरिएका प्रश्नावली अनुसूची ३ मा राखिएको छ ।

### ३.५.२ समूह छलफल

यस अध्ययनका लागि अध्ययन क्षेत्र म्याग्दीको कुईनेखानीमा २०७४ साल पौष ५ गतेका दिन लक्षित समूदायसँग उनीहरुको परम्परागत विवाह संस्कार, विवाह संस्कारमा

भएका परिवर्तन र परिवर्तनका कारणहरुको बारेमा छलफल गरिएको थियो । समूह छलफलमा लक्षित समूदायका १० जनाको सहभागिता रहेको थियो । छलफलका लागि छन्त्याल समूदायमा प्रचलित विवाहका प्रारुपहरु के कस्ता थिए ? विवाहका विधि/प्रक्रियाहरु के कस्ता थिए र कसरी पुरा गरिन्थ्यो र हाल ति विवाहका प्रारुप र विधि/प्रक्रियाहरु प्रचलनमा रहेका छन वा छैन अर्थात परिवर्तन भएका छन कि छैनन भनि छलफल गरिएको थियो साथै परिवर्तन गर्नका निमित्त के कस्ता कारकतत्वहरुले भूमिका खेलेका हुन सक्छन भन्ने विषयमा छलफल गरिएको थियो । उक्त छलफलबाट उनीहरुको समुदायमा रहेका विवाह संस्कार, विधि/प्रक्रिया, परिवर्तित अवस्था र कारणहरु सम्बन्धि जानकारी प्राप्त भएको थियो । छलफलका सहभागिहरुको सूची अनुसूची २ र समूह छलफलमा प्रयोग गरिएको चेकलिष्ट अनुसूची ४ मा राखिएको छ ।

## ३.६ तथ्यांकको विश्वसनियता र वैधानिकता

अध्ययनको क्रममा प्रस्तावित क्षेत्रमा नै प्रत्यक्ष उपस्थितिमा उनीहरुसँग अनुसन्धानका विविध पद्धतिहरुको प्रयोग गरि तथ्यांक तथा सूचना संकलन गरिएको छ । जसलाई प्राथमिक तथ्यांक संकलनको रुपमा प्रयोग गरिएकोछ भने विभिन्न समयमा विविध प्रयोजनका लागि गरिएको अध्ययन अनुसन्धानहरुको प्रतिवेदनहरु, विभिन्न लेख रचनाहरुको समेत प्रयोग गरि सूचनाहरु संकलन गरिएकोछ । अध्ययन स्थानमा प्रत्यक्ष उपस्थिति भई, उनीहरुसँग अन्तरवार्ता, छलफल लगायतका विधिहरुको प्रयोग गरिएको हुदाँ यसबाट प्राप्त नतिजामा विश्वसनियता र ति सूचना तथा तथ्यांकहरु वैधानिक रहेकाछन भने द्वितीय स्रोतहरुको प्रयोग गर्दा ति स्रोतहरुको विवरण समेत अध्ययन प्रतिवेदनमा राखिएको हुदाँ यसबाट प्राप्त हुने निष्कर्शलाई विश्वास र वैधानिक मान्न सकिन्छ ।

## ३.७ तथ्यांक प्रस्तुतिकरण र विश्लेषण

अनुसन्धानका लागि छनौट भएको विषय उपर स्थलगत अध्ययनका साथै द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्यांकहरुलाई आवश्यकताका आधारमा वर्णनात्मक र विवरणात्मक रुपमा विश्लेषण गरिएकोछ । यस अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई तालिका, चित्र, संख्या, प्रतिशतको साथै व्याख्यात्मक रुपमा विश्लेषण गरी शोध प्रतिवेदनमा समावेश गरिएकोछ ।

# अध्याय : चार

# अध्ययन क्षेत्र र छन्त्याल समूदायको पृष्ठभूमी

## ४.१. अध्ययन क्षेत्रको सामाजिक इतिहास

नेपालको मध्य पश्चिमी पहाडमा अवस्थित, पूर्वमा कास्की र पर्वत, पश्चिममा बागलुङ, डोल्पा र रुकुम, उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बागलुङद्वारा परिवेष्ठित रहेको भु-भाग म्याग्दी जिल्ला अन्तर्गत पर्दछ । जिल्लाको वर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङबाट २० गाविसहरु (गाउपंचायत) यस जिल्लामा गाभिन आएपछि कायम हुन आएको हो । जिल्लामा ४१ गाविस रहेको मा २०७० सालमा रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, घतान, पुलाचौर र सिंगा गाविस गाभिएर बेनी नगरपालीका बनेपछि एक नपा र ३५ गाविस रहेकाछन । २०१८ सालको सीमा विभाजन अनुसार गण्डकी पारिका ईलाकाहरु क्रमशः मुस्ताङ र पर्वत जिल्लामा रहेका थिए । तत्कालिन म्याग्दी जिल्लामा २१ गाविस ( गाउँ पंचायत) मात्रै रहेका थिए ।

नेपालको पुनःसंरचना अनुसार प्रदेश नं. ४ अन्तर्गत म्याग्दी जिल्लाको ६ स्थानीय निकाय मध्येको एक हो रघुगंगा गाउँपालिका । म्याग्दी जिल्लाको उत्तरवर्ति क्षेत्रमा अवस्थित रघुगंगा गाउँपालिकामा साविकका ८ गा.वि.स.हरुलाई समायोजन गरी निर्माण गरिएको छ, जसमा बेगखोला, राखु भगवति, राखु पिप्ले, दग्नाम, झिं, पाखापानी, चिमखोला र कुइनेमँगले रहेको छ । यस गाउपालिकाको कुल जनसंख्या १५,७५३ रहेको छ । म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजार देखि १५ कोष उत्तरी क्षेत्रमा अवस्थित र २३५.१६ वर्ग कि.मि.मा फैलिएर रहेको छ रघुगंगा गा.पा. वडा नं. ८ को कुईनेमँगले । साविकको कुईनेमँगले गाविस र हालको संरचना अनुसार यस ८ नं. वडामा जम्मा २३९ घरधुरी रहेको छ । जहाँ ५४५ पुरुष र ५९९ महिला गरी जम्मा ११४४ जनसंख्या रहेकोमा छन्त्याल ८४७, कामी १९३, मगर ७५ र अन्य २९ रहेको छ भने समग्रमा म्याग्दी जिल्लाको ३.४५ प्रतिशत अर्थात ३९१७ छन्त्याल जातिको जनसंख्या रहेको छ ।

साविकको कुईनेमँगले गा.वि.स.को ३ वटा वडा म्याग्दी खोलातर्फ रहेको छ भने अन्य वडाहरु रघुगंगा तर्फ रहेको छ । विशेष गरी यस गाविसमा छन्त्याल जातिको बसोबास रहेको छ । छन्त्यालका साथै मगर, विश्वकर्मा जातिहरुको समेत बसोबास रहेको छ । यस गाविसमा कुईनेखानी, मँगलेखानी, चौर, घ्यासीखर्क, लाम्मेला, ढाँडदुवादी, खरीबोट

लगायतका वस्तीहरु रहेकाछन भने पौराणिक धार्मिक स्थल रिखार समेत यसै गाविसमा रहेको छ । विशेषतः यस गाविसमा रहेको तामाखानी प्रख्यात रहेको छ तर हाल ति तामाखानीहरुबाट उत्खनन गरिएको छैन । वि.सं. १९८१ मा पूर्णरुपमा खानी खन्न छोडि पशुपालन, कृषि र अन्य वैकल्पिक पेशा अँगालेका थिए । यस क्षेत्रमा केही भनाई प्रख्यात रहेको छ "झिंखानीको तामो, जति तान्यो उती लामो" त्यसैगरी "शिर झिंखानी फेद बोंगा, अरु हाँगाविँगा" । यि भनाईहरुबाट पनि थाहा पाउन सकिन्छ यस गाविसका वासिन्दाहरुको सम्बन्ध कृषि, पशुपालन र अन्य पेशापूर्व खानीसँग रहेको थियो । हाल पनि झिंखानीको अवशेष भेट्न सकिने स्थानीय वासिको भनाई रहेको छ । यस गाविसमा बसोबास गर्ने जातजातिहरुको आ-आफ्नै संस्कार र संस्कृति रहेको छ भने केहि संस्कार र सँस्कृतिमा भने समानता पाउन सकिन्छ ।

यस शोध पत्र तयार गर्नका लागि रघुगंगा गाउपालिकाको ८ नं. वडा कुईनेमँगलेको एउटा क्षेत्र कुईनेखानी (साविकको कुईनेमँगले गाविसको १, २ र ३ वडाहरु कुईनेखानी) लाई प्रस्ताव गरिएको थियो । कुईनेखानी एकै स्थानमा बसेको पहाडि वस्ति हो । कुनै बेला यहाँ ९६ घरधुरी सम्म पुगेको थियो भने वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यहाँ ६९ घरधुरी रहेकोमा हाल बसाईसराईका कारणले गर्दा यहाँका अधिकाँश घरधुरीहरु बन्द भेटिन्छन भने ४५ घरधुरीमा मात्र बसोबास रहेकोछ । जसमध्ये छन्त्याल जातिको ३० घरधुरी र विश्वकर्मा जातिको १५ घरधुरी रहेको छ । राष्ट्रिय जनगणनाको प्रतिवेदनमा जे उल्लेख भएको भएता पनि अध्ययन क्षेत्रमा हालको जनसंख्याको स्थितिलाई केलाउदा निम्नानुसारको पाउन सकिन्छ ।

तालिका नं. १ कुइनेखानीको छन्त्यालहरुको जनसंख्या विवरण

| जातजाति | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| छन्त्याल | ३० | ९५ | ९२ | १८७ |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

कुईनेखानी वा कुईने गाउँका नामले चिनिने यस गाउँको नामाकरणका सम्बन्धमा स्थानीय बासीको भनाई अनुसार मल्कबाङको पाखोबाट हेर्दा गाउँदेखि केहि तल गाउँ छिर्ने बाटो कुहिनो जस्तै देखिने भएकाले कुहिने भनिएको भनाई रहेको पाईन्छ । साथै त्यहि बाटोमा कुहिनो जस्तै आकारको रुख रहेकाले कुहिने हुदै कुईने हुन गएको हो । तर यस

सम्बधि स्थानीयवासीको भनाई बाहेक नामाकरणका सम्बन्धमा कहिँ कतै उल्लेख गरिएको पाईदैन । यहाँका छन्त्याल जातिहरु भोट-बर्मेली भाषा परिवार अन्तर्गत खाम भाषा बोल्दछन र यस गाउँको नाम पनि खाम भाषाबाट रहन गएको अनुमान गर्न सकिन्छ । खाम वा छन्त्याल खाममा 'कुई' भनेको पानी र 'न्हे' भनेको दुध हुने हुदाँ यहाँका छन्त्याल समुदायले खानी खन्ने क्रममा दुधजस्तै सेतो (स्थानीय बोली अनुसार कुईरो) पानी भेटिएपछि दुधजस्तै पानी अर्थात कुईन्हे भनिएको हुन सक्छ, र यस गाउँको केहि तल कमेरो माटो सहितको पहिरो पनि रहेको हुनाँले कुनै समयावधिमा यस गाउँको सेरोफेरोमा दुध जस्तै पानी पाईने स्थान हुन सक्ने सम्भावना पनि देखिन्छ । यसरी हेर्दा कुईन्हे शब्दबाट अपभ्रंश हुदै गई कालान्तरमा कुईने हुन आएको अनुमान गर्न सकिन्छ तर यस सम्बन्धि अध्ययन भने विस्तृत रुपमा हुन जरुरी देखिन्छ ।

### ४.२. छन्त्याल समूदायको सामाजिक इतिहास

नेपालमा बसोबास गर्ने १२५ जातजातिमध्ये छन्त्याल एक आदिवासी जाति हो । जुन जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सुचीकृत ५९ आदिवासी जनजाति मध्येको एक हो । मानव विकास सूचांक आधारमा नेपाल आदिवासी जनजाति महासंघद्वारा सुविधा वञ्चित समूहमा यस जातिलाई सूचिकृत गरेको छ । हरिचन छन्त्याल (२०७१:७३) का अनुसार मौलिक भाषा, संस्कृति, संस्कार, परम्परा, धर्म र मूलथलो, अलिखित इतिहास, तामाखानी पुर्ख्यौली पेसा र हामी भावना भएको, सरल, सोझा र इमान्दार स्वभाव, थेप्चो नाक, गहुँ गरो वर्ण, मंगोल अनुहार र शारिरीक बनावट भएको, भूमे, कुल, सिद्ध सिकारी, जल र वायु आदि प्राकृतिक बस्तुलाई निराकार देवीदेवता मान्ने र पूज्ने, समुहमा बस्न रुचाउने, १२ वटा थर भएको र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (२०५८) मा सूचीकृत एक आदिवासी जाति छन्त्याल (राष्ट्र) हो (छन्त्याल, २०७१:७३) ।

छन्त्याल जाति लामो कालखण्डदेखि धौलागिरी हिमालको शिरदेखि पूर्व-दक्षिण-पश्चिम भिरालो भू-भागमा सदियौदेखि तामाखानी खनेका थिए । खानी सकिदै जान थालेपछि कृषि तथा पशुपालन पेसा अँगालेर राष्ट्र निर्माणमा योगदान दिदै आएका छन । छन्त्यालको आदिम थातथलो पश्चिम नेपालको धौलागिरी अञ्चलमा पर्ने धौलागिरी

हिमालको पूर्व-दक्षिण-पश्चिम र काली गण्डकी  र बडिघाट नदी उपत्यका भू-भाग भएको देखिन्छ ।

वर्तमानमा छन्त्यालको मुख्य बसोबास म्याग्दी, बागलुङ गुल्मी, सुर्खेत, रुकुम र प्यूठानमा रहेको छ । मुख्य बसोबास स्थानबाट बसाइँ सराइँ गरी तुलनात्मक रुपमा सुविधायुक्त सहर पोखरा, काठमाण्डौं, बुटवल, दाङ लगायतका स्थानमा पनि बसोबास गर्दै आएका छन । सन् २०११ को जनगणना अनुसार छन्त्यालहरु १९ भन्दा बढी जिल्लाहरुमा छरिएर रहेको पाउन सकिन्छ । छन्त्यालको नेपालमा महिला ६५६५ र पुरुष ५२४५ जना गरी कुल ११८१० जनसंख्या रहेको छ (केतवि, २०६८) । सघन बसोबास बागलुङ, म्याग्दी र गुल्मीमा रहेको छ । तर बसाइँ सराईको कारण कपिलबस्तु, दाङ, कास्की र काठमाण्डौमा पनि उल्लेख्य रुपमा छन्त्यालहरु बसोबास गरेका छन् । रोजगारीको सिलसिलामा स्थायी र अस्थाई  प्रकृतिको रुपमा पूर्वी एशिया र खाडीमुलक, युरोप र अमेरीकन देशमा पनि छन्त्यालहरु रहेका छन् । नेपालका विभिन्न क्षेत्रमा बसोबास रहेका छन्त्याल समूदायको बसोबास क्षेत्रानुसार निम्नानुसार रहेको छ ।

तालिका नं. २ क्षेत्रानुसार छन्त्यालहरुको जनसंख्या विवरण

| **क्र.सं.** | **विवरण** | **जनसंख्या** | | |
|---|---|---|---|---|
| | | **पुरुष** | **महिला** | **जम्मा** |
| १ | **क्षेत्रानुसार** | | | |
| १.१ | शहर | ७२२ | ८११ | १५३३ |
| १.२ | गाँउ | ४५२३ | ५७५४ | १०२७७ |
| | **जम्मा** | **५२४५** | **६५६५** | **११८१०** |
| २ | **भूभाग अनुसार** | | | |
| २.१ | हिमाली क्षेत्र | ४९ | ३८ | ८७ |
| २.२ | पहाडी क्षेत्र | ४७४७ | ५७०८ | १०४५५ |
| २.३ | तराई क्षेत्र | ४४९ | ८१९ | १२६८ |
| | **जम्मा** | **५२४५** | **६५६५** | **११८१०** |
| ३ | **विकास क्षेत्रानुसार** | | | |
| ३.१ | पूर्वाञ्चल | १८ | ४६ | ६४ |
| ३.२ | मध्यामाञ्चल | ४३७ | ५९६ | १०३३ |
| ३.३ | पश्चिमाञ्चल | ४४८२ | ५४८८ | ९९७० |
| ३.४ | मध्यपश्चिमाञ्चल | ३०१ | ४०४ | ७०५ |
| ३.५ | सूदुरपश्चिमाञ्चल | ७ | ३१ | ३८ |
| | **जम्मा** | **५२४५** | **६५६५** | **११८१०** |

(स्रोतः राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०६८)

नेपालका विभिन्न जिल्लाहरुमा छन्त्याल समूदायको बसोबास रहेको छ । राष्ट्रिय जनगणना अनुसार छन्त्याल समूदायको निम्नानुसारको बसोबास रहेको पाउन सकिन्छ ।

तालिका नं. ३ नेपालका विभिन्न जिल्लामा रहेका छन्त्यालहरुको जनसंख्या विवरण

| क्र.सं. | जिल्लाको नाम | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | सुनसरी | ८ | १६ | २४ |
| २ | सप्तरी | ५ | १४ | १९ |
| ३ | धनुषा | ४ | १९ | २३ |
| ४ | महोत्तरी | ६ | ३० | ३६ |
| ५ | सर्लाही | १२ | १३ | २५ |
| ६ | ललीतपुर | ६ | ९ | १५ |
| ७ | काठमाण्डौ | ३९६ | ४२३ | ८१९ |
| ८ | रौतहत | १ | १६ | १७ |
| ९ | बारा | ५ | २५ | ३० |
| १० | पर्सा | ३ | २१ | २४ |
| ११ | चितवन | १२ | २६ | ३८ |
| १२ | तनहुँ | ७ | ५ | १२ |
| १३ | कास्की | ३७८ | ४०३ | ७८१ |
| १४ | मुस्ताङ | ४८ | ३८ | ८६ |
| १५ | म्याग्दी | १७७८ | २१३९ | ३९१७ |
| १६ | पर्वत | ५५ | ६२ | ११७ |
| १७ | बागलुङ | १८१० | २२१९ | ४०२९ |
| १८ | गुल्मी | १४६ | २३० | ३७६ |
| १९ | नवलपरासी | १९ | ४८ | ६७ |
| २० | रुपन्देही | २३४ | ३१९ | ५५३ |
| २१ | कपिलवस्तु | ५ | २४ | २९ |
| २२ | प्यूठान | ३ | ११ | १४ |
| २३ | रुकुम | ४८ | ५८ | १०६ |
| २४ | दाङ | १२३ | १४८ | २७१ |
| २५ | बाँके | ६ | २४ | ३० |
| २६ | बर्दीया | ४ | २१ | २५ |
| २७ | सुर्खेत | ११६ | १४२ | २५८ |
| २८ | कैलाली | ५ | २६ | ३१ |

(स्रोतः राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०६८)

छन्त्याल जातिको सघन बसोबास धौलागिरीका बागलुङ र म्याग्दी जिल्लामा रहेकोछ । छन्त्याल जातिको कुल जनसंख्या मध्ये बागलुङ र म्याग्दीमा आधा जनसंख्या रहेकोछ ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार बागलुङ र म्याग्दीमा छन्त्याल जातिको जनसंख्या निम्नानुसार रहेकोछ ।

तालिका नं. ४ बागलुङ र म्याग्दी जिल्लामा रहेका छन्त्यालहरुको जनसंख्या विवरण

| क्र.सं. | बागलुङ | जनसंख्या | | | म्याग्दी | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | गाविसको नाम | पुरुष | महिला | जम्मा | गाविसको नाम | पुरुष | महिला | जम्मा |
| १ | अधिकारीचौर | ११५ | १३१ | २४६ | अर्मन | ६७ | ७३ | १४० |
| २ | अमरभूमी | ४४ | ५३ | ९७ | अर्थुङ्गे | १७८ | २२९ | ४०७ |
| ३ | अर्गल | ४१ | ५४ | ९५ | बाबियाचौर | १६ | १८ | ३४ |
| ४ | बोंगादोभान | २०७ | २३४ | ४४१ | बरंजा | ९० | १३१ | २२१ |
| ५ | बुर्तिबाङ | १३८ | १५९ | २९७ | भकिम्ली | १२९ | १८३ | ३१२ |
| ६ | दगातुन्डाँडा | १९ | ३५ | ५४ | चिमखोला | १२ | १७ | २९ |
| ७ | दमेक | १८३ | २३७ | ४२० | दरवाङ | २३ | २३ | ४६ |
| ८ | दर्लिङ | ८३ | १०७ | १९० | घतान | १३ | १२ | २५ |
| ९ | देविस्थान | १०५ | १४६ | २५१ | गुर्जा | २६७ | ३०१ | ५६८ |
| १० | धम्जा | ५७ | ८७ | १४४ | कुईनेमँगले | ३९२ | ४५५ | ८४७ |
| ११ | धुल्लुबास्कोट | ४६ | ४१ | ८७ | मल्कबाङ | ३०० | ३३७ | ६३७ |
| १२ | हिल | ५ | ७ | १२ | निस्कोट | १३ | १३ | २६ |
| १३ | हुग्दीशीर | १५ | २२ | ३७ | ओखरबोट | २३ | ३० | ५३ |
| १४ | जलजला | ५४ | ५७ | १११ | पाखापानी | १३५ | १८८ | ३२३ |
| १५ | बा.न.पा | ७४ | ९२ | १६६ | राखुपिल्ले | १४ | १६ | ३० |
| १६ | खुंगा | ५४ | ५६ | ११० | रुम | ६ | ५ | ११ |
| १७ | लेखानी | ५८ | ६७ | १२५ | ताकम | ७६ | ८८ | १६४ |
| १८ | निसी | ४७ | ६५ | ११२ | | | | |
| १९ | पाण्डवखानी | १२ | ८ | २० | | | | |
| २० | रणसिंहकिटेनी | ८ | ११ | १९ | | | | |
| २१ | राङखानी | १० | १० | २० | | | | |
| २२ | रायडाँडा | ७ | ६ | १३ | | | | |
| २३ | खुखानी | २४४ | ३०८ | ५५२ | | | | |
| २४ | तमान | १४३ | १८४ | ३२७ | | | | |
| २५ | तंग्राम | १३ | १९ | ३२ | | | | |

(स्रोतः राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०६८)

अध्ययन क्षेत्रका छन्त्याल कुइनेखानी तामाखानी खन्नको लागि झिंखानीबाट आएका थिए । कुन समय आएका थिए भन्ने लेख्य दस्तावेज भने पाइदैन । कुइनेखानी र मल्कबाङ बीच भेडा चराएको बारे भएको झगडाको क्रममा जारी भएको ३ वटा ताम्रापत्र भने रहेको छ । जुन ताम्रापत्रमा विस १६५२, विस १६५४ र विस १६५७ उल्लेख रहेको छ । यसले उक्त समय अगाडि नै कुइनेखानीमा छन्त्याल कृषि तथा पशुपालन गरेको र चरन क्षेत्रको लागि

झगडा भएको प्रष्ट हुन्छ । स्थानीय जानकारको अनुसार छन्त्याल जाति प्राचीन कालमा नै छ्यान्टुबाट झिंखानी आएका थिए । पुनः खानी खोज्ने र खन्ने क्रममा हालको कुइनेखानीमा आएका थिए । मध्यकालमा झिंखानीमा स्थापना भएको हट्टीमा कुइनेखानीका छन्त्याल तामा निकालेर सिक्का बनाउन लैजान्थे (छन्त्याल, २०७१:१२२) ।

यस जातिमा व्यक्तिको नामको पछाडि जाति उल्लेख गर्ने चलन रहेको छ । तर छन्त्यालभित्र भने १२ वटा थरहरु रहेका छन । जसले एक समूहलाई अर्कोसँग छुट्याउन भिन्न कुल वा समू ह भएको पहिचान दिन्छ । यस जातिका थरहरुमा घरब्जा, तथप्जा, भलञ्जा, पोत्लाङ्गे, पुराने, डाँडामारे, घ्याप्चन, सिङ्गे, घर्ति, झिङराजा, खड्का र बुढाथोकि रहेका छन । यी थरमध्ये आफ्नो थरबाहेक अन्य थरसँग परम्परागत रुपमा वैवाहिक सम्बन्ध कायम हुन्छ । अध्ययन क्षेत्रमा कुइनेखानीमा हाल घरब्जा, भलञ्जा, घ्याप्चन, बुढाथोकी, घर्ती र पुराने थरका छन्त्यालको बसोबास छ । वैवाहिक सम्बन्ध यी थरहरुभित्र र अन्य थरका लागि अन्य छन्त्याल गाँउ जोडिएको छ ।

यो जाति समुदायको आफ्नै भाषा रहेको छ । जुन भाषालाई छन्त्याल खाम भाषा भनिन्छ । यो भाषाको वंशगत साइनो भोट-बर्मेली परिवारसँग छ (छन्त्याल, २०७१:४०) । यो भाषा धेरै हद सम्म थकाली, तामाङ र गुरुङ जातिसँग मेल खान्छ । थोरै मात्रामा भने केही शब्दहरु मगर र नेवारी भाषासँग समेत मिल्न जान्छ । कुल जनसंख्यामा केवल भाषा वक्ता ४२८३ जना मात्र रहेका छन् (केतवि, २०६८) ।

यस अध्ययन क्षेत्रका छन्त्याल र विश्वकर्मा दुवै जातिले दैनिक जीवनमा छन्त्याल खाम भाषाको प्रयोग गर्ने गर्दछन । अन्य स्थानका व्यक्तिहरुसँग भने सम्पर्क भाषाको रुपमा नेपाली भाषा प्रयोग गर्दछन । यस क्षेत्रमा बसोबास गर्ने दलित समुदाय अन्तर्गतका विश्वकर्मा जातिहरुले पनि छन्त्याल खाम भाषा बुझ्ने र बोल्ने गरेतापनि उनीहरुले नेपाली भाषालाई नै प्राथमिकता दिने गरेको पाईन्छ । त्यसैगरी विद्यालयमा नेपाली भाषाका माध्यमबाट नै पठनपाठन हुने गर्दछ । राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा छन्त्याल खाम भाषा बोल्नेको संख्या ४२८३ रहेको छ भने म्याग्दी जिल्लामा मात्र १०६९ रहेको छ । साविकको कुईनेमँगले गा.वि.स.मा छन्त्याल खाम भाषा बोल्नेको संख्या ८३७ रहेको छ । यस क्षेत्रमा छन्त्याल खाम सहित नेपाली र अन्य भाषा रहेको तथ्यांकमा देखिन्छ

। तथ्यांकअनुसार साविक कुइनेमंगले गाविसमा बोलिने भाषा र वक्ताको संख्या निम्नानुसार रहेको छ ।

तालिका नं. ५ साविक कुइनेमंगले गाविसमा बोलिने भाषा र वक्ताको संख्या

| क.सं. | भाषा | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ३०२ | १५१ | १५१ | |
| २ | छन्त्य ाल | ४६८ | २२१ | २४७ | |
| ३ | खाम | ३६९ | १६९ | २०० | |
| ४ | अन्य | ५ | ४ | १ | |
| | जम्मा | ११४४ | ५४५ | ५९९ | |

(स्रोतः राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०६८)

छन्त्यालको पृथक परम्परागत संस्कार र संस्कृति छन । यस जातिको संस्कारमा धुप गर्ने (न्वारन), भात खुवाइ (पास्नी), पुतपुराऊ, छेवर (बालक), गुन्युचोलि दिने -बालिका), विवाह, मृत्यसंस्कार आदि पर्दछन । यी जातिहरुको आफ्नै भेषभुषा रहेका छन । पुरुषले सुतीको भोटो र फेटा, चौबन्दी, धोती, काजबन्दी र हातले बुनेको पटुका, भेडाको उनबाट बनेका हरदुला, बाखाबो ऊनबाट बनेको घुम, टोबे लगाउँछन । महिलाहरु घलेक, छिटको गुन्यू मजेत्रो, चोलो, पटुकी, टिका लगाउछन । वर्तमानमा भने यी परम्परागत भेषभुषामा भने परिवर्तन आएको छ (छन्त्याल, २०६९:७८ र सुनार, २०६६:४१) ।

छन्त्यालले वायु, भुमि, पानीको मुल, खानी, कुलदेवता आदिको पुजाआजा गर्ने चलन छ । यी जातिहरुले विशेषतः माघे संक्रान्ति र साउने संक्रान्ति, भुमेपुजा, कुलपुजा लगायतका चाडपर्वहरु मान्दै आएका छन । साथै उनीहरुले दसै, तिहार, तीज, बुद्धपूर्णिमा आदि पर्वहरु पनि मनाउने गर्छन ।

छन्त्याल जातिको उत्पत्ती/व्युत्पतीका बारेमा कुनै पनि स्पष्ट सामाग्रिहरु पाउन सकिएको छैन । तथापी विभिन्न समयमा विभिन्न अध्ययनकर्ताहरुले यो समुदायका बारेमा केहि सोध अध्ययन गरेको पाईन्छ । छन्त्याल शब्दको प्रयोगको सन्दर्भमा गोविन्द छन्त्याल (२०७१:८) का अनुसार विभिन्न समयमा अध्ययन गर्ने अध्येताहरुले छन्त्याल, छंतेल, छन्तेल, छन्यल, चन्तेल, चँतेल र चन्त्याल शब्दहरु छन्त्याल जातिको सन्दर्भमा प्रयोग गरेका छन भनी उल्लेख गरेका छन । नेपाल बृहत शब्दकोष (२०६७:४१८) मा छन्तेल–नेपालको विशेषगरी धौलागिरि अञ्चलमा बसोबास गर्ने एक जाति भनी व्याख्या गरिएको छ ।

शब्दकोषमा छन्तेल लेखिए पनि वर्तमानमा छन्त्याल समुदायका व्यक्तिहरुले छन्तेलको सट्टामा छन्त्याल लेख्ने गर्छन (छन्त्याल, २०७१:८) ।

मोहन बहादुर मल्ल (२०३३) का अनुसार धौल्यात्रीका राजा विक्रम शाही तथा सिंजाका राजा झप्पनका बिच युद्ध हुदाँ चन तथा छत्याल ठकुरीले झप्पनलाई सघाएको भएतापनि युद्धमा विक्रम शाहीको विजय हुदाँ पूर्व रीसका कारण ती चन र छत्यालको जनै चुडाली (जात पतित) कमार र कमारी बनाउन खोज्दा चनहरु भागेर थाकखोलामा र छत्यालहरु पर्वत (पर्वतराज्य) को पश्चिमी भागमा आइ खानी खन्ने काम गरेर पर्वते राजालाई ठूलो सहयोग गरेका कुरा उल्लेख गरेका छन । तर यस जातिले व्यक्तिगत र समुदायगत तहमा आफुहरु कुनै ठकुरी वंशको नभएको, तत्कालिन अवस्थामा सामाजिक संरचना अनुसार उचो जाति देखाउनको लागि कुनै व्यक्ति वा समुहले ठंकुरी भएको जनाएका हुन सक्छन । तर त्यसमा कुनै सत्यता छैन । हाम्रा शारिरीक बनावट, भाषा, संस्कार र संस्कृति मौलिक एवं भिन्न रहेको छ बुढापाका बताउछन (मल्ल, २०३३:५३) ।

शास्त्रदत्त पन्त (१९९७) का अनुसार छन्त्याल जाति कर्णालिको सिंजाबाट आएका ठकुरीहरु हुन । धौलाश्रीका विक्रम सिंह र सिंजाका झप्पन विच युद्ध हुदाँ छन्त्यालहरुले झप्पनलाई सहयोग गरेका थिए त्यसकारण उनीहरुलाई झप्पनले त्यही बस्न दिएका थिए । केही समय पछि उनीहरु विच पुनः युद्ध भयो र यस समयमा झप्पनलाई विक्रमसिंहले पराजित गरेका थिए । झप्पनलाई सहयोग गरेको भन्दै छन्त्यालहरुलाई विक्रमसिंहले सजाय दिन थाले जसले गर्दा उनीहरु आफ्नो ज्यान जोगाउनका लागि दुर्गम स्थानमा जान थाले त्यही सिलसिलामा उनीहरु बागलुङ र म्याग्दी जिल्लाका दुर्गम स्थानमा आएको बसोबास गर्न थालेका हुन (पन्त,२०५३:३२) ।

दिल बहादुर छन्त्याल (२०५५) ले उल्लेख गर्दै लेख्छन्, डा. माईकल नुनानल, विलियम पाग्लीका, आम्दोसाल जस्ता विदेशी विद्धान तथा विदुषीहरुका अनुसार छन्त्याल जातिहरु आजभन्दा १५०० वर्ष अघि तिब्बतबाट नेपालको हिमाली भागमा प्रवेश गरेका र उनीहरुलाई नेपालमा राजाबाट खानी खन्ने लालमोहर पाएपछि खानी विशेषज्ञको रुपमा फिरन्ते जीवन विताउदै सुदुरपश्चिम देखि पश्चिमाञ्चल सम्म काम गरेका थिए भनेका छन (छन्त्याल, २०५५:६) ।

गोविन्द छन्त्याल (२०७१:१०) का अनुसार छन्त्याल जातिको मौखिक इतिहास छ्यान्टुङ भन्ने इलाका/क्षेत्रले महत्वपूर्ण स्थान राख्दछ । छन्त्याल जातिको ऐतिहासिक पहिचान निर्माणका लागि छ्यान्टुङलाई ऐतिहासिक प्राचीन थलोका रुपमा लिईन्छ । छ्यान्टुङ इलाका/क्षेत्र हाल बागलुङ र म्याग्दीको उत्तर-पश्चिम सिमाना नजिक पर्दछ । जुन बागलुङमै पर्छ । हाल त्यहाँ दलित, नौथर, तिब्बत र चिनबीच युद्ध हुँदा विस्थापित भएका तिब्बति मूलका मानिसहरुको बसोबास रहेको छ । कुनै पनि छन्त्यालहरुको बसोबास अहिले त्यस ठाउँमा भने छैन । यसमा लेखकले छ्यान्टुङ छन्त्याल जातिको ऐतिहासिक थलो भएको र इतिहास पनि जोडिएको विषयलाई जोड दिएका छन् ।

उत्पत्ति र पहिचानको विषयमा गोविन्द छन्त्यालका अनुसार छन्त्याल जातिको उत्पत्ति र पहिचान निर्माणका सन्दर्भमा मूलतः दुईवटा कोणहरुबाट भनाइहरु बाहिर आएका छन । इतिहासको कुनै कालखण्डमा छन्त्यालहरुका पुर्खा-अग्रह 'ठकुरी' वंशका थिए, त्यसैले छन्त्यालहरु ठकुरी वंशका सन्तान हुन् । अर्को भनाइअनुसार छन्त्यालहरुको शारीरिक बनोट, सामाजिक-साँस्कृतिक, भाषिक मूल्य-मान्यता र अभ्यासहरु ठकुरीहरुसँग केही पनि नमिल्ने तर नेपालका अधिकांश मंगोलियन समुदायसँग मिल्ने भएकाले छन्त्यालहरु मंगोलियन नश्ल-वंशका सन्तान भएको दाबी गरिन्छ (छन्त्याल,२०७१:३) ।

याम बहादुर पुनका अनुसार एउटा समूह छ्यान्टुङ र अर्को समूह मुस्ताङबाट आए र म्याग्दीको मल्कबाङ र मलम्पार क्षेत्रमा सह-बसोबास गर्न थाले । जसलाई छन्त्याल गाउँ भनिन्छ । मुस्ताङ को ठिनीबाट आएकाहरुले भाषा बोल्ने गर्दथे र कालान्तरमा त्यहि भाषा नै छन्त्याल भाषाको नामबाट परिचित हुन पुग्यो । लेखकले छन्त्याल जातिको आगमनलाई विशेष जोड दिएका छन् (पुन,२०६८:६) ।


यसरी छन्त्याल समूदायको इतिहासबारे विभिन्न अध्ययनकर्ताले आ-आफ्ना मतहरु राखेका छन् । तथापि उत्पतिको इतिहासबारे पुराना तथ्यहरु भने पाउन सकिएको छैन । यस अध्ययन क्षेत्रमा केहि ताम्रापत्र भए पनि त्यसमा लेखिएको भाषा सहजै बुझ्न भने सकिदैन । स्थानीयको भनाइ अनुसार ती ताम्रापत्र मल्कबाङ र कुइनेखानी गाँउको बीचमा भेडा चराउने चरन क्षेत्रबारे भएको झगडाको मिलापत्र स्वरुप राज्यले दिएको थियो ।

## ४.३. छन्त्याल समूदायको सामाजिक सम्पर्क

यस जातिको मुख्य पेशा खानी खन्ने रहेको थियो । छन्त्यालहरुको इतिहास मुख्यतया तामाखानीसँग जोडिएको पाईन्छ । खानी पेसा प्राचीन समयदेखि वि.सं. १९८१ सम्म सञ्चालन गरेको देखिन्छ । छन्त्यालहरुको मुख्य बसोबास रहेका स्थानहरुलाई नेपालको ईतिहासमा उपल्लो बाईसखानी भन्ने गरिएको छ । छन्त्याल जातिहरुको बाहुल्यता रहेका स्थानहरुमा उनीहरुको स्थानको पछाडि खानी शब्द जोडिएको छ । गुर्जाखानी, मच्छिमखानी, देउरालीखानी, कुईनेखानी, मँगलेखानी, लेखानी, तमानखानी आदि । यी जाति समुदायलाई त्यस वखतमा वैज्ञानिक पनि भन्ने गरिन्थ्यो । उनीहरुले माटोको सुगन्ध, रंग, स्वादका आधारमा खानी पत्ता लगाउने गर्दथे भन्ने भनाइ रहेको छ । वि.सं. १९८१ मा खानी खन्न बन्द भएपछि उनीहरुले कृषि, पशुपालन लगायतका वैकल्पिक पेशा अँगालेर बसोबास गर्न थाले । विशेष गरी धौलागिरीका उपल्लो बाईस खानीमा उनीहरुले खानी खन्ने काम गरे भने खानीबाट निस्केका धाउहरुलाई आफैले आँफर लगाउने देखि प्रशोधन सम्मका काम गरेको भएता पनि दलितका थरहरुमध्ये विशेष गरी विश्वकर्माहरु पनि खानीको काममा १५/१६ औँ शताब्दीबाट संलग्न भएका थिए । विश्वकर्माहरुले तामाको धाउलाई आफर लगाउन सहयोग गर्थे । उनीहरुले खानी बन्द हुदाँसम्मै काम गरेका थिए । यसरी विश्वकर्माहरु पनि खानीको जनशक्ति भएका थिए (छन्त्याल,२०७१:१०२) ।

विशेषतः तामा व्यापारीको रुपमा रहेका थकालीहरुलाई बेचिन्थ्यो । उनीहरुले नै अन्य विभिन्न ठाउँमा लैजाने र विक्री गर्ने गर्थे (छन्त्याल,२०७१:१०६)। यसरी हेर्दा छन्त्याल जातिहरुले जीविकोपार्जनका रुपमा खानी खन्ने क्रममा दलितका थरहरु मध्येका विश्वकर्मा र थकाली जातिसँग सहकार्य गरेको पृष्टि हुन्छ, यसको पृष्टिका लागि छन्त्याल समुदायको बसोबास रहेका गाउँहरुमा जादाँ भेट्न सकिन्छ । हाल पनि छन्त्याल समुदायको बसोबास रहेको स्थानमा विश्वकर्मा र थकालीहरुको बसोबास रहेको छ भलै थकालीहरु धेरै मात्रामा बसाईसराई गरी गएको भएता पनि । हाल उनीहरुको नजिकै बसोबास गर्ने मगर, ब्राह्मण, क्षत्री जातिसँग पनि सुमधुर सम्बन्ध रहेको पाउन सकिन्छ भने मगरसँग केहि हदसम्म उनीहरुको संस्कारगत र साँस्कृतिक सम्बन्ध रहेको पाउन सकिन्छ भने संस्कारगत रुपमा उनीहरु थकाली समुदायसँग नजिक रहेको पाउन सकिन्छ ।

चित्र नं. २ छन्त्याल समूदायको सामाजिक सम्पर्क



# अध्याय : पाँच

# छन्त्याल समूदायमा प्रचलित विवाह संस्कार र विवाहका प्रक्रिया

## ५.१ छन्त्याल समूदायमा प्रचलित विवाहको प्रकार

नेपालका विभिन्न जातजाति मध्ये छन्त्याल जाति पनि एउटा हो । छन्त्यालको आफ्नै संस्कार र सँस्कृति रहेका छन । जसले गर्दा उनीहरुलाई अरु जातीय समुदाय भन्दा फरक रहेको पुष्टि गर्दछ । जसमध्येको एक हो विवाह प्रक्रिया । हरेक समुदायमा विवाहको स्वरुप एकै भएता पनि उनीहरुले अबलम्बन गर्ने विधि/विधान वा प्रक्रियामा भने भिन्नता रहेका पाउन सकिन्छ । यस छन्त्याल जातिको पनि विवाह संस्कारमा आफ्नै विधि/विधान वा प्रक्रिया रहेको छ । छन्त्याल जातिको विवाहका सम्बन्धमा विभिन्न समयमा अध्यनकर्ताहरुले पातलो अध्ययन गरेका छन ।

मानव सभ्यताको विकास क्रमसँगै आएको विवाह संस्कार विश्वव्यापी रुपमा रहेको सामाजिक संस्था हो । यौनलाई व्यवस्थित र नियन्त्रण गर्दै बालबच्चा जन्माउनका लागि समाजबाट प्राप्त स्विकृत कार्य नै विवाह हो । सोही मान्यतालाई यस अध्ययन क्षेत्रका लक्षित वर्गहरुले पनि  स्वीकार गरेको पाउन सकिन्छ । उनीहरुमा विवाह भन्नाले यौन क्रियाकलापलाई नियन्त्रण गर्ने र सन्तान वृद्धिसँगै वंश, सम्पत्ति हस्तान्तरण, परम्परालाई अगाडि बढाउने प्रक्रिया भएको बुझाइ छ ।

विवाह मानव जीवनको एक महत्वपूर्ण अंश पनि हो र मानव जातिमा सर्वव्यापक पनि छ । भूगोल, जाति, धर्म, कानुन र परम्परागत चलन अनुसार विवाह विभिन्न प्रकारको हुन्छ । समय क्रम अनुसार विवाहको प्रकार, विधि र प्रक्रियमा परिमार्जन र परिवर्तन हुन्छ । छन्त्याल जातिले परम्परागत विवाहमा विश्वास गर्दछन । छन्त्याल जातिमा परम्परा अनुसार सामान्यतया भागी विवाह र मागी विवाह चलनमा छ । पत्नीको संख्याको आधारमा एकल विवाह र बहुविवाह रहेको छ । त्यस्तै, जातीय आधारमा सजातीय र अन्तरजातीय विवाह गर्ने चलन छ । त्यसबाहेक नातागत विवाह पनि प्रचलनमा छ । जस अन्तर्गत मामाचेली र फुपूचेला एवं मामाचेला र फुपूचेली बीच विवाह गर्ने चलन छ ।

अध्ययन क्षेत्रको ३० घरधुरीबाट प्रति घरधुरी एक जनालाई अध्ययनमा समावेश गरिएको छ । त्यसैले प्रति घरधुरी एकजनाका दरले जम्मा ३० जनालाई नमुनाको रुपमा

छनौट भएका छन् । त्यसैले छन्त्याल जातिमा चलनमा रहेको विवाहको प्रकारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१.१. मागी विवाह

छन्त्याल जातिमा सामाजिक रुपमा र व्यवस्थापनको दृष्टिले सबैभन्दा प्रचलित परम्परागत विवाह मागी विवाह हो । यस किसिमको विवाहमा केटा पक्षले नातेदार वा छिमेकीद्धारा केटी पक्ष कहाँ गएर अनौपचारिक रुपमा विवाहको प्रस्ताव राख्छन । यदी केटी र बा आमाको सहमति भएमा सोहि दिन वा दुवै पक्ष मिलेर निर्धारण गरिएको दिन वा त्यसपछिको कुनै पनि दिन केटा पक्ष गएर केटीको घर वा केटीको छिमेकीको घर वा अन्य मेला जात्रा वा घाँस दाउरा गर्दा सोहि स्थानबाट दुलही ल्याउने चलन छ । दुलही ल्याउदा केटी पक्षमा कुनै औपाचारिक विधि र प्रक्रिया गरिदैन । केटी पक्षलाई छोरीको विवाह हुदै छ भन्ने जानकारी हुन्छ । केटा पक्षको प्रस्तावमा केटी र बा आमाको असहमति छ भने विवाह हुदैन ।

केटाले दुलही घरमा ल्याए पछि मात्र विवाहका अन्य प्रक्रियाहरु आरम्भ हुन्छ । हिन्दु धर्म संस्कार अनुसार विवाहको दिन केटी पक्षको घरमा विवाह मण्डप बनाएर पण्डितद्धारा मन्त्र पाठ गर्ने र सिन्दुर हाल्ने जस्ता क्रियाकलाप मागी विवाह भए पनि कुइनेखानीको छन्त्याल जातिमा चलन छैन । त्यहाँ शत प्रतिशत अर्थात २१ जना विवाहित जोडीको विवाह छन्त्याल चलन अनुसार नै भएको हो ।

अध्ययन क्षेत्रका नमुना छनौटमा परेका ३० विवाहित जोडी मध्ये २१ (७० प्रतिशत) जोडीले मागी विवाह गरेका छन् । सबै जोडीले केटा पक्षले दुलही घरमा ल्याए पछिमात्र विवाहको अन्य प्रक्रिया सोधनी जाने, रक्सी लाउने, माइटी भेट्ने आदि कार्यको आरम्भ गरेका थिए ।

छन्त्यालमा यदी केटा र केटी विवाह अगाडि नै माया प्रेमको सम्बन्धमा छन भने आमा बा वा नातेदार छिमेकीद्धारा केटी पक्षसँग केटा पक्ष गएर अनौपचारिक रुपमा विवाहको प्रस्ताव गरी मागी विवाह गर्ने चलन पनि छ । त्यसैले मागी विवाहमा सहमति र प्रेम मिश्रण भएको पनि देखिन्छ । यसरी विवाह गर्ने जोडी संख्या ८ रहेको छ ।

**तालिका नं. ६ : प्रचलित विवाह प्रकार अनुसार विवाह गर्नेको संख्या**

| मागि | | भागि | | जम्मा | | शुद्ध मागी | | प्रेम सहित मागी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २१ | ७० | ९ | ३० | ३० | १०० | १३ | ६१.९० | ८ | ३८.१० | २१ | १०० |

(स्रोत: स्थलगत अध्ययन-२०७४)

## ५.१.२. भागी विवाह

छन्त्याल जाति परम्परागत अर्को विवाह भागी विवाह हो । पहिलो, केटा पक्ष केटी पक्ष कहाँ गएर विवाहको प्रस्ताव राख्दा केटीले प्रस्ताव स्वीकार गर्ने तर बा आमाले स्वीकार नगर्ने अवस्थामा केटा र केटी एक आपसमा मिलेर भागी विवाह गर्छन । दाश्रो, केटा र केटी बीच माया र प्रेम सम्बन्ध छ । तर विवाहको लागि परिवारले स्वीकृति नदिएको अवस्थामा पनि भागी विवाह हुन्छ । भागी विवाहमा अन्तिम निर्णय वा सहमति केटा र केटी बीचको हुन्छ । तेश्रो, परिवारले सहमति दिए पनि केटाले दुलही लैजादाको अवस्थमा परिवारलाई जानकारी निदिइ लग्यो भने पनि भागी विवाह हुन्छ । यो भागी विवाह वर्तमान अवस्थमा प्रेम विवाहसँग मिल्दो देखिन्छ ।

अध्ययन क्षेत्रका ३० विवाहित जोडीलाई कुन किसिमको विवाह गर्नु भएको थियो भनी साधिएको प्रश्नमा ९ जोडी (३० प्रतिशत) ले भागी विवाह गरेको उत्तर दिएका थिए । त्यसैले छन्त्याल जातिमा अर्को प्रचलित विवाह भागी विवाह हो । वर्तमान समयमा भने भागी विवाह भन्ने शब्दको सट्टामा प्रेम विवाह शब्द प्रयोगमा आएको छ ।

## ५.१.३ चोरी विवाह

वर्तमानमा छन्त्याल जातिमा चोरी विवाह गर्ने चलन छैन । तर केहि अध्ययन कर्ताले भने यो विवाहलाई उल्लेख गरेको पाइन्छ । स्थानीय जानकारका अनुसार विगतमा नातागत विवाह अन्तर्गत (मामा चेली र फूपु चेला तथा फुपूचेली र मामा चेला) को विवाह गर्ने चलन थियो र छ । उक्त चलन अनुसार केटीको अस्वीकृती र बा आमाको स्वीकृति भएमा, केटाले केटीलाई मन पराएमा र नातागत सम्बन्ध भएमा केटीको परिवारलाई जानकारी दिएर वा नदिएर कुनै मेला पर्व, घाँस, दाउरा, वनपात गएको बेलामा दुलही

लैजानुलाई चोरी विवाह भनिन्छ । पहिलो, यस विवाहमा केटा पक्षको निर्णय बढी हुन्छ । दोश्रो, नातागत सम्बन्ध रहेको हुन्छ । तेश्रो, केटीलाई विवाह गर्न वाध्य बनाउन सकिने संभावना बढी हुन्छ । चौथो, केटाले केटीको हात समाएर जानको लागि अनुरोध गर्न वा दबाब दिन सक्छ ।

यस प्रकारको विवाहलाई केहि अध्ययनकर्ताले लतार्ने/हात हाल्ने/छोप्ने विवाह भनेका छन् । अध्ययन क्षेत्रमा चोरी विवाह गरेका जोडी छैनन् । चोरी विवाह चलन नातागत विवाहमा बढी हुन्छ । त्यसैले सिन्कीलाई पकाउनु पर्दैन, मामा र फुपुको छोरीलाई फकाउनु पर्दैन भन्ने उखान छ ।

**तालिका नं. ७ : चोरी विवाह सन्दर्भमा प्राप्त धारणा**

| चोरी विवाह प्रचलनमा थियो वा थिएन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| थियो/छ | | थिएन/छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३ | २९ | ९७ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

चोरी विवाहका सन्दर्भमा छन्त्याल जातिमा चोरी विवाहको चलन थियो/छ वा थिएन/छैन भन्ने प्रश्न सोधिएको थियो । जसमा चोरी विवाह थिएन र छैन भन्ने उत्तरदाता ९७ प्रतिशत र थियो र छ भन्ने उत्तरदाता ३ प्रतिशत रहेको छ । यसरी हेर्दा थिएन भन्ने पक्ष बढि देखिन्छ जसले यस समूदायमा चोरी विवाह गर्ने चलन नभएको थाहा हुन्छ ।

## ५.२. जातीय आधारमा विवाह

छन्त्याल समूदायमा विशेषतः आफ्नै जातिमा विवाह गर्ने प्रचलन रहेकोछ । यस समूदायमा रहेका १२ थर मध्ये आफ्नो थर भन्दा बाहेकका अन्य ११ थरसँग विवाह हुन्छ । यसरी हेर्दा छन्त्याल समूदायमा जातीय आधारमा दुई प्रकारको विवाह रहेकोछ । जसमा सजातीय र अन्तर जातीय विवाह रहेकाछन । जातीय आधारमा गरिने विवाह सम्बन्धमा उत्तरदाताबाट प्राप्त धारणा निम्नानुसार रहेकोछ ।

**तालिका नं. ८ : जातीय आधारमा विवाह गर्नेको संख्या**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजातीय विवाह | ३० | १०० |
| २ | अन्तरजातीय विवाह | ० | ० |
| | जम्मा | ३० | १००.०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

### ५.२.१. सजातीय विवाह

छन्त्याल समूदायमा सजातीय विवाह भन्नाले छन्त्याल जाति भित्रको १२ वटा थरमध्ये आफ्नो थर र अन्य ११ वटा थर बीचमा हुने वैवाहिक सम्बन्ध हो । छन्त्याल जातिमा परम्परागत मुल्य र मान्यता अनुसार नै सजातीय विवाह हुदै आएको छ । अध्ययनमा समावेश उत्तरदाताहरु शत प्रतिशत अर्थात ३० जनाले नै सजातीय विवाह गरेका छन । यसबाट अध्ययन क्षेत्रको छन्त्यालमा अझै पनि सजातीय विवाहको प्रचलन छ भन्ने प्रष्ट हुन्छ ।

### ५.२.२. अन्तर जातीय विवाह

छन्त्याल जातिबाहेक अन्य जुनसुकै गैह्र छन्त्याल जात जातिसँग हुने विवाहलाई अन्तर जातीय विवाह भनिन्छ । अध्ययन क्षेत्रमा अन्तर जातीय विवाह भएको जोडी छैनन् । स्थानीय जानकारका अनुसार विभिन्न कारणले पुर्ख्यौली थातथलो कुइनेखानी छोडेर बेनी, बुटवल, दाङ, पोखरा र काठमाण्डौं आदि स्थानमा बसोबास गर्ने छन्त्यालहरुले भने अन्तर जातीय विवाह गरेका छन् । यस जातिले छन्त्याल केटाले गैह्र छन्त्याल केटी र छन्त्याल केटीले गैह्र छन्त्याल केटासँग विवाह गरेमा दुवैलाई अन्तर जातीय विवाह मान्छन् । शिक्षा, यातायात, रोजगारी, सूचना प्रविधिको विकास, बसाइँ सराइँ आदिले गर्दा अन्तर जातीय विवाह बढ्दै जान थालेको जानकार बताउँछन् । त्यसैले सजातीय विवाह मात्र नभएर अन्तर जातीय विवाह पनि हुन थालेको छ ।

### ५.३. संख्याको आधारमा विवाह

छन्त्याल समूदायमा प्रचलित विवाहका बारेमा अध्ययन गर्दा पत्निको संख्याका आधारमा प्रचलित विवाहलाई विभाजन गरेको पाउन सकिन्छ । यस समूदायमा मुख्यतया पत्निको संख्याका आधारमा एकल र बहु (पत्नि) विवाह रहेकोछ । संख्याका आधारमा विवाहका गरेका उत्तरदाताहरुको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. ९ :संख्याको आधारमा विवाह गर्नेको संख्या**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल विवाह | २८ | ९३.३३ |
| २ | बहु (पत्नी) विवाह | २ | ६.६७ |
| | जम्मा | ३० | १००.०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

### ५.३.१. एकल विवाह

छन्त्यालमा पत्नीको संख्याको आधारमा एकल र बहु विवाह चलन रहेको छ । एकल विवाहमा एक जना पुरुष छन्त्यालले एक जना महिलासँग गरिने विवाहलाई जनाउँछ । अध्ययन क्षेत्रका छन्त्यालमा एकल विवाह चलन रहेको छ । कुल विवाहित जोडी मध्ये २८ जोडी (९३.३३ प्रतिशत) ले एकल विवाह गरेका छन् । छन्त्यालले एकल विवाहलाई प्राथमिकता दिन्छन । साथै परम्परागत रुपमा सोहि विवाह कायम रहेको छ ।

### ५.३.२ बहुपत्नी विवाह

यस जातिमा एक जना छन्त्याल पुरुषले दुई वा सोभन्दा बढी महिलासँग गरिने विवाहलाई बहुपत्नी विवाह भनिन्छ । सामान्यतया यस जातिमा बहुपत्नी विवाह गर्ने चलन छ । तथापि बहुपत्नी विवाह गर्नुको विभिन्न कारण रहेका छन् । स्थानीय जानकारका अनुसार पहिलो पत्नी बाहेक अन्य महिलासँग माया प्रेम भएर विवाह गर्नुपर्ने भएमा, हिन्दु धर्मको प्रभावको कारण पहिलो पत्नीबाट छोरा नभएर छोरा अनिवार्य हुनुपर्छ भन्ने भएमा र पहिलो पत्नीबाट सन्तान नभएमा बहुपत्नी विवाह गर्ने गर्छन । अध्ययन क्षेत्रमा बहुपत्नी विवाह गर्ने २ वटा (६.६७ प्रतिशत) जोडी छन् । ती दुई विवाहित जोडी माया प्रेम भएको कारणले बहुपत्नी विवाह गरेका हुन ।

**तालिका नं. १० :बहु विवाह सम्बन्धमा प्राप्त धारणा**

| बहु विवाह प्रचलनमा छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ८ | २६.६७ | २२ | ७३.३३ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

बहुपत्नी विवाहको सन्दर्भमा सोधिएको प्रश्नमा ७३.३३ प्रतिशत उत्तरदाताले बहुपत्नी विवाहको चलन छैन भनेका छन । त्यसैगरी २६.६७ प्रतिशत उत्तरदाताले छ भनेका छन । यी बहुपत्नी विवाहको चलन छ भन्ने उत्तर र अध्ययन क्षेत्रमा २ वटा विवाहित जोडी बहुपत्नी विवाह गरेको रहेकाले यस जातिमा केहि भएपनि बहुपत्नी विवाह छ भन्न सकिन्छ । तर कानुनले भने बहुपत्नी विवाहलाई दण्डनीय भनेको छ ।

## ५.४ नातागत विवाह

नेपालका छन्त्याल जातिमा नातागत विवाह प्रचलनमा रहेको छ । नातागत विवाहले मामाको छोरा र फुपूको छोरी तथा मामाको छोरी र फुपूको छोरा बीचको विवाहलाई जनाउँछ । यस अध्ययन क्षेत्रका छन्त्यालमा पनि उक्त नातागत विवाह चलनमा रहेको छ । यस समूदायमा नातागत विवाहका साथै नाता भन्दा बाहिर पनि विवाह गर्ने प्रचलन रहेको छ । नातागत वा बाहिर विवाह गर्ने उत्तरदाताहरुको विवारणलाई यस प्रकार प्रस्तुत गरिएकोछ ।

**तालिका नं. ११ : नातागत विवाह गर्नेको संख्या**

| क्र.सं. | नाता/साईनो | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मामाचेली र फुपूचेला | १६ | ५३.३३ |
| २ | मामाचेला र फुपूचेली | १३ | ४३.३३ |
| ३ | नाता भन्दा बाहिर | १ | ३.३३ |
| | जम्मा | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

अध्ययनमा समावेश जोडीमध्ये पुरुषलाई तपाईले कुन नातामा विवाह गर्नुभएको हो भनी सोधिएको प्रश्नमा मामाको छोरी विवाह गरेका भन्ने १६ जना (५३.३३ प्रतिशत) छन् । त्यसैगरी  फुपूको छोरी विवाह गर्ने १३ जना (४३.३३ प्रतिशत) छन । नाताभन्दा बाहिर पर्ने विवाह गर्ने पुरुष जम्मा १ जना (३.३३ प्रतिशत) छन । माथि उल्लेखित तथ्याङ्क अनुसार आफ्नो नातामा विवाह गर्ने जोडी २९ वटा (९६.६६ प्रतिशत) रहेका छन । यसबाट के प्रस्ट हुन्छ भने यस जातिमा अझै पनि नाताभित्र नै विवाह गर्ने चलन छ ।

## ५.५. छन्त्याल समूदायमा प्रचलित अन्य विवाहहरु

छन्त्याल समूदायमा प्रचलित विवाहका अन्य प्रारुपहरु निम्नानुसार रहेको पाउन सकिन्छ । जस अनुसार यस समूदायमा प्रेम विवाह, अदालती विवाह, विधुर/विधुवा विवाह रहेका छन । यस सम्बन्धमा प्राप्त नतिजाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.५.१. प्रेम विवाह

छन्त्याल केटा केटी बीच मायामोह र प्रेम सम्बन्धले गर्दा दुवैको सहमतिमा घरपरिवारलाई जानकारी गराइ वा नगराइ गरिने विवाहलाई प्रेम विवाह भनिन्छ । प्रेम विवाहमा केटा र केटीको निर्णय अन्तिम हुन्छ । छन्त्याल जातिमा यस किसिमको विवाह मागी र भागी विवाहमा पर्छ । परिवारलाई जानकारी दिइ केटी पक्षसँग माग्न गएर विवाह गरिएमा मागी विवाह र जानकारी नदिइ विवाह गरेमा भागी विवाह भनिन्छ । प्रेम विवाह वर्तमान समयमा बढी प्रचलित रहेको छ । प्रेम विवाह सम्बन्धी गरिएको छलफलका अनुसार उत्तरदाताहरु मध्येका निम्नानुसारका उत्तरदाताहरुले प्रेम सहित मागि र प्रेम विवाह गरेका थिए । विशेषतः प्रेम विवाहमा भागी विवाह गर्ने गरिन्छ भने प्रेम सहित मागी विवाह पनि यस स्थानमा प्रचलनमा रहेकोछ ।

**तालिका नं. १२ : प्रेम विवाह गर्नेको संख्या**

| प्रेम सहितको भागी विवाह | | प्रेम सहित मागी विवाह | | जम्मा | |
|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ९ | ५२.९४ | ८ | ४७.०६ | १७ | १००.०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

अध्ययन क्षेत्रमा प्रेम विवाहको प्रचलनका सम्बन्धमा गरिएको छलफल अनुसार यस स्थानमा जम्मा १७ जनाले विवाह गरेकाछन । जसमध्ये प्रेम पश्चात केटाकेटीको सहमतिमा भागेर विवाह गर्ने ९ (५२.९४ प्रतिशत) र प्रेम पश्चात मागेर विवाह गर्नेको संख्या ८ ( ४७.०६ प्रतिशत) रहेको छ ।

### ५.५.२. अदालती विवाह

केटा र केटी बीचमा चित्त बुझ्के र सहमति भएमा आफ्नो प्रतिज्ञा सहित कानुन अनुसार अदालतमा गएर गरिने विवाहलाई अदालती विवाह भनिन्छ । यो विवाह अध्ययन क्षेत्रमा प्रचलन छैन । तथापि विदेश जानका लागि भने अदालती विवाह हुने गरेका स्थानीय जानकार बताउँछ । यस प्रकारको विवाह कुइनेबाट बसाइँ सराइ गरेका र सहरी क्षेत्रमा बसोबास गर्ने छन्त्यालमा हुने गरेको छ । तर अध्ययनको क्रममा भने सहरी क्षेत्रमा बस्ने छन्त्याललाई समावेश नगरिएकोले सो तथ्याङ्क उपलब्ध छैन ।

### ५.५.३. विधुवा/विधुर विवाह

स्थानीय जानकारका अनुसार छन्त्याल जातिमा विधुवा/विधुर विवाहको प्रचलन पनि रहेको छ । कुनै व्यक्तिको श्रीमान वा श्रीमतिको मृत्यु भएपछि यदि विवाह गर्ने उमेर र इच्छा छ भने पुनः विवाह गर्ने चलन छ । श्रीमानको मृत्यु भएको महिलाले विवाह गरेमा विधवा विवाह र श्रीमतिको मृत्यु भएको पुरुषले विवाह गरेमा विधुर विवाह भनिन्छ । विधुवा र विधुर, विधुवा र विवाह नगरेको पुरुष तथा विधुर र विवाह नगरेको महिला बीचमा इच्छा अनुसार विवाह हुन्छ । अध्ययन क्षेत्रमा भने विधवा र विधुर विवाह गरेको जोडी भने छैनन् । तथापि जानकारका अनुसार यस किसिमको विवाह चलनमा रहेको छ ।

**तालिका नं. १३ : विधुर/विधवा विवाह अभ्यास सम्बन्धी धारणा**

| विधुर/विधवा विवाह प्रचलनमा छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २५ | ८३.३३ | ५ | १६.६७ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

त्यसैले अध्ययनमा समावेश उत्तरदातालाई छन्त्याल जातिमा विधवा र विधुर विवाह गर्ने चलन छ कि छैन भनी सोधिएको प्रश्नमा छ भन्ने उत्तरदाता २५ जना अर्थात ८३.३३ प्रतिशत र छैन भन्ने उत्तर दाता ५ जना अर्थात १६.६७ प्रतिशत रहेको छ । यहाँ विरोधाभाष के देखिन्छ भने ८३.३३ प्रशितले विधवा वा विधुर विवाह गर्ने चलन छ भने पनि त्यस किसिमको विवाह गर्ने जोडी भने अध्ययनको क्रममा भेटिएनन् । यसबाट के थाहा हुन्छ भने पहिले यस समूदायमा विधुवा/विधुर विवाह गर्ने प्रचलन रहेको हुन सक्छ ।

स्थानीय जानकारका अनुसार यी माथि उल्लेखित विवाह बाहेक यदी कुनै पुरुषको कम उमेर हुदाँ नै उसको श्रीमतिको मृत्य भएमा साइनोमा साली पर्ने वा श्रीमतिको बहिनीलाई विवाह गर्ने चलन विगतमा भएको बताउँछन् । तर श्रीमति जीवित हुदाँ नै साली विवाह गर्न हुदैन भन्ने मान्यता रहेको छ ।

### ५.६ विवाहका अन्य पक्षहरु

समाजको एक आयाम विवाहका आफ्नै परम्परागत रुप रहेकाछन । विवाहको रुपसँगै विवाहका अन्य पक्षहरु पनि रहेकाछन । ति विवाहका अन्य पक्षहरुलाई यसरी प्रस्तुती गरिएकोछ ।

#### ५.६.१ सम्बन्ध विच्छेद/पारपाचुके

छन्त्यालमा सम्बन्ध विच्छेद/पारपाचुके हुने चलन छ । समुदायमा यो एक विशेष परिस्थिति हो । स्थानीय जानकार र उत्तरदाताका अनुसार पति र पत्नी बीचमा विभिन्न कारणले असमझदारीको अवस्था आएमा, पतिले पत्नीको दृष्टिमा सामाजिक र व्यक्तिगत तहको अस्वीकार्य कार्य गरेमा, पत्नीले पतिको दृष्टिमा सामाजिक र व्यक्तिगत तहको अस्वीकार्य कार्य गरेमा र पति पत्नीले छुटन चाहेमा सम्बन्ध विच्छेद गर्छन । यसै सन्दर्भमा सम्बन्धमा सम्बन्ध विच्छेद/पारपाचुके गर्ने चलन छ वा छैन भनेर सोधिएको प्रश्नमा निम्नानुसारको नतिजा प्राप्त भएकोछ ।

**तालिका नं. १४ : सम्बन्ध विच्छेद/पारपाचुके सम्बन्धी धारणा**

| सम्बन्ध विच्छेद/पारपाचुके प्रचलनमा छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १६ | ५३.३३ | १४ | ४६.६७ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

सम्बन्ध विच्छेदको प्रचलन रहेको छ वा छैन भन्ने प्रश्नमा छ भन्ने उत्तर १६ जनाले दिएका छन अर्थात ५३.३३ प्रतिशत र छैन भनी १४ जनाले उत्तर दिएकाछन अर्थात ४६.६७ प्रतिशत उत्तर प्राप्त भएको छ । यसरी हेर्दा यस समूदायमा पनि पारपचुके गर्ने प्रचलन

रहेको देखिन्छ । क्षेत्रगत अध्ययनको क्रममा भने अध्ययन क्षेत्रमा सम्बन्ध विच्छेद गरेका कुनै व्यक्ति वा जोडी पाइएन ।

### ५.६.२. दाइजो प्रथा

छन्त्यालमा विवाह गरेर जाने छोरीलाई दाइजो दिने पहिले चलन थिएन । जानकारका अनुसार बा आमाले उसको जीवन निर्वाह र दैनिक काय गर्नमा सहयोग पुग्ने गरी केहि चीजहरु दिने चलन थियो । छोरीले पनि माइतीले दिएको चिनो हो भन्न गर्थे । तर दाइजो भनेर दिने चलन थिएन र छैन । अन्य जात जातिसँगको सामाजिक एवं साँस्कृतिक सम्बन्ध, उनीको संस्कार र संस्कृतिको देखासिकी र आधुनिकताको प्रभावले गर्दा छोरीको जीवन निर्वाहमा सहयोग पुगोस् र अभाव नहोस् भन्ने चाहानाले आफुसँग भएको एक दुई वटा भैसीका पाडा वा गाईका बाच्छी वा बाच्छा, भेडा वा बाखाको पाठा र भाडाँकुडा जस्तै गाग्री, ताउलो, थाल कचौरा उपहारको रुपमा दिने चलन थियो र केहि मात्रामा वर्तमानमा पनि छ । तर दाइजोको रुपमा नगद लिनेदिने, दाइजोको चीज र संख्या निर्धारण गर्ने जस्ता कार्य भने थिएन र छैन ।

**तालिका नं. १५ : दाइजो प्रथा सम्बन्धी धारणा**

| दाइजो प्रथा प्रचलनमा छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २ | ६.६७ | २८ | ९३.३३ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

तथापि दाइजो दिने चलन छ वा छैन भन्ने प्रश्नमा २८ जना अर्थात ९३.३३ प्रतिशत उत्तर दाताले छैन र २ जना अर्थात ६.६७ प्रतिशतले छ भनेका छन् । ती ६.६७ प्रतिशतले पनि विभिन्न जात जातिको देखासिकीले गर्दा दाइजो लिनेदिने चलन भएको बताउँछन् । सामान्यता यस समूदायमा विवाहको क्रममा अर्थात टिका फुकाउदा केटा पक्षले केटी पक्षलाई यो वा त्यो र यति वा उति नै चाहिन्छ भनी माग गरिदैन । यस समूदायमा सक्नेले दिने गरिन्छ भने नसक्नेले जवरजस्ती छैन । यसरी हेर्दा केटा पक्षबाट माग नगर्ने भएको हुदाँ दाईजो प्रथा छैन भनिएको छ भने कहिलेकाही स्वेच्छाले दिने हुदाँ त्यसरी दिएका

वस्तु तथा सामाग्रीहरुलाई दाईजो रुपमा हेरिएको हुदाँ छ भनिएको छ । यसरी हेर्दा अपवादको रुपमा बाहेक दाईजो प्रथा रहेको छैन ।

### ५.६.३. विवाह उमेर

सामान्यतः छन्त्यालमा २० देखि २५ वर्षको उमेर पुगेका केटा केटी बीच विवाह हुने चलन छ । केटा केटी बीचको सम्बन्ध र इच्छाको कारणले सो भन्दा कम वा बढी उमेरमा पनि विवाह गर्ने चलन छ । अध्ययनमा समावेश ३० जनालाई व्यक्तितहमा कति वर्षमा विवाह गर्नु भएको थियो भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको जवाफ निम्नानुसार प्राप्त भएको छ

**तालिका नं. १६ : विवाह गरेको उमेर**

| क.सं. | विवाहको उमेर | संख्या |
|---|---|---|
| १ | १७-२० | १२ |
| २ | २१-२४ | १५ |
| ३ | २५-२८ | २ |
| ४ | २९-३२ | १ |
| ५ | ३३ वर्ष भन्दा माथि | ० |
| | जम्मा | ३० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

जसमा १७ देखि २० वर्ष बीचमा ३ जना, २१ देखि २४ वर्ष उमेरमा १७ जना, २५ देखि २८ वर्ष उमेरममा ७ जना, २९ देखि ३२ वर्ष उमेरमा २ जना र ३३ वर्ष माथिको उमेरमा एक जनाले मात्र विवाह गरेका उत्तर दिएका छन् । २१ देखि २४ वर्ष उमेरमा पुरुषले बढी विवाह गरेका छन् । यसरी हेर्दा छन्त्याल जातिमा २० वर्ष पछि विवाह गर्ने प्रचलन रहेको देखिन्छ ।

यसरी विभिन्न आधारमा छन्त्याल जातिमा  विविध प्रकारका विवाह प्रचलनमा रहेको छ । । जुन किसिमको विवाह भए पनि छन्त्यालमा आफ्नै विधि र प्रक्रिया अनुसार विवाह सम्पन्न हुन्छ । यस जातिमा  विवाहका मौलिक जातीय विधि र प्रक्रिया रहेका छन् ।

### ५.७. छन्त्याल समूदायको विवाहको विधि र प्रक्रिया

छन्त्याल जातिमा विविध प्रकारका विवाह प्रक्रिया चलनमा रहेका छन । उनीहरुले विगत देखि हाल सम्म पनि सोही विवाहको रुपलाई अँगालेका छन । विवाहको प्रकार जे भएता पनि उनीहरुले पुरा गर्ने विवाहको प्रक्रियामा भने समानता पाउन सकिन्छ । उनीहरुले अबलम्बन गर्ने विवाहका प्रक्रियाहरु भने सामान्य तवरबाट सम्पन्न गरिन्छ । छन्त्याल जातिमा प्रचलित कुनै पनि विवाहलाई सम्पन्न गर्नका लागि छन्त्याल समूदायले विभिन्न प्रक्रियाहरु अवलम्बन गर्दछन । छन्त्याल जातिमा प्रचलित विवाहका चरण वा प्रक्रियाहरु निम्नानुसार रहेको छ ।

#### ५.७.१. केटी माग्न जाने/प्रस्ताव

विवाहको पहिलो चरण केटी माग्न जाने वा केटीलाई विवाह प्रस्ताव राख्ने हो । पहिलो, युवाको तर्फबाट युवा र उसको बाबुआमा वा सरातेको सहयोगमा युवती भएको घरमा अभिभावक र युवतीसँग विवाह सम्बन्धी कुराकानी गर्ने गरिन्छ । जसलाई केटी माग्ने भनिन्छ । यसरी कुराकानी भएर युवायुवती र उनीहरुको अभिभावक बीच सहमति र मञ्जुरी भएको खण्डमा उनीहरुले दुलही लिएर जाने गर्दछन । यदी सोहि दिन विभिन्न कारण दुलही लिने परिस्थिति छैन भने पछि ल्याउने पनि गरिन्छ । दोश्रो, युवा र युवती विच प्रेम छ भने युवक युवतीको अभिभावकसँग माग्न जाने चलन पनि छ । तेश्रो, युवा र युवती दुवै पक्षको अभिभावकलाई कुनै जाकारी नदिइ केटाले केटी समक्ष विवाह प्रस्ताव पनि राख्ने चलन छ ।

#### ५.७.२. साइ दिने

केटाले केटीलाई विवाह प्रस्ताव राख्दा वा केटी माग्न जादाँ सामान्य कपडा, गरगहना वा नगद दिनुलाई साइ दिने भनिन्छ । साइ दिने चलन पुरानो चलन हो । वर्तमानमा यो चलन छैन । तथापि सबै जात जातिको नयाँ पुस्तामा विवाह अगाडि मन परेको युवती वा युवालाई नयाँ बस्तु उपहार दिने चलन भने कायम छ । साइ औपचारीक र अनिवार्य होइन । केवल स्वेच्छिक र अनौपचारीक हो । पहिलो, विशेषत केटालाई केटी धेरै नै मन परेको छ भने खुशीले साइ दिन्छन । दोश्रो, विविध कारणवश तत्काल विवाह गर्ने परिस्थित छैन भने केटी भविष्यको मेरो हुनेवाल दुलही हो र अन्य केटाले विवाह प्रस्ताव

नराखुन भन्ने उद्देश्यले साइ दिन्छन । तेश्रो केटीले विवाह प्रस्ताव अस्वीकार गरेका छ भने विवाहको निम्ति मनाउन वा आस्वस्त पार्न साइ दिन्छन । जुन सुकै उद्देश्यले साइ दिए पनि केटीलाई विवाहको परिबन्धमा बाँध्ने संकेत हो । विवाहको लागि साइ दिने अनिवार्य प्रक्रिया र चरण भने होइन । अध्ययन क्षेत्रमा तपाईले विवाह गर्दा साइ दिनु भएको थियो भनेर सोधिएको प्रश्नमा दिएको थियो भन्न उत्तर ६.६७ प्रतिशत रहेको छ । साइ दिएको थिएन भन्ने ९३.३३ प्रतिशत छ । साइ दिएको थियो भन्ने उत्तर दाताहरु ५० वर्ष भन्दा माथिका थिए । यसले साइ सबैले दिनु पर्दैन, अनिवार्य होइन र औपाचारीक पनि होइन, पहिले पनि केहि मात्रामा चलनमाथि थियो र वर्तमानमा चलनमा छैन भन्ने प्रष्ट हुन्छ ।

### ५.७.३. दुलही भित्राउने

छन्त्याल जातिमा प्रचलित जुन प्रकारको विवाह अन्तर्गत दुलही लिएर घरमा आए पनि दुलहीलाई सिधै घरमा भित्राउन पाईदैन । यसका लागि उत्तम साईत हेरी घरमा भित्राउने कार्य गरिन्छ । दुलहीलाई शुद्ध पानीले चोखाउने गरिन्छ । सोपछि दुलाहसँग दुलही विवाह घरमा पहिलो पटक भित्र जान्छिन । दुलाहा दुलही घर भित्र छिर्ने समयमा बन्दुक पड्काउने गरिन्छ । बन्दुक पड्काउनुले उनीहरु एकअर्कामा समर्पित भए भन्नुका साथै सुअवसरको संकेत गर्दछ । दुलही भित्र छिर्नको लागि तामाका गाग्रीहरुमा पानी भरी ढोकामा दायाँ बायाँ राखीन्छ । साथै गाग्रीमा फूलको मालाले सजाईन्छ । धुपबत्तिहरु बालेर घरलाई सुगन्धित बनाईन्छ । दुलाहा दुलहीको साथमा कन्य केटाकेटी पनि राखिन्छ । कन्य केटीले टिका लगाएपछि घरको जेष्ठ व्यक्तिबाट टिका लगाई बाबुआमा सहित अन्य उपस्थिति दाजुभाइ र आफन्तले टिका लगाइ आशिर्वाद दिदैं आफ्नो कुलमा स्वागत गरिन्छ । यसरी टीका लगाएपछि केटा पक्षले विवाहलालई सामाजिक मान्यता दिन्छ । यस जातिले दहिमा चामल भिजाएर बनाईएको सेतो टिका प्रयोग गर्दछन । भित्राउदा कुखुरा काटी पुजा गर्ने गरिन्छ । यसरी काटिएको कुखुराको एउटा खुट्टा सोधनी जादाँ सगुनको रुपमा केटी पक्षलाई माईत पठाईन्छ । बाँकी घरमा नै खाने गरिन्छ । दाजुभाई, आफन्त भेला भई खानपिन गरी रमाईलो गरिन्छ । सक्नेले पुर्ख्यौली नाच राखी आशिर्वाद थाप्ने गरिन्छ । घरको तर्फबाट दुलहीलाई मजेत्रो दिईन्छ । माईती पर्नेको तर्फबाट दुलाहालाई साफा लगाईन्छ । यसलाई घरतर्फको अर्थात युवातर्फको विवाह भनिन्छ । यसरी दुलही घरमा लिई उत्तम साईतमा घर भित्राउने प्रक्रिया पुरा गरेपछि युवाको घरको विवाह सम्पन्न हुन्छ । अध्ययन

क्षेत्रमा तपाई दुलही ल्याएपछि घर भित्राउन भएको थियो भने सोधिएको प्रश्नमा १०० प्रतिशतले नै यो प्रक्रिया पूरा गरेको उत्तर दिएका छन ।

छन्त्यालमा दुलही भित्राउन र टीका फुकाउन शुभ साइत हेर्ने चलन छ । शुभ समय र दिनमा यी कार्यहरु गरेमा विवाह राम्रो हुने र भविष्यमा कुनै अप्रिय घट्ना नहुने जस्ता विश्वास रहेको छ । अध्ययन क्षेत्रमा सामान्यतया घरको टिका फुकाउन र दुलही घर भित्राउदा आइतबार, बुधवार, शुक्रवारको दिनलाई उक्त मानिन्छ । सोमवारलाई सामान्य दिनको रुपमा लिईन्छ । मंगलवार, विहिवार र शनिवारलाई राम्रो मानिदैन । सो दिनमा घर भित्राउने काम गरिदैन । मिति, दिन र समय हेर्न स्थानीय लामा वा सो सम्बन्धी ज्ञान भएको व्यक्तिबाट सहयोग लिन्छन् ।

### ५.७.४. सोधनी जाने (मुखको भाग वा सगुन लैजाने)

दुलही भित्राएको तीन दिन भित्र केटी पक्षलाई दुलही ल्याएको विषयमा जानकारी गराउन मुखको भाग वा सगुन लिएर जाने चलनलाई सोधनी जाने वा मुखको भाग वा सगुन लैजाने भनिन्छ । केटा पक्षको घरको मुख्य मान्छे र भान्जा वा ज्वाई सोधनी जाने गरिन्छ । मुखको भाग वा सगुनको रुपमा एक बोटल रक्सी, रोटी, विरम्ला, दहिको ठेकी र भित्राउदा काटेको कुखुराको एउटा सिङ्गो साप्रा लैजाने चलन छ । सोधनी जाने व्यक्ति केटी पक्षको घरमा पुगेपछि तपाईको छोरी हाम्रो कुल वा परिवारको बुहारीको रुपमा आएको/लिएको र स्वीकार गरिएको जानकारी दिईन्छ । विवाह प्रति माईती खुसी भएमा सगुन सहजै स्वीकार हुन्छ । तर विवाह प्रति असन्तुष्टि रहेमा भने उक्त सगुन माईती पक्षबाट स्वीकार नहुन पनि सक्दछ । सामान्यतया विवाह पछि केटी पक्षले स्वीकार गर्ने चलन छ । त्यसैले विवाहका बाँकी अन्य प्रक्रियाहरु सहजै ढंगबाट अगाडि बढ्ने गरेको पाइन्छ । सगुन स्वीकार गरेपछि रक्सी लाउने, माइती भेट्ने र छोरी भान्जा (ज्वाँई) लाई माइतीसँग देखाभेट गर्ने आदि विषयमा छलफल हुन्छ । दुवै पक्षको सहमतिमा रक्सी लाउने र माइटी भेट्ने प्रक्रिया तुरुन्तै पनि हुन सक्छ वा केहि समय पछि पनि हुन सक्छ । यो दोहोरो सम्वाद, छलफल र सहमतिमा निर्णय हुन्छ ।

### ५.७.५. रक्सी लाउने

यस समुदायको विवाह प्रक्रिया अर्को चलन हो रक्सी लाउने । मुखको भाग वा सगुन स्वीकार गरेपछि टिका फुकाउनु पूर्व यो कार्य पुरा गरिन्छ । रक्सि लगाउने मिति र दिन माईती र घरको सल्लाह अनुसार सहमतिमा निर्धारण गरिन्छ । विशेषत रक्सी लाउने भन्नाले केटीको माईती र मावलीको लागि रक्सी चलनलाई बुझाउछ । रक्सी लाउनेमा माईतीलाई दहिको ठेकी, ६० वटा सेल रोटी, पिछ्रा दाम, ५० बोटल रक्सी लैजानु पर्छ । त्यसैगरी मावलीका लागि २० बोटल रक्सी र आवश्यकताअनुसार सेल रोटी लगिन्छ । घर तर्फको कुटुम्ब र जेष्ठ व्यक्ति सहित आवश्यकता अनुसारका व्यक्तिले बोकेर माथि उल्लेखित सामान लैजाने गरिन्छ । सामान लैजादाको पहिलो दिन केटीको घर बास बस्न पुगिन्छ । दोश्रो दिन रक्सी लाउनको लागि ल्याएको रक्सी र रोटीलाई सबै दाजुभाइले बराबर भाग लगाउछन् । साथै खानपिन गर्छन । सोहि बमोजिम मावलीले पनि आफ्नो दाजुभाइमा भाग लगाउने चलन छ । तेश्रो दिन रक्सी लाउन जाने व्यक्तिहरु फर्कने चलन छ । यसरी रक्सी लाउने कार्य तीन दिनमा सम्पन्न गरिन्छ । रक्सी लाउने प्रक्रिया पूरा गरेपछि अनिवार्य माइती भेट्न/माइती पक्षले टीका फुकाउने चलन छ । यदी माइती नभेट्ने हो भने रक्सी लाउने पनि नगर्ने चलन छ । त्यसैले रक्सी लाउने र माइती भेट्ने/टीका फुकाउने एक आपसम सम्बन्धित छन् ।

### ५.७.६. टिका फुकाउने

रक्सी लगाए पछि केटी पक्ष र केटा पक्षको बीच सल्लाह र सहमतिमा उत्तम साईत हेरी टिका फुकाउने मिति, दिन र समयको निर्धारण हुन्छ । टिका फुकाउने कार्य विवाह प्रक्रियाको अन्तिम कार्य हो । दुवै पक्षको सहमतिमा तोकिएको दिन केटा पक्षबाट जन्ति लिएर माईती घर जाने गरिन्छ । टिका फुकाउन जाँदा कुटुम्ब अनिवार्य चाहिन्छ । दुलाहाको भाइले सगुन समात्ने गरी कुटुम्बको साथी बनेर जाने चलन छ ।

सगुनमा दहिको ठेकी, रोटि, रक्सि रहेको हुन्छ । माइती भेट्न र टीका फुकाउन जादा केटा पक्षबाट माइतीको लागि ८० घ्याप्चो र आफन्तका लागि १०० घ्याप्चो रक्सी कोसेली लैजाने चलन छ । माइती भेट्दा पहिलो दिन माइती घरमा पुगे पछि जन्तिलाई स्वागत गरिन्छ । साथै सगुनहरु चढाउने गरिन्छ । सगुनहरु चढाइ सकेपछि बाबुआमा सहित गन्यमान्य र आफन्तहरुबाट दुलहा दुलहीलाई टिका र आशिर्वाद दिने काम हुन्छ । यसरी

टिकाटालो गर्दा आफन्तहरुबाट आफ्नो ईच्छा अनुसार दुलहीलाई नगद वा जिन्सी उपहार दिने काम पनि हुन्छ । दोस्रो दिनमा भने आफन्त र निम्तालुहरुलाई भोजभतेर गरी रमाईलो गर्ने गरिन्छ । दुरीको दृष्टिमा नजिक होस वा टाढा माईती आँगन टेकेको ३ दिनमा अनिवार्य रुपमा जन्तीले माईती घर छोड्नुपर्ने प्रचलन रहेको छ । तर यो समुदायमा दाईजो प्रथाको प्रचलन रहेको छैन ।

दोश्रो दिन जन्ति त्यहि बस्छन भने भोटि पल्ट अर्थात तेस्रो दिनमा उनीहरु विदा भएर जाने गर्दछन । जाने बेलामा दुलहीको माईती तर्फबाट जन्तिलाई बाटोमा खानका लागि अर्नि दिईन्छ । रक्सी लगाउदाको पिछ्रा दाममा माईतीले थपी घरलाई पिछ्रादाम फिर्ता गर्ने गरिन्छ । दुलाहा दुलहीको अभिभावकहरु विशेषतः सम्धी पहिचान गर्ने गर्दछन । जसलाई सम्धेलो गर्ने भनिन्छ । सोपछि दुलाहादुलही सहित जन्तिलाई विदा गरिन्छ । यस अवसरमा मामा (ससुरा वा केटीको बा)लाई भोटो, साफा, धरो दिईन्छ । फूपु (सासु वा केटीको आमा)लाई मजेत्रो दिने गरिन्छ । यस जातिमा मामाफूपु चेलाचेली चल्ने हुदाँ बाबा भन्दा जेठो वा जेठी भएमा मामालाई झ्यागिन र माईजुलाई नीनि भनिन्छ भने कान्छो वा कान्छी भएमा मामा र फूपु भन्ने प्रचलन रहेको छ । साईनो पनि सोही अनुरुप प्रयोग गरिन्छ । यस जातिमा सासुससुरा भन्ने प्रचलन रहेको छैन । यसरी टिका फुकाउदा मंगलबार र शनिवारको दिन बाहेक अन्य दिन जाने गरिन्छ । पहिले जन्ति जाँदाको बेलुका नै टिकाटालो गर्ने प्रचलन रहेकोमा अहिले टाढाका आफन्त र दाजुभाईहरु आईपुग्न समय लाग्ने अवस्थ देखिन आएमा बेलुका सहित विहानमा समेत टिकाटालो गर्ने गरिन्छ ।

## ५.८. विवाह प्रतिको दृष्टिकोण

मानव सभ्यताको विकासक्रमसँगै आएको विवाह संस्कार विश्वव्यापी रुपमा रहेको सामाजिक संस्था हो । यौनलाई व्यवस्थित र नियन्त्रण गर्दै बालबच्चा जन्माउनका लागि समाजबाट प्राप्त स्विकृत कार्य नै विवाह हो । सोही मान्यतालाई यस अध्ययन क्षेत्रका लक्षित जातिले पनि  स्वीकार गरेको पाउन सकिन्छ । उनीहरुका अनुसार विवाह भन्नाले यौन क्रियाकलापलाई नियन्त्रण गर्ने र सन्तान वृद्धिसँगै वंश, सम्पत्ति हस्तान्तरण, परम्परा, संस्कारलाई अगाडि बढाउने प्रक्रिया हो । अध्ययन क्षेत्रका छन्त्यालको विवाह प्रतिको दृष्टिकोण निम्नानुसारको  रहेको छ ।

### तालिका नं. १७ : विवाह प्रतिको दृष्टिकोण

| क.सं. | विवाह प्रतिको दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | यौन क्रियाकलापको व्यवस्थापन र नियन्त्रण | ६ | २० |
| २ | वंश र सम्पत्तिक हस्तान्तरण | १४ | ४६.६७ |
| ३ | परम्पराको निरन्तरता | ८ | २६.६७ |
| ४ | नाता तथा समाजिक सम्बन्ध | २ | ६.६६७ |
| | जम्मा | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

विवाह प्रतिको दृष्टिकोणका सन्दर्भमा गरिएको छलफल र प्रश्नोत्तरमा ६ जनाले विवाहले यौन क्रियाकलापको व्यवस्थापन र नियन्त्रण गर्ने बताएकाछन भने । वंश र सम्पत्तिको हस्तान्तरण गर्ने प्रक्रियाका रुपमा १४ जनाले उत्तर दिएकाछन । ८ जनाले परम्पराको निरन्तरता दिनका लागि विवाह संस्कारको आवश्यकता परेको बताएकाछन भने २ जनाले नाता तथा सामाजिक सम्बन्ध कायम राख्नका लागि विवाह जरुरी रहेको बताएकाछन ।

### ५.८.१. यौन क्रियाकलापको व्यवस्थापन र नियन्त्रण :

छन्त्यालले विवाहलाई विपरीत लिङ्ग बीचको यौन सम्बन्धलाई जोडेर हेरेका छन । समाजमा जथाभावि हुन सक्ने यौनजन्य क्रियाकलापले समाजमा विविध खालको समस्या पैदा गर्ने हुदाँ यसलाई व्यवस्थित र नियन्त्रण गर्नका लागि विवाहको अनिवार्यता रहेको आशय व्यक्त गरेका छन । उनीहरुले विवाहका कारणले महिला र पुरुष बीच स्वीकृत रुपमा यौनजन्य क्रियाकलापा गर्छन । जसले विपरीत लिङ्ग बीचको शारिरीक सम्बन्धलाई नियन्त्रित र व्यवस्थित हुन जाने र समाजमा सुव्यवस्था कायम हुने कुरालाई जोड दिएका छन ।

### ५.८.२. वंश र सम्पत्तिको हस्तान्तरण

विवाहलाई यौनसँग मात्र नभई वंशको निरन्तरता र सम्पत्तिको नयाँ पुस्तालाई हस्तान्तरण गर्ने प्रक्रियाको रुपमा समेत हेरेका छन । विवाह पश्चात सन्तानको जन्म हुने र जन्मसँगै सो वंशले निरन्तरता पाउने हुदाँ वंशको निरन्तरता हुन्छ । यदी सन्तान नहुने हो भने उसको वंश/खानदान नै समाप्त भइ अस्तित्व सकिन्छ । त्यसैले वंश निरन्तर अनिवार्य हो । व्यक्तिले जे जति भौतिक बस्तु आर्जन गरेको छ वा उसँग छ सोको हस्तान्तरण समेत

नयाँ पुस्तालाई दिने चलन छ । पहिले यस जाति मात्तृसत्माक थियो । यस जातिमा छोराछोरी बराबरी थियो । छोरी भएतापनि वंश अगाडि बढ्ने गर्दथ्यो तर हाल अन्य समुदायसँगको सम्पर्क र हिन्दुवाद प्रभावका कारणले गर्दा छोराको महत्व बढेको देखिन्छ अर्थात यस जाति मात्तृसत्माकबाट पित्तृसत्माक परिवर्तन भएको देखिन्छ । यस जातिमा छोराको जन्मले मात्र वंश अगाडि बढ्ने कुरालाई महत्व दिन थालेका छन । आर्जित सम्पत्तिमा छोराको अधिकार स्वतः हस्तान्तरण हुने गर्दछ । छोराको जन्म नभएको अवस्थामा मात्र सम्पत्ति माथिको अधिकार छोरीलाई जाने गर्दछ । यसरी हेर्दा एक पुस्ताले आर्जन गरेको सम्पत्तिको अधिकार हस्तान्तरण गर्नका निमित्त पनि विवाह अनिवार्य रहेको बताए । विवाह यौनजन्य क्रियाकलापलाई व्यवस्थित पार्नुका साथै सन्तान जन्माउनका लागि पनि समाजबाट स्विकृत व्यवस्था हो, जसबाट जन्मेको सन्तानले उक्त कुल वा वंशलाई निरन्तरता दिनुका साथै आर्जित सम्पत्तिमा स्वामित्व समेत प्राप्त गर्दछ तसर्थ उनीहरुले विवाहलाई वंश र सम्पत्तिको हस्तान्तरणका रुपमा लिएकाछन ।

### ५.८.३.परम्पराको निरन्तरता

विवाहले यौनजन्य क्रियाकलापलाई व्यवस्थित पार्दै सन्तान जन्माउनका लागि स्विकृति दिने गर्दछ । सन्तानको जन्मसँगै अभिभावकहरुबाट आर्जित सम्पत्तिमा स्वतः अधिकार प्राप्त हुन्छ । तसर्थ वंश वा कुलको निरन्तरतासँगै सम्पत्तिमा समेत पहुँच पुग्ने हुदाँ वंश र सम्पत्तिको हस्तान्तरणसँगै सो कुलमा रहेको परम्पराले पनि निरन्तरता पाउदछ । उक्त कुलमा परम्परादेखि चल्दै आएका संस्कार, रीतिरिवाज, सँस्कृति आदिलाई त्यस कुलमा जन्मिने सन्तानले नजिकबाट नियाल्दछ । साथै सोही अनुरुप कार्य गर्दछ र परम्परा देखि चल्दै आएका संस्कारलाई उसले पनि निरन्तरता दिन्छ । यस प्रकार परम्पराले निरन्तरता पाउने हुदाँ विवाहलाई परम्पराको निरन्तरताको रुपमा समेत लिएका छन ।

### ५.८.४. नाता तथा सामाजिक सम्बन्ध

विवाहले केटा र केटी बीच मात्र नभएर उनीहरुको दुवै पक्षका दाजुभाइ तथा इष्टमित्र बीच नाता सम्बन्ध कायम गर्छ । यदी विवाह अगाडि साइनो वा नाता सम्बन्ध छ भने विवाह पछाडि उक्त सम्बन्धलाई नजिक र बलियो बनाउछ । यदी नाता सम्बन्ध छैन भने नयाँ सम्बन्ध स्थापित गराउछ । जसले नाता विस्तारको भूमिका खेल्छ । त्यसैगरी दुई पक्ष बीच सामाजिक सम्बन्ध कायम हुन्छ । उनीहरु बीच सामाजिक, आर्थिक र साँस्कृतिक

आदि कार्यमा सहयोग र सहभागिताको वातावरण बन्छ । नाता कुटुम्ब बीचमा हुने पारिवारीक सम्बन्ध, सहभागिता र लेनदेन अरुसँग भन्दा विशेष र महत्वपूर्ण हुन्छ । त्यसैले विवाहले नाता तथा सामाजिक सम्बन्ध विस्तार हुन्छ भन्ने दृष्टिकोण छन्त्याल जातिमा छ ।

# खण्ड : ६

# छन्त्याल समूदायको विवाहमा आएका परिवर्तन र कारणहरु

## ६.१. छन्त्याल समूदायको विवाहमा आएका परिवर्तन

समयानुसार हरेक बस्तु परिवर्तनशील छन् । परिवर्तनका गति छिटो र ढिलो हुन सक्छन् । परिवर्तनका परिमाण, असर र प्रभावमा भिन्नता र फरकपन हुन सक्छन् । यसरी नै छन्त्याल जातिको परम्परागत रुपमा गरिने विवाह वर्तमानमा विभिन्न कारणहरुले परिवर्तन आएको छ । जसले गर्दा उनीहरुलाई समयानुकुलन सामाजिक सम्बन्ध र क्रियाकलाप गर्न, साँस्कृतिक क्रियाकलाप गर्न, बाँच्न र जीवन निर्वाह गर्न सहयाग पुगेको छ ।

नेपालमा रहेका हरेक जातजातिको आ-आफ्नै संस्कार र संस्कृति रहेको छ । तसर्थ उनीहरुमा विविधता पाईन्छ । नेपालमा रहेको विविध जातजाति मध्यको एक जाति छन्त्याल जातिको पनि आफ्नै खालका संस्कार र संस्कृति रहेकोछ । समय परिवर्तनशिल रहेको छ र समयसँगै समाजका हरेक आयामहरुमा पनि परिवर्तन भएको हुन्छ । यसैगरी छन्त्याल जातिको पनि विविध पक्षहरुमा पनि केहि न केहि मात्रामा परिवर्तन भएको छ । अध्ययन क्षेत्रमा विवाह संस्कारमा परिवर्तन आएको छ वा छैन भनी प्रश्न गरिएको थियो । उनीहरु मध्ये केहीले परिवर्तन भएको त केहीले परिवर्तन नभएको स्विकार गरेकाछन । उनीहरुबाट प्राप्त नतिजा यस प्रकार रहेकोछ ।

**तालिका नं. १८ : विवाह संस्कारमा परिवर्तन भएको छ कि छैन भन्ने प्रश्नमा प्राप्त धारणा**

| विवाह संस्कारमा परिवर्तन आएको छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २१ | ७० | ९ | ३० | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन,२०७४)

यसरी हेर्दा छन्त्याल जातिको विवाह संस्कार र त्यसमा पनि केहि मात्रामा भए पनि परिवर्तन  भएको कुरालाई स्विकार गरेकाछन । जस अनुसार छन्त्याल जातिको विवाह संस्कारमा परवर्तन भएको छ भन्नेमा २१ जना र छैन भन्नेमा ९ जनाले आफ्नो मत जाहेर गरेकाछन । छन्त्याल जातिको विवाहको किसिम र विवाह विधि विधान सहित विवाहका

अन्य पक्षहरु सम्बन्धि माथि नै प्रस्तुत गरिएको छ । यस खण्डमा विशेष गरी छन्त्याल जातिको विवाह प्रक्रिया, विधि विधान र विवाहका अन्य पक्षहरुमा आएका परिवर्तन बारेमा प्रस्तुत गरिएको छ ।

### ६.१.१. विवाहको प्रकारमा आएका परिवर्तन

यस जातिको आफ्नै खालका संस्कार रहेको छ । जसले गर्दा अरु जाति वा समुदाय भन्दा भिन्न पहिचान रहेको छ । तर समयसँगै विभिन्न कारणले गर्दा समाजका विभिन्न आयामहरुमा परिवर्तन आएको अनुभव गर्न सकिन्छ । समाजका विविध आयामहरुमा परिवर्तन हुने क्रममा यस छन्त्याल जातिको विवाहमा पनि धेरथोर परिवर्तन भएको देख्न सकिन्छ ।

यस जातिमा  विशेषतः मामाचेला फुपूचेली विवाह प्रचलनमा रहेको छ । उनीहरुको विचमा विशुद्ध मागेर विवाह हुने गर्दछ । मागेर मात्र हैन यस जातिमा केटाकेटी विचमा प्रेम बसेपछि सहमतिमा प्रेम विवाह पनि गर्ने गर्दछन । यदि मागेर नदिने शंका लागेमा युवायुवति विचको सहमतिमा भागेर जाने समेत गर्दछन । आफ्नै जातिमा मात्र विवाह गर्ने यस जातिको प्रचलन रहेको छ । पछिल्लो समयमा केहि मात्रामा अन्य जातिसँग पनि विवाह गर्ने गरेको पाईन्छ । यसरी हेर्दा यस जातिमा मागि, प्रेम, अन्तरजातिय विवाह प्रचलनमा पाईन्छ । हाल पनि यस जातिमा मागि विवाहले निरन्तरता पाएको छ । यस जातिमा मागि विवाह प्रचलनमा रहेको भएता पनि समयानुसार प्रेम विवाह गर्नेहरु पनि बढेका छन । अभिभावकको सक्रियतामा मागि विवाहको प्रचलन रहेकोमा हाल युवायुवति आफैले सहमति गरि विवाह गर्ने प्रचलन बढेकोछ । युवायुवति विच सहमति भएता पनि उनीहरुले मागेर पनि विवाह गरेको पाईन्छ । सजातीय विवाह प्रचलन रहेको यस जातिमा हाल प्रेमका कारण अन्य जातिसँग पनि विवाह हुन थालेको देखिन्छ । सजातीय विवाहलाई जसरी सहर्ष स्विकार हुन्थ्यो तर विजातीय विवाह गर्ने जोडिलाई स्विकार गर्न असहज हुन्थ्यो ।

यस समुदायमा बहुविवाह गर्ने प्रचलन पनि रहेको अभिव्यक्ति उत्तरदाताहरुबाट आएकाछन । बहुविवाह गर्ने गरेतापनि विशेष अवस्थामा मात्र बहुविवाह हुने प्रचलन रहेको थियो । सन्तान नभएमा सहमतिमा अर्को विवाह गर्ने प्रचलन रहेको भएता पनि हाल भने यस खालको विवाह हुन छोडेको छ ।  यस जातिमा मागि विवाहमा पहिले भन्दा कमि आएको उत्तरदाताहरुले बताएका छन । पहिले मागि विवाहमा अभिभावकको निर्णय नै

अन्तिम निर्णय हुने गर्दथ्यो । हाल अभिभावकसँगै युवायुवतिको मञ्जुरीमा विवाह गर्ने गरिन्छ । यस जातिमा मागिमा पनि प्रेम जोडिन आएको छ । हिजोआज युवायुवति प्रेम पछि बाबुआमाको मन राख्नका लागि माग्न जाने चलन पनि आएको बताउछन । पहिले छन्त्याल जातिको बाह्र थर भित्रमा मात्र विवाह हुने गरेको भएता पनि अहिले छन्त्याल भन्दा पनि बाहिर मगर, राई आदिसँग पनि विहेवारी हुन थालेको बताउछन । यसरी हेर्दा मागि विवाहमा कमी आउनुका साथै सजातीय र अन्तरजातीय विवाहमा प्रेमाभावले भूमिका खेल्दा प्रेम सहितको मागि र प्रेम विवाह बढ्दै गएको देखिन्छ ।

### ६.१.२. विवाहको विधि/प्रक्रियामा आएको परिवर्तन

समाजका आयामहरुका परिवर्तन हुने क्रममा विवाह संस्कारमा पनि परिवर्तन भएको छ । यो प्रक्रियाबाट छन्त्याल जाति पनि अछुटो रहन सकेको छैन । यस जातिको विवाहको विधि प्रक्रियामा परिवर्तन भएको छ या छैन भनि सोधिएको प्रश्नमा निम्नानुसारको नतिजा प्राप्त हुन आएकोछ ।

**तालिका नं. १९: विवाहको विधि/प्रक्रियामा परिवर्तन भएको छ कि छैन भन्ने प्रश्नमा प्राप्त धारणा**

| विवाह विधि/प्रक्रियामा परिवर्तन आएको छ वा छैन | | | | जम्मा | |
|---|---|---|---|---|---|
| छ | | छैन | | | |
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १७ | ५६.६७ | १३ | ४३.३३ | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन,२०७४)

उत्तरदाता मध्ये छन्त्याल जातिको विवाहको विधि/प्रक्रियामा परिवर्तन भएको छ भनी १७ जनाले सहमति जनाएकाछन भने परम्परागत तरीकाबाट नै हुन्छ भनी १३ जनाले उत्तर दिएकाछन । छ भनी उत्तर दिने उत्तरदाताहरुसँग गरिएको छलफल अनुसार छन्त्याल जातिको विवाहको विधि/प्रक्रियामा निम्नानुसारको परिवर्तन भएको जानकारी दिएकाछन ।

यस जातिको विवाह प्रक्रिया सामान्यतयाः पाँच चरणमा पुरा हुन्छ । यस बारेमा माथि नै चर्चा गरिएको छ । हाल पनि यस जातिको विवाहमा यिनै पाँच चरण पुरा गरि विवाह कार्य सम्पन्न गरिन्छ । यस जातिको विवाहको प्रारम्भिक चरण भनेको केटी माग्न जाने वा प्रस्ताव गर्ने हो । विवाह उमेर पुगेका युवतिलाई युवकले अभिभावक सहित माग्न

जान्छन । युवतिको घरमा छलफल र सहमतिमा युवतिलाई लिएर जाने गरिन्छ र यसरी छलफलमा युवतिको भन्दा अभिभावकको सक्रियता र निर्णय चल्ने गर्दछ। हिजोआज युवतिको पनि सहमति खोज्न थालिएकोछ । युवतिको निर्णय अनुसार विवाहको प्रक्रिया अगाडि बढाउने वा त्यहि टुंगाउने भन्ने प्रचलन बढेको छ।

यस जातिमा प्रस्ताव स्वरुप युवाले युवतिलाई साई दिने प्रचलन पनि रहेको छ । साई दिनुले विवाहको प्रस्ताव राखेको भनि बुझिन्छ। साईमा नगद, गरगहना दिने प्रचलन रहेको छ । उक्त प्रस्ताव अनुसार युवतिले साई लिएमा विवाहको स्विकृति दिएको भन्ने बुझिन्छ । साई नलिएमा अस्विकार गरेको भन्ने हुन्छ । यो कार्य भने अभिभावकलाई जानकारी हुदैन साथै अपवाद बाहेक साथीहरुलाई पनि जानकारी हुदैन । विवाहको प्रस्ताव सहित माग्न जाने र साई लगाउने प्रचलनलाई विवाहको प्रारम्भिक चरण मानिने कुरा स्थानीयवासी बताउछन । यसलाई अनौपचारिक चरण पनि भन्न सकिन्छ। किनकी नमागि वा साई नदिएर पनि युवायुवतिको आपसी समझदारीमा विवाह हुन सक्दछ।

जब युवायुवति विवाह गरी घरमा आउछन तब युवति अर्थात नवदुलहीलाई सिधै गृह प्रवेशको अनुमति हुदैन । त्यसका लागि घरको तर्फबाट विधि पुऱ्याएर गृह प्रवेश गराउने गरिन्छ। विधि सहित गृह प्रवेश गराउने कार्य केटा तर्फको विवाह कार्य हो । गृह प्रवेश गर्दा केटाको नजिकका आफन्त र दाजुभाईहरुलाई मात्र बोलाएर खानपिन गर्ने गरेकोमा अहिले गाउँका सबैलाई बोलाएर भोजभतेर गर्ने गरिन्छ।

युवतिलाई घरकाले स्विकार गरी गृह प्रवेश गराएसँगै माईतीलाई जानकारी दिने हेतुका साथमा माईतीमा सोधनी जाने वा मुखको भाग पठाउने चलन रहेको छ । मुखको भाग पठाउदा घरको तर्फबाट जेष्ठ सदस्य र कुटुम्बले लगेर जाने प्रचलन रहेको छ । मुखको भाग लगेपछि माईती र घरको सल्लाहमा रक्सि लगाउने दिनको तय गरिन्छ। सोही अनुसार घरको तर्फदेखि युवतिका माईती र मावलीलाई रक्सि लगाउने गरिन्छ । रक्सि लगाउदा माईती र मावलीलाई रोटी, रक्सि, विरम्ला, दहिको ठेकी आदि लिएर जाने गरिन्छ। जसलाई रीतका अनुसार सगुन भनिन्छ । मुखको भाग लैजादा होस या रक्सि लगाउदा कोसेलीहरु थुङ्सेमा राखी लगेर जाने प्रचलन रहेको थियो तर अहिले झोलामा राखेर लग्ने गरेको उत्तरदाताहरुको भनाई रहेकोछ।

यस जातिको टिका फुकाउने काम अर्थात केटीको तर्फबाट सम्पन्न गरिने विवाह तीन दिन सम्म चल्दछ । उत्तरदाताका अनुसार पहिलो दिन माईती पुग्ने र सगुनहरु चढाउने र टिका लगाउने काम गरिन्छ भने दोस्रो दिनमा आफन्त र निम्तालुहरुलाई भोजभतेर र रमाईलो गर्ने गरिन्छ भने तेस्रो दिनम जन्तिलाई विदाई गरिन्छ । पहिलो दिनको रातमा टिका लगाउने काम हुने गरेको भएतापनि अहिले रातमा र विहान वा दिनमा पनि टिका लगाउन थालिएकोछ । टाढा रहेका आफन्त र दाजुभाई सोही दिन आईपुगेमा टिका लगाउने काम रातमा नै गरिन्छ भने आउन समय लाग्ने भएमा विहान र दिनमा पनि लगाउन सक्ने उत्तरदाताहरुको भनाईरहेको छ । यसरी हेर्दा टिका फुकाउदा रातमा टिका लगाउने काम हुन्थ्यो भने अहिले विहान वा दिनमा पनि गर्न थालिएको छ ।

हिजोआज यस स्थानबाट सेवा सुविधाको खोजीमा बसाईसरी जाने चलनमा वृद्धि भएकोछ । बसाईसरी जानेहरुमा पनि छन्त्याल जातिको विवाहका विधिहरु पुरा गर्ने गरेकाछन । बसाईसराई गरी जानेहरुले विधि पुरा गर्ने गरेतापनि अन्य समुदायको सम्पर्कका कारणले गर्दा उनीहरुले त्यही समुदायको संस्कार र पद्दति अवलम्बन गर्न थालेको बताउछन स्थानीयवासी । गाउँमा विवाह गर्ने स्थान आफ्नै घर अर्थात युवतिको माईतीमा नै हुने गर्दछ तर गाउँबाट बसाई सरी गएकाहरुले पार्टिप्यालेसमा गर्न थालेको उत्तरदाताहरुको भनाई रहेकोछ ।

समग्रमा हेर्दा यस छन्त्याल जातिको विवाह विधि अन्गर्तत पहिले औपचारिक वा अनौपचारिक रुपमा माग्न जाने वा विहेका प्रस्ताव राख्ने गरेकोमा हाल कम हुदै गएको देखिन्छ भने सगुन लिएर जाँदा सगुन बोक्ने थुङ्से हराउदै गएको र टिका लगाउने समयमा पनि पहिले भन्दा केहि परिवर्तन भएको पाईन्छ भने बसाई सराई जानेहरुमा अन्य समुदायको प्रभाव परेको कुरा पाईन्छ । यसरी हेर्दा छन्त्याल जातिको विवाह विधिमा धेरै फरक नआएको भएतापनि धेरथोर मात्रामा परिवर्तन भएको भए स्थानीय उत्तरदाताहरुको स्विकारोक्ती रहेको पाउन सकिन्छ ।

छन्त्याल जातिमा प्रचलित विवाह र विवाहको विधि/प्रक्रिया र विवाहको अन्य पक्षहरुमा आएका परिवर्तनहरुलाई संक्षेपीकरण गरि हेर्दा निम्नानुसार देखिन्छ ।

**तालिका नं. २० : विवाह संस्कारमा भएको परिवर्तन**

| क्र. सं. | सूचक | पहिले | अहिले |
|---|---|---|---|
| १ | विवाहको किसिम | मागी | भागी र प्रेम सहित मागी |
| १.१ | | सजातीय | अन्तरजातीय |
| २ | केटाकेटीको छनौट | अभिभावकको निर्णय | युवायुवतीको निर्णय |
| ३ | विवाहको विधि र प्रक्रिया | | |
| ३.१ | प्रस्तावना राख्ने | साई दिने | हिजो आज छोडिएको |
| ३.१.१ | | सराते, बाबुआमा, आफन्त | बाबुआमा र आँफै |
| ३.२ | भित्राउने | नजिकका आफन्तहरुलाई मात्र बोलाईन्थयो | गाउँका सबैलाई बोलाउन थालेको |
| ३.३ | सोधनी जाने | थुङ्सेमा रोटी, रक्सी, विरम्ला लैजाने | झोलाको प्रयोग बढ्दो रहेको |
| ३.४ | रक्सी लाउने | थुङ्सेमा रोटी, रक्सी, विरम्ला लैजाने | झोलाको प्रयोग बढ्दो रहेको |
| ३.५ | टिका फुकाउने | पहिलो दिनको रातमा नै गर्ने | रातका साथै विहान पनि गर्न थालिएको |
| ४ | दाईजो प्रचलन | सकेको खण्डमा सामाग्री दिने प्रचलन रहेको | हाल पनि परम्परागत प्रचलन रहेको |

(स्रोतः स्थलगत अध्ययन,२०७४)

## ६.२ विवाह दृष्टिकोणमा आएको परिवर्तन

समाजका हरेक आयामाहरुलाई हेर्ने दृष्टिकोण समाज अनुसार फरक फरक हुन सक्दछ । समाजका आयामहरु समयानुसार परिवर्तन हुदै गएका छन । यस्तै समाजका विविध आयाम मध्ये एक विवाहलाई हेर्ने दृष्टिकोण पनि जाति वा समुदायअनुसार फरक फरक पाईन्छ । विवाह प्रतिको दृष्टिकोणमा छन्त्याल जातिको आफ्नै दृष्टिकोण रहेको छ । विवाह सम्बन्धि छन्त्याल जातिको आफ्नै बुझाई रहेको छ । समयअनुसार ति हेराई अर्थात विवाह प्रतिको दृष्टिकोणमा परिवर्तन हुदैं गएको पाउन सकिन्छ ।

विशेषतः यस अध्ययन क्षेत्रका छन्त्याल जातिहरुले विवाहलाई यौनजन्य क्रियाकलाप माथिको नियन्त्रण र व्यवस्थापन, वंश वा सम्पत्तिको हस्तान्तरण र परम्पराको निरन्तरताको रुपमा हेरेको पाईन्छ । उनीहरुका अनुसार यौनजन्य क्रियाकलापको नियन्त्रण र

व्यवस्थापनका सन्दर्भमा पूर्ववत नै दृष्टिकोण रहेको देखिन्छ । वंश/सम्पत्ति र परम्पराको निरन्तरता प्रतिको हेराईमा भने केहि परिवर्तन भएको देख्न सकिन्छ ।

सामान्य रुपमा हेर्दा यस छन्त्याल जातिमा मात्तृसत्माक प्रवृति रहेको पाउन सकिन्छ तर समय र अन्य समुदायको सम्पर्क पश्चात विस्तारै पित्तृसत्माक प्रवृतिमा वृद्धि भएको पाउन सकिन्छ । यस जातिमा छोराछोरीलाई समान र सम्मानजनक ढंगबाट हेर्ने गरिन्थ्यो तर अहिले छोराको महत्व बढ्न थालेको पाईन्छ । उनीहरुका अनुसार छोरी पराईको धन भन्ने मान्यता बढेको पाईन्छ । छोरी पराईको घर जाने र थर परिवर्तन हुने हुदाँ आफ्नो कुल वा वंश धान्नका लागि छोराको आवश्यकता रहने कुरामा विश्वास गर्दछन । छोराले मात्र उक्त घरको कुल वा वंश धान्न सक्दछ भन्ने मान्यता स्थापित हुदैं गएको देखिन्छ । त्यसैगरी पैत्तृक सम्पत्तिमा छोरीको भन्दा छोराको हक लाग्ने र अधिकार स्वतः छोरामा हस्तान्तरण हुन जान्छ । यसरी हेर्दा वंशलाई निरन्तरता दिन र सम्पत्ति हस्तान्तरण गर्नका लागि छोराको अनिवार्यता हुन जाने प्रवृतिको वृद्धि भएको हुदाँ छोराका लागि विवाह अनिवार्य जस्तो भएकोछ । यसरी हेर्दा विवाह प्रति छन्त्याल जातिको दृष्टिकोणमा वंश र सम्पत्ति हस्तान्तरणमा परिवर्तन भएको पाउन सकिन्छ ।

विवाह प्रति छन्त्याल जातिको अर्को दृष्टिकोण भनेको परम्पराको निरन्तरता रहेकोछ । उनीहरुले विवाह पछि जन्म हुने सन्तानले परम्परालाई अगाडि बढाउछ र निरन्तरता पाउछ भन्ने कुरामा विश्वास राख्दछन । परम्परालाई निरन्तरता दिनका लागि छोरा वा छोरी नै चाहिन्छ भन्ने थिएन । जसले पनि उनीहरुको परम्परालाई निरन्तरता दिन सक्दथ्यो तर अहिले अन्य जाति समुदायको सम्पर्कसँगै परम्परालाई निरन्तरता दिनका लागि छोराको महत्व बढ्न थालेको पाईन्छ ।

यस समुदायमा विशेषतः सजातीय विवाह प्रचलनमा रहेको छ । सजातीय विवाह हुदाँ आफ्नो जाति भित्रको परम्परा, संस्कार सिक्न र सिकाउनु पर्दैन स्वतः थाहा पाउछन भन्न धारणा रहेको र अन्य जाति समुदायसँग विवाह गर्दा छन्त्याल जातिको परम्परा सिकाउनुपर्ने हुन्थ्यो तसर्थ स्वजातीय विवाहलाई प्राथमिकता दिईन्थ्यो । समयको परिवर्तनसँगै उनीहरुमा पनि परिवर्तन आएको पाउन सकिन्छ । उनीहरुले परम्परालाई निरन्तरता दिनका लागि सजातीय मात्र हैन विजातीय विवाहबाट पनि हुन सक्छ भन्ने कुराको महसुस गरी अन्य जातिसँगको विवाहलाई स्विकारेकाछन । यसरी हेर्दा छन्त्याल

जातिमा प्रचलित परम्परालाई निरन्तरता दिनका लागि पनि विवाह अनिवार्यता रहेको पाईन्छ । समग्रमा हेर्दा छन्त्याल जातिको विवाह प्रतिको दृष्टिकोणमा परम्पराको निरन्तरता हिजो दिनमा जसरी लिने गरिएको थियो आज त्यसमा समयानुसार परिवर्तन हुन थालेको पाउन सकिन्छ ।

### ६.३. विवाहका अन्य पक्षमा आएका परिवर्तन

विवाहका विविध पक्षहरु रहेका छन । कुनै पक्षलाई प्रत्यक्ष महसुस गर्न सकिन्छ भने कतिपय अप्रत्यक्ष रहेका हुन्छन । हरेक जाति वा समुदायमा यस खालको पक्षहरु रहेका हुन्छन । यसले समाज वा जातिलाई निरन्तरता दिन विभिन्न भूमिकाहरु खेलेका हुन्छन । छन्त्याल जातिको विवाहमा पनि विभिन्न पक्षहरुले प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका खेलेका हुन्छन । विवाहका अन्य पक्षहरुमा पनि समयानुसार परिवर्तन भएको छ ।

सामान्यतया छन्त्याल समूदायमा दाईजोको प्रचलन रहेको छैन । छन्त्याल जातिको विवाह सामान्य रुपबाट नै सम्पन्न हुन्छ । विवाह गरी जाने छोरीलाई जीवनयापन गर्नलाई सहज होस भनि माईतिको पक्षबाट सक्नेले एकसरो भाडा दिने प्रचलन बढ्न थालेको छ । एकसरो भाँडा भन्नाले गाग्री, ताउलो, थाल, कचौरा आदि पर्दछन । त्यसैगरी भेडाबाखाको पाठा, गाईको बाच्छी, भैसीको पाँडा पनि दिने चलन छ । यस समूदायमा माईती भेट्न जाँदा दिने यि सामाग्रिहरुलाई दाईजोको रुपमा लिदैनन । दुलाहाको पक्षबाट यो वा त्यो र यति वा उति चाहिन्छ भनि माग पनि गरिदैन । सामान दिने हैसियत भएकाले दिन्छन । नहुनेले नदिदा पनि उनीहरुको सम्बन्धमा खिचातानी हुदैन । तर बसाई सराई गरी जानेहरुले भने दाईजो स्वरुप सरसामान दिन थालेको जानकार बताउछन ।

यस छन्त्याल समूदायमा २० वर्ष उमेरमा विहेवारी गर्ने प्रचलन रहेको पाईन्छ । तर अहिले विभिन्न कारणले गर्दा अधिकांश युवायुवतिहरुले २० वर्ष पुगेपछि विवाह गर्नेहरु बढेको पाईन्छ । सामान्यतया विवाह गर्ने युवायुवतिको उमेरमा समेत परिवर्तन भएको छ । छन्त्याल जातिमा सजातीय विवाह गर्ने प्रचलन रहेको छ । तसर्थ छन्त्याल जातिले छन्त्याल जातिको बसोबास रहेको स्थानमा छोरीबुहारी लेनदेन गर्ने गर्छन । छोरीवुहारी लेनदेन गर्दा नजिकैका गाउँहरुमा गर्ने गर्दछन । आफ्नै गाउँ, छिमेकी गाउँ मल्कबाङ, मलम्पार, ठाडाखानी, चौर, मँगले, ढाडदुवादी, घ्यासीखर्क लगायतका स्थानहरुबाट विवाह गरिन्थ्यो । हाल पनि उत्त स्थानहरुका साथै समयानुसार अन्य स्थानहरुमा समेत विवाह गर्न थालिएको

छ । हाल आफ्नै गाउँ सहित बागलुङको लाम्मेला, नर्जाखानी, निसी म्याग्दीकै वरंजा, बाबियाचौर, भकिम्ली, दाङ, तनहुँ लगायतका स्थानहरुमा विवाह हुन थालेको पाईन्छ ।

यस छन्त्याल जातिमा पारपाचुके गर्ने अवस्थाका बारेमा लिईएको जानकारीमा उत्तरदाताले पारपाचुके गर्ने गरिएको भएता पनि त्यति व्यापक नरहेको बताएका छन । पतिपत्नि विचमा असमझदारी भई सँगै बस्न नसक्ने अवस्था भएमा उनीहरु अलग्गिने गर्दथे । तर हाल पारपाचुके हुने नगरेको उनीहरुको भनाई रहेका छ । यसरी हेर्दा यस जातिमा पारपाचुके गर्नेहरुको संख्यामा क्रमशः कम हुदैं गएको बताउछन । अध्ययन क्षेत्रमा पहिले पारपाचुके गर्ने गरिएको भएतापनि अहिले पारपाचुके गर्नेहरु भेटिदैनन । समग्रमा हेर्दा छन्त्याल जातिको विवाहको विभिन्न पक्षमा केहि न केहि मात्रामा परिवर्तन भएको पाउन सकिन्छ ।

## ६.४. विवाहमा आएका परिवर्तनका कारणहरु

यस जातिको विवाह प्रक्रियामा धेरै परिवर्तन नभएता पनि केहि हदसम्ममा परिवर्तन भएको पाउन सकिन्छ । परिवर्तन ल्याउनमा विभिन्न कारक तत्वहरुको विविध पक्षहरुमा विभिन्न तरिकाहरुले असर पुऱ्याईरहेको हुन्छ । छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन गर्नका लागि कुन कुन पक्षको भूमीका रहेको छ भनि छलफल गरिएको थियो । जस अनुसार यस छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन गर्नका निमित्त भूमीका निर्वाह गर्ने पक्षहरुका बारेमा प्राप्त विवरण यस प्रकार रहेकोछ ।

**तालिका नं. २१ : विवाह संस्कार परिवर्तन हुनुका कारणहरु**

| क्र.सं. | विवाह प्रतिको दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शैक्षिक विकास | ५ | १६.६७ |
| २ | सूचना प्रविधिको विकास | १३ | ४३.३३ |
| ३ | वैदेशिक रोजगारीको प्रभाव | ६ | २०.०० |
| ४ | कानुनी प्रक्रिया र मान्यता | २ | ६.६७ |
| ५ | बसाइँ सराई | २ | ६.६७ |
| ६ | अन्य जात जातिको प्रभाव | १ | ३.३३ |
| ७ | आधुनिकीकरण र पश्चिमीकरणको प्रभाव | १ | ३.३३ |
| | जम्मा | ३० | १०० |

(स्रोतः स्थलगत अध्ययन-२०७४)

छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन हुनुका कारणहरुमा शैक्षिक विकास हो भन्नेमा ५ जना रहेकाछन । सूचना प्रविधिको विकासका कारणले गर्दा छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन भएको हो भन्नेमा १३ जना रहेकाछन । ६ जनाले वैदेशिक रोजगारको प्रभावले गर्दा परिवर्तन हुन थालेको बताएकाछन । नेपालमा विभिन्न समयमा निर्माण गरिएको कानुन र कानुनमा व्यवस्था गरिएका निति नियमका कारणले पनि विवाह संस्कारमा परिवर्तन भएको हो भनी २ जनाले बताएकाछन । बसाइँ सराईका कारणले पनि विवाह संस्कारमा परिवर्तन भएको भन्नेहरुमा २ जना रहेकाछन भने अन्य जात जातिको प्रभाव र आधुनिकीकरण र पश्चिमीकरणको प्रभाव परेको हो भन्ने एक/एक जना रहेकाछन । यसरी छन्त्याल जातिको विवाह संस्कारमा विभिन्न कारकतत्वहरुले परिवर्तन हुनमा सहयोगी भूमिका खेलेको देखिन्छ ।

### ६.४.१. शैक्षिक विकास :

समाजको विभिन्न आयामहरुमा परिवर्तन गर्नका लागि शिक्षाको भूमिका महत्वपूर्ण रहेको हुन्छ । त्यसैगरी छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन ल्याउनका लागि पनि शिक्षाको पनि महत्वपूर्ण भूमिका रहेको छ । अध्ययनसँगै चेतनाको विकास हुन थाले पछि आफ्नो संस्कारमा रहेका राम्रा पक्षहरुलाई संरक्षणका साथै निरन्तरता दिदै सुधारात्मक पक्षहरुलाई सुधार गर्दै लगिएको कारणले गर्दा संस्कारमा परिवर्तन आएको हो । त्यसैगरी पहिले अध्ययनका लागि बाहिर जाने प्रचलन थिएन । अहिले अध्ययनका लागि गाउँबाट बाहिर जादाँ अन्य व्यक्ति तथा समुदायसँग सम्पर्क हुने हुदाँ ति व्यक्ति तथा समुदायबाट पनि सिकाई हुने र ति सिकेका कुरा आफ्नो समुदायमा लागु गर्ने हुदाँ पनि परिवर्तन हुन थालेका हुन । विवाहका सन्दर्भमा भन्नु पर्दा अध्ययनका कारण आफ्नो समुदायमा रहेका विवाह संस्कारमा रहेका सुधार्नुपर्ने भएमा सुधार्दै लैजाने र अन्य जाति वा समुदायसँग सम्पर्क सँगै विवाह गर्ने हुदाँ अन्तरजातीय विवाह समेत बढेको देखिन्छ । त्यसैगरी विदेशमा अध्ययन गर्न जादाँ विदेशी संस्कार सिकेको पनि पाईन्छ । उतै बसाईका क्रममा विदेशी वा नेपाली अन्य जाति समुदायका युवा युवतीसँग विवाह गरेको पाईन्छ ।

### ६.४.२. सूचना प्रविधिको विकास

विवाह परिवर्तनमा भूमिका खेल्ने अर्को पक्ष सूचना प्रविधिको विकास हो । सूचना प्रविधिमा विकास भएका विभिन्न प्रविधिहरु मध्ये धेरै मात्रामा प्रयोग हुने मोबाईल फोन र

सामाजिक संजाल अन्तर्गत फेसबुक रहेको छ । हिजोआज मोबाईल र सामाजिक संजालले टाढाकालाई नजिक ल्याउने काम र अपरिचितलाई परिचित बनाउने काम समेत गर्ने गर्दछ । सामाजिक संजाल र मोबाईलको माध्यमबाट नयाँ ठाउँका व्यक्तिहरु सित सम्पर्क बढ्दै गएको छ । जसले प्रेम सम्बन्ध कायम गरी विवाह गर्ने सम्मको कार्य गरेको पाईन्छ । यसरी हेर्दा नयाँ ठाउँहरुमा विवाह गर्ने चलन बढेको देखिन्छ । अन्जरजातीय विवाह वढाउनमा पनि सहयोगी भूमिका खेलेको देखिन्छ ।

### ६.४.३. वैदेशिक रोजगारीको प्रभाव

छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन ल्याउनमा भूमिका खेल्नेमा वैदेशिक रोजगारी पनि रहेको छ । जब छन्त्याल जातिको परम्परागत पेशा खानी खन्न बन्द भएपछि जीवन निर्वाहका लागि कृषि र पशुपालन व्यवसाय गर्न थाले साथै रोजगारीका लागि विदेश जाने र विदेशी सेनामा भर्ती हुन थाले । जब उनीहरु विदेशमा काम गर्न जान थाले तब अन्य देशका नागरिकका साथै नेपालका अन्य क्षेत्रका व्यक्तिहरुसित सम्पर्क हुन पुगे पछि उनीहरुको संस्कार सिक्ने र आफ्नो समुदायमा पनि प्रचलनमा ल्याउने काम गरेको देखिन्छ, जसले गर्दा उनीहरुको परम्परागत संस्कारमा सुधारात्मक परिवर्तन ल्याएको देखिन्छ । रोजगारीको सिलसिला उतै विवाह समेत गर्ने गरेको पाईन्छ । यसरी रोजगारीको खोजिमा जादाँ अरुको संस्कारबाट हुने प्रभाव र अरुसँगको सम्पर्कका कारण पनि उनीहरुको संस्कारसँगै विवाह संस्कारमा परिवर्तन भएको पाईन्छ ।

### ६.४.४.कानुनी प्रक्रिया र मान्यता

विभिन्न समयमा हुने ऐन कानुनमा हुने परिवर्तनले पनि संस्कारहरुमा परिर्वतन ल्याएका हुन्छन । त्यस्तै समय सापेक्ष हुने परिवर्तनको प्रत्यक्ष प्रभाव समाजका विभिन्न आयामहरुमा पर्न जान्छ । सोही अनुरुप समाजका आयामहरुमा पनि परिवर्तन हुन जान्छ । जसरी राज्यले निर्धारण गरेको कानुन अनुरुप समाजमा पनि लागु गरिन्छ जसले भैराखेका र गरिराखेका कार्यहरुमा परिवर्तन देख्न सकिन्छ । त्यसैगरी वर्तमानमा विकास भएका सोचहरुको प्रभाव पनि संस्कारहरु पर्न जान्छ । समाजका आयाममा परिवर्तन हुन जान्छ ।

### ६.४.५. बसाइँ सराई

बसाइँ सराईका कारणले पनि समाजका आयामहरुमा प्रभाव पार्दछ । बसाईसराई गरी जानेहरुले आफ्ना संस्कार सहित बसाई सरी आएको स्थान र त्यहाँको समुदायको प्रत्यक्ष प्रभावमा पर्न जान्छन । सोही अनुरुप उनीहरुले पनि आफ्नो संस्कारमा परिवर्तन गर्न थाल्दछन । उनीहरुको आफन्तहरु पनि सोही देखेपछि सिको गर्न थाल्दछन जसको कारण कालान्तरमा समाजका विभिन्न आयामहरुमा परिवर्तन हुन पुग्दछ । उस्तै तर केहि फरक संस्कारको उपस्थिति हुन पुग्दछ ।

### ६.४.६. अन्य जात जातिको प्रभाव

छन्त्याल जातिको मौलिक विवाहमा अन्य जात जातिको विवाह विधि प्रक्रिया र विवाह प्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । अन्तरजातीय विवाह हुदाँ रीत अनुसारकोको सामान सम्बन्धित जातिको चलन अनुसार बुझाउनु पर्छ । जसले गर्दा आफ्नो मात्र चलन लागू हुदैन । त्यसैगरी बाहुन क्षेत्रीको विवाहको प्रभावले सहरी क्षेत्रमा बसोबास गर्ने र आर्थिक हैसियत राम्रो हुने तथा समाजलाई देखाउनको लागि दाइजो दिने पनि गर्छन ।

### ६.४.७.आधुनिकीकरण र पश्चिमीकरणको प्रभाव

आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले पनि विवाहमा परिवर्तन आएको छ । विवाह प्रस्ताव गर्ने शैली र विधिमा आधुनिकता थपिएको छ। पहिले मागी भागी विवाह हुने चलन थियो । आधुनिकता र पश्चिमीकरणको कारण अहिले केटा केटी बीचमा कुनै परिवारको सदस्य विना नै प्रस्ताव गर्ने चलन बढेको छ । पहिलो स्थानीय पञ्चे बाजा बजाउने चलन थियो । अहिले ड्रम सेटसहितको ब्याण्ड बाजा बजाउने र सहरी क्षेत्रमा पार्टी प्यालेसमा भोज भटेर खुवाउने चलन बढेको छ ।

यसरी विभिन्न कारकतत्वहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समाजका विभिन्न आयामहरुमा प्रभाव पारिरहेको देखिन्छ । समाजका विभिन्न आयाम मध्येको एक विवाह संस्कारमा पनि प्रभाव परेको देखिन्छ । विवाह पद्दति, विधि विधान लगायतका पक्षहरुमा परेको प्रभावका कारणले गर्दा विवाह संस्कारमा पनि परिवर्तन पुग्न जाने देखिन्छ ।

# अध्याय : सात

# सारांश, निश्कर्ष र सुझाव

## ७.१. सारांश

नेपालका १२५ जातजातिमध्ये छन्त्याल एक आदिवासी जनजाति हो । छन्त्याल जातिको आफ्नै खालका संस्कार एवं सँस्कृतिहरु रहेकाछन । हरेक जातिको संस्कार एवं सँस्कृति त्यो जातिको पहिचान भए झैं छन्त्याल जातिको संस्कार संस्कृति पनि छन्त्याल जातिको पहिचान हो । विशेषतः खानी खन्ने जातिको रुपमा परिचित छन्त्याल जातिको आफ्नै भाषा रहेकोछ, जसलाई छन्त्याल खाम वा खाम भाषा भनिन्छ । यि जातिहरु नेपालका १९ भन्दा बढि जिल्लाहरुमा छरिएर बसेकाछन । यस जातिमा मुख्यतया १२ थर रहेकाछन । विशेषतः यीनै १२ थर भित्र विवाह गर्ने गरिन्छ ।

अध्यय क्षेत्र म्याग्दी जिल्लाको रघुगंगा गापा वडा नं. ८ कुईनेमँगले साविकका कुईनेमँगले गा.वि.स. वडा नं. १, २ र ३ कुईनेखानी रहेको थियो । उक्त स्थानका ३० घरधुरीमा छन्त्याल जातिको विवाह संस्कार सम्बन्धि सूचना संकलन गरिएको थियो ।

छन्त्याल जातिले परम्परागत विवाहमा विश्वास गर्दछन । छन्त्याल जातिमा परम्परा अनुसार सामान्यतया भागी विवाह र मागी विवाह चलनमा छ । पत्नीको संख्याको आधारमा एकल विवाह र बहुविवाह रहेको छ । त्यस्तै, जातीय आधारमा सजातीय र अन्तरजातीय विवाह गर्ने चलन छ । त्यसबाहेक नातागत विवाह पनि प्रचलनमा छ । जस अन्तर्गत मामाचेली र फुपूचेला एवं मामाचेला र फुपूचेली बीच विवाह गर्ने चलन छ । यस जातिमा विशेषतः एकल विवाह रहेकोछ र पनि केहि मात्रामा बहुविवाह अन्तर्गत बहुपत्नि विवाह समेत गरेको पाउन सकिन्छ । नेपालका छन्त्याल जातिमा नातागत विवाह प्रचलनमा रहेको छ । नातागत विवाहले मामाको छोरा र फुपूको छोरी तथा मामाको छोरी र फुपूको छोरा बीचको विवाहलाई जनाउँछ । यस अध्ययन क्षेत्रका छन्त्यालमा पनि उक्त नातागत विवाह चलनमा रहेको छ । यस समुदायमा हिजोआज प्रेम विवाह समेत प्रचलनमा रहेको पाईन्छ । प्रेम विवाह अन्तर्गत मागी विवाह र भागी विवाह दुवै रहेको पाईन्छ । यस जातिमा कुनै एक पक्ष अर्थात पति वा पत्नि मध्ये एकको मृत्यु भएको खण्डमा विवाह समेत गर्ने गरिएको पाईन्छ । जसलाई विधुवा वा विधुर विवाह भन्ने गरिएकोछ ।

यस जातिमा विवाह संस्कारलाई पूर्णता दिनका लागि विविध प्रक्रिया अर्थात विवाहका विधिहरुको पालन गरिन्छ । यस जातिमा केटी माग्न जाने गरिन्छ । जसलाई विवाहको प्रस्ताव लैजाने पनि भनिन्छ । यो विवाहको पहिलो चरण हो । विशेषतः मागी विवाहमा यो प्रक्रिया पुरा गरिन्छ । अर्को चरणको रुपमा साइ दिने हो । साइ दिने चलन पुरानो चलन हो । वर्तमानमा यो चलन छैन । छन्त्याल जातिको विवाहको अर्को चरण हो दुलही भित्राउने । मागी होस या भागी जे भएता पनि दुलहीलाई सिधै घर भित्राउन पाईदैन यसका लागि रीत पुराएर मात्र घरमा हुल्ने गरिन्छ । जसलाई दुलही भित्राउने भनिन्छ । दुलही भित्राउने कार्य दुलाहाको घर तर्फको विवाह उत्सव पनि हो । दुलही घरमा भित्राएको तीन दिन भित्रमा माईती पक्षलाई जानकारी गराउनका लागि भनि सोधनी जाने गरिन्छ । जसलाई मुखको भाग वा सगुन लैजाने पनि भनिन्छ । जहाँ उनीहरुको छोरी बुहारीको रुपमा भित्राएको भनि जानकारी गराउनुका साथै रक्सी लगाउने तिथीमितिका बारेमा छलफल गरिन्छ । रक्सी लगाउने अर्को विवाहको विधि हो । रक्सी लगाउदा माईती र मावलीका लागि अलग अलग कोसेली लग्ने गरीन्छ । यसरी रक्सी लगाएपछि मात्र टिका फुकाउनका लागि बाटो खुल्ला हुन्छ । छन्त्याल जातिको विवाहको अन्तिम चरण वा विधि भनेको टिका फुकाउने हो । घरको विवाह भित्राउदा नै सम्पन्न गरिन्छ भने माईती पक्षको टिका फुकाउने काम भने रक्सी लगाएपछि मात्र सम्पन्न गरिन्छ । सक्नेले बाजागाजा सहित जन्ति लगेर टिका फुकाईन्छ भने नसक्नेले जन्ति मात्र वा केटाकेटी मात्र गएर पनि टिका फुकाउने गरिन्छ । यसरी टिका फुकाउन जाँदा विजोर जन्ति लिएर जाने गरिन्छ । टिका फुकाउने कार्य तीन दिन लगाएर सम्पन्न गरिन्छ । यसरी छन्त्याल जातिको विवाह संस्कार पुरा गरिन्छ ।

यस जातिले विवाहलाई मुख्यतया चार दृष्टिकोणबाट हेरेको पाईन्छ । उनीहरुको अनुसार विवाह यौन क्रियाकलापको व्यवस्थापन र नियन्त्रण गर्ने प्रक्रिया हो । वंश र सम्पत्तिको हस्तान्तरण गर्ने प्रक्रियाको रुपमा यस जातिले विवाहलाई हेर्ने गरेको पाईन्छ । परम्परालाई निरन्तरता दिनका लागि पनि विवाहको आवश्यकता परेको बताउछन स्थानीयवासी । नातागत तथा समाजिक सम्बन्धको रुपमा समेत विवाहलाई हेर्ने गरेकाछन ।

छन्त्याल जातिमा रहेको परम्परागत विवाहको प्रारुप, विधि एवं प्रक्रिया र विवाह प्रतिको दृष्टिकोणमा समयानुसार परिवर्तन भएको पाउन सकिन्छ । विवाह संस्कारमा

परिवर्तन ल्याउनका लागि विविध कारकतत्वहरुले भूमिका खेलेको पाउन सकिन्छ । अध्ययन क्षेत्रमा हेर्दा विवाहको प्रकारमा परिवर्तन आएको पाउन सकिन्छ । पहिले भागी र मागी विवाह प्रचलनमा रहेको थियो भने हाल मागी विवाह कम हुदै गएको छ भने भागी विवाह बढेको देखिन्छ । यस समुदायमा चोरी विवाह हराईसकेकोछ । सजातीय विवाहको प्रचलन रहेको भएता पनि हाल प्रेम विवाहसँगै अन्तरजातीय विवाह समेत हुन थालेको देखिन्छ । विविध कारणले गर्दा गरिएका बहु विवाह अर्थात बहुपत्नि विवाह कम हुदै गएको छ भने एकल विवाह यथावत रहेकोछ । नातागत विवाह हाल सम्म पनि कायम रहेकोछ ।

यस जातिको विवाहको प्रकारका साथै विवाहका विधि/प्रक्रियामा समेत परिवर्तन हुदै गएकाछन । यस समुदायमा मागी विवाह कम हुदै गएको हुदाँ विवाहको प्रस्ताव अर्थात केटी माग्न जाने कम भएको छ । साइ दिने प्रचलन हराएको छ । दुलही भित्राएपछि सगुन लैजाने गरेको भएता पनि रक्सी लाउने र टिका फुकाउने प्रचलनमा कमी आएको भेटिन्छ । सम्बन्ध विच्छेद गर्ने प्रचलन पहिले भएको भएता पनि हाल छैन । समयानुसार विवाह गर्ने उमेरमा समेत परिवर्तन भएको पाउन सकिन्छ ।

छन्त्याल जातिको विवाह संस्कारमा विविध परिवर्तन आएको भएता पनि ति परिवर्तन ल्याउनका निमित्त विविध कारकतत्वहरुको भूमिका महत्वपूर्ण रहेको पाउन सकिन्छ । विवाह संस्कारमा परिवर्तन ल्याउनका लागि शैक्षिक विकासले भूमिका खेलेको भेटिन्छ । सूचना प्रविधिको विकासका साथै वैदेशिक रोजगारीको प्रभावका कारण पनि विवाह संस्कारमा परिवर्तन भएकोछ । कानुनी प्रक्रिया र मान्यतासँगै बसाईसराईका कारणले पनि विवाह संस्कारमा परिवर्तन भएकोछ भने अन्य जातजातिको प्रभाव र आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले समेत विवाह संस्कारमा परिवर्तन हुन गएकोछ ।

## ७.२. निश्कर्ष

कुईनेमँगले गाविस वडा नं. १, २ र ३ कुईनेखानीमा छन्त्याल जातिको विवाह संस्कार सम्बन्धि अध्ययन गरिएको थियो । उक्त स्थानमा रहेको छन्त्याल जातिको ३० घरधुरीलाई यस अध्ययनमा समावेश गरिएकोछ । उक्त छन्त्याल जातिको विवाह सम्बन्धि अध्ययन गर्नुको मुख्य उद्धेश्य निम्नानुसार रहेका थिए :

क) छन्त्याल जातिको विवाह संस्कारको ढाँचाका बारेमा खोजी गर्ने

ख) विवाह संस्कार परिवर्तन हुनुका कारणहरुको खोजी गर्ने

प्रस्तुत उद्धेश्यमा आधारित रहेर यो शोध पत्रका लागि सूचना संकलन गरिएको थियो । सूचना संकलन गर्ने क्रममा प्राप्त नतिजा र निश्कर्ष निम्नानुसार रहेकोछ :

१) यस जातिमा विशेषतः मागी र भागी विवाह गर्ने प्रचलन रहेको पाईयो ।

२) सजातीयका साथै अन्तरजातीय विवाह समेत यस जातिले अँगालेको पाईन्छ । विशेषतः यस जातिले आफ्नै १२ थर भित्र मात्र विवाह गर्ने गरिएको भएता पनि हाल प्रेम विवाह गर्ने प्रचलनसँगै अन्तरजातीय विवाह समेत गरिएको भेटिन्छ ।

३) यस समुदायमा एकल विवाह गर्ने गरेको भएता पनि विशेष अवस्थामा बहुपत्नि विवाह गर्ने गरेको देखिन्छ ।

४) यस छन्त्याल जातिले विवाह सम्पन्न गर्नका लागि परम्परागत रुपमा छ चरण पुरा गर्नुपर्ने हुन्छ । जसमा विहेको प्रस्ताव लैजाने अर्थात केटी माग्न जाने, साइ दिने, दुली भित्राउने, सोधनी जाने जसलाई मुखको भाग वा सगुन लैजाने पनि भनिन्छ, रक्सी लाउने र टिका फुकाउने रहेको छ । यी चरणहरु पुरा गरेपछि मात्र छन्त्याल जातिको विवाह सम्पन्न भएको मानिन्छ । तर केटाको विवाह भने केटी अर्थात दुलही भित्राएसँगै पुरा हुन्छ ।

५) अध्ययन क्षेत्रका छन्त्याल जातिले मुख्यतया विवाहलाई यौन क्रियाकलापको व्यवस्थापन र नियन्त्रण, वंश र सम्पत्तिको हस्तान्तरण, परम्पराको निरन्तरता र नाता तथा सामाजिक सम्बन्धको विस्तारको रुपमा हेर्ने गरेको पाईन्छ । यिनै दृष्टिकोण सहित छन्त्याल जातिले विवाह संस्कारलाई अवलम्बन गरिएको पाईन्छ ।

६) समयको परिवर्तनसँगै समाजका विभिन्न आयामहरुमा पनि परिवर्तन भएको पाउन सकिन्छ । समाजका विभिन्न आयाम मध्येको विवाह संस्कारमा पनि परिवर्तन भएको देख्न सकिन्छ । छन्त्याल जातिको पनि विवाह संस्कारमा समयसँगै परिवर्तन भएको पाईन्छ । उनीहरुको विवाहका परम्परागत रुपमा परिवर्तन भएको पाईन्छ भने । विवाहका विधि वा प्रक्रियामा पनि परिवर्तन भएको छ । विवाह संस्कारका अन्य पक्षहरुमा समेत समयक्रमसँगै परिवर्तन भएको पाईन्छ ।

७) छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन आउनुका पनि विविध कारणहरु रहेकाछन । छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन गर्नमा शैक्षिक विकासको भूमिकासँगै सूचना प्रविधिको विकास, वैदेशिक रोजगारीको प्रभावको भूमिका देखिन्छ । कानुनी प्रक्रिया र मान्यता, बसाईसराई, अन्य जातजातिको प्रभाव, आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले समेत छन्त्याल जातिको विवाह संस्कारमा परिवर्तन भएको पाईन्छ ।

### ७.३. सुझावहरु

छन्त्याल समूदायको विविध संस्कारहरु मध्ये विवाह संस्कार र सोमा आएका परिवर्तनहरुको बारेमा अध्ययन गर्नका लागि म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका वडा नं. ८ कुईनेमँगले साविकको कुईनेमँगले गा.वि.स.मा वडा नं. १, २ र ३ कुईनेखानीलाई लिइएको थियो । उक्त स्थानमा पुगी अध्ययनबाट प्राप्त उपलब्धी माथि नै प्रस्तुत गरिएकोछ । उक्त समुदायमा पुगी अध्ययन गरी सकेपछि उक्त छन्त्याल समुदायलाई निम्नानुसारको सुझाव पेश गरिएकोछ ।

क) छन्त्याल जातिको आफ्नै भाषा रहेकोछ । उनीहरुले छन्त्याल खाम भाषा बोल्दै आएकाछन । अन्य जातजातिसँगको सम्पर्कसँगै उनीहरुले छन्त्याल खाम भाषामा अधिकांश नेपाली शब्द मिलाएर बोल्ने गरेको पाईन्छ । जसले गर्दा उनीहरुको खाम भाषा कालान्तरमा लोप हुन जाने देखिन्छ । तसर्थ भाषालाई लिपीबद्ध गर्नुपर्ने देखिन्छ ।

ख) छन्त्याल जातिको बारेमा धेरै अध्ययन अनुसन्धान गरिएको पाईदैन । जति गरिएकाछन उनीहरुको पेसासँग सम्बन्धित भएको गरिएको पाईन्छ । उनीहरुको संस्कार सम्बन्धि अध्ययन स्वयं जातिबाट हुन सकेको खण्डमा संस्कार सम्बन्धि अभिलेखको तयारी राम्रो हुने थियो ।

## सन्दर्भ सामग्री


केन्द्रीय तथ्याङ्क विभाग, (२०६८) राष्ट्रिय जनगणना

गुरुङ, सुकमाया (२०७०), *गुरुङ समुदायमा हुने विवाह पद्दतिमा आधुनिकीकरणको प्रभाव,* (अप्रकाशित शोध पत्र) पृथ्विनारायण क्याम्पस, पोखरा

गुरुङ, हर्क (सन् २००४), *जनजाति सेरोफेरो,* काठमाण्डौः नेपाल आदिवासी जनजाति महासंघ

घरब्जा छन्त्याल, दिल बहादुर (२०५५), *ख्योमा (साथीहरु),* काठमाण्डौः जगेन्द्र भलञ्जा छन्त्याल

छन्त्याल, हरिचन (२०६६), *छन्त्याल जातिको पुर्ख्यौली पेशा खानी सम्बन्धी अध्ययन,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

छन्त्याल, गोविन्द (स.) (२०७१), *छन्त्याल पहिचानका आयाम,* काठमाडौंः चिन्डो प्रकाशन

छन्त्याल, हरिचन र जगत बहादुर बराम (२०७२), *बराम जातिको चिनारी,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल बराम संघ, केन्द्रीय समिति काठमाण्डौ

जि.वि.स. (२०७२), म्याग्दी : जिल्ला विकास योजना आ.व. २०७३/७४

त.का.बा. (२०७२),बागलुङः जिल्ला वस्तुगत विवरण म्याग्दी

ने.छ.सं. (२०५४) काडमाण्डौ : छन्त्याल जातिको संस्कार स्मारिका

नेपाली बृहत् शब्दकोष (२०६७), काठमाण्डौ : नेपाल प्रज्ञा प्रतिष्ठान

पन्त, शास्त्रदत्त (२०५३), *धौलागिरीका छन्त्याल,* बागलुङ : निउरा प्रकाशन

पण्डित, सूचना (२०७१) *तनहुँ क्यामिनका बोटे जातिको विवाह पद्दति एक समाजशास्त्रीय अध्ययन,* (अप्रकाशित शोध पत्र) पृथ्वी नारायण क्याम्पस, पोखरा

पुन, यामबहादुर र घर्तिमगर झकेन्द्र (स.) (२०७१), *मगर जाति ऐतिहासिक, राजनीतिक र सांस्कृतिक सन्दर्भ,* काठमाडौंः मगर प्राज्ञिक समूह

मल्ल, मोहन बहादुर, (२०३३), *सिञ्जा इतिहासको डोरेटो,* काठमाण्डौ : ने.रा.प्र.प्र.

भण्डारी, लक्ष्मी (२०७१), *पोखराका क्षत्री समुदायको वैवाहिक संस्कारमा शहरकिरणले पारेको प्रभाव,* (अप्रकाशित शोध पत्र), पृथ्वी नारायण क्याम्पस, पोखरा

भण्डारी, सोमनाथ (२०७१), *मगर जातिको विवाह संस्कारमा आएको परिवर्तन,* (अप्रकाशित शोध पत्र) पृथ्वी नारायण क्याम्पस, पोखरा

विष्ट, डोर बहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाण्डौः साझा प्रकाशन

सुनार, लोक बहादुर (२०६६), *छन्त्याल जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था* (अप्रकाशित शोध पत्र) महेन्द्र बहुमुखी क्याम्पस, बागलुङ

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौः साझा प्रकाशन

शर्मा, तेजराज (२०५९), *म्याग्दी जिल्लाको छन्त्याल जातिको संक्षिप्त अध्ययन,* ( अप्रकाशित शोध पत्र) पृथ्वी नारायण क्याम्पस, पोखरा

शर्मा, मनोज कुमार (२०६८), *ब्राह्मण क्षत्री समूहको विवाह संस्कारमा आएका परिवर्तनहरु,* (अप्रकाशित शोध पत्र) पृथ्वी नारायण क्याम्पस, पोखरा

श्रीस (थापा), धर्मप्रसाद (२०७१), *मगराती संस्कृति ऐतिहासिक पृष्ठभूमि,* काठमाडौंः मगर प्राज्ञिक समूह

Chhantylal, Gobinda (2012), *Socio-Economic and Cultural Condition of Chhantyal Community: A Case study of Adhikarichaur VDC of Baglung District,* (Unpublished Thesis) T.U. Kritipur

Nepali, Gopal Singh (2015), *The NEWARS* An Ethno-Sociological study of a Himalayan Community, Kathmandu: Mandala Book Point

Pun, Yam Bahadur (2011), *Indigenous Knowledge of Allo Management: A study of Chhantyal Community of Myagdi District*, Lalitpur : Social Inclusion Research Fund (SIRF) SNV

Rao, C.N. Chankar (2005), *Sociology: Primary principles, New Delhi:* S. Chand & Company ltd.

Scott, William P. (1999), Dictionary of Sociology, Delhi: W.R. Goyal Publishers & Distributors

## अनुसूची १ : अन्तरवार्ता अनुसूचीका सहभागीहरु

| क.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | महिला | ४ | १३.३३ | |
| २ | पुरुष | २६ | ८६.६७ | |
| | जम्मा | ३० | १०० | |

## अनुसूची २ : समूह छलफलका सहभागीहरु

| क.सं. | विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | महिला | २ | २० | |
| २ | पुरुष | ८ | ८० | |
| | जम्मा | १० | १०० | |

# अनुसूची ३ : अन्तरवार्ता अनुसूची

**छन्त्याल जातिको विवाह संस्कारमा आएका परिवर्तनहरु सम्बन्धि एक समाजशास्त्रिय अध्ययन**

**घरधुरी सर्भेक्षणको प्रश्नावली**

सोधकर्ताको नाम : .............................. रोल नं. : .............

**उत्तरदाताको विरण :**

घरमुलीको नाम : उमेर/लिंग :

पेशा : उत्तरदाताको नामः शिक्षा :

**क. पारिवारिक अवस्थाको सामान्य परिचय**

१. तपाईको परिवारमा सदस्य संख्या कति छ ?

.......................जना (महिना :.................. पुरुषः........................)

२. परिवारको किसमि

एकल संयुक्त अन्य

३. घरको स्वमित्व

आफ्नै भाडा अरुसँगको बसेको अन्य

४. घरको किसिम

सिमेन्ट ढुंगा माटो झुप्रो

अन्य

५. तपाईको आफ्नो जग्गा जमिन छ कि छैन ?

छ छैन

६. यदि छ भने कति ?

क. खेत रोपनी ख. पाखो रोपनी

ग. घाँसे मदान घ अन्य

७. जग्गा कसको नाममा छ ?

पुरुष महिला दुवै

८. तपाईको जग्गाको उत्पादनले कति समय परिवारलाई खान पुग्छ ?

३ महिना, ६ महिना ९ महिना वर्षै भरि अन्य

९.तपाईले पशुपालन गर्नुभएको छ ?

छ　　　　　　　छैन

१०. यदी छ भने कुन कुन पशु पालन गर्नुभएको छ

| पशु | गाईगोरु | भैसी | बाखा | कुखुरा हाँस | अन्य |
|---|---|---|---|---|---|
| संख्या | | | | | |

११. तपाईको पशुपंक्षीबाट उत्पादित वस्तु विक्रि गर्नुहुन्छ ?

गर्छु　　　　　　　गर्दिन

१२. तपाईको परिवारको आम्दानीको मुख्य स्रोत के हो ?

कृषि　　　　　ज्याला मजदुरी　　　　　वैदेशिक रोजगारी

सरकारी जागीर　　　व्यापार　　　　　परम्परागत सीप

१३. पारिवारिक शैक्षिक विवरण

| निरक्षर | सामान्य साक्षर | एस एल सी | उच्च मावि | उच्च शिक्षा |
|---|---|---|---|---|
| | | | | |

१४. तपाईको परिवारबाट वैदेशिक रोजगारीका लागि कुनै सदस्य जानुभएको छ ? छ भने कुन देशमा ।

१५. तपाईले कुन धर्म मान्दै आउनुभएको छ ?

हिन्दु　　　बौद्ध　　　ईसाई　　　बोन (प्रकृति पुजक)　　अन्य

---

१६. तपाईले चाडबाड मान्नुहुन्छ ?

मान्छु　　　　　　　मान्दैन

१७. यदि मान्नुहुन्छ भने कुन कुन चाडबाड मान्दै आउनु भएको छ ?

……………………　……………………　……………………　……………………

……………………　……………………　……………………　……………………

**ग. ईतिहास सम्बन्धि प्रश्नावली :**

१. तपाई यहिको वासिन्दा हो ?

हो,　　　　　　　बसाई सरी आएको,

यदी बसाई सरी आएको हो भने कहाँबाट आएको हो ?

…………………………………………………………………

२. तपाईहरु कहिले देखि यहाँ बस्न थाल्नु भएको हो ?

.....................................................................

३. तपाईको पुर्खा कहाँबाट आएका हुन ?

...................................................................

४. तपाईको पुर्खा यहाँ आउनुको कारण के थियो ?

.....................................................................

५. तपाईको गाउँमा खानी खन्ने चलन थियो कि थिएन ?

थियो थिएन

६. यदि छ भने के को खानी रहेको छ ?

....................................................

७. खानी खन्ने चलन किन बन्द गरिएको हो ?

....................................................

**ग. विवाह सम्बन्धि**

१. तपाईकोमा कस्तो विवाह संस्कार रहेको छ ?

...................... ...................... ...................... ......................

२. विशेषतः तपाईको समुदायमा कुन उमेरमा विवाह हुन्छ ?

.................................................................

३. विवाह गर्ने उमेरमा परिवर्तन भएको छ ? छ भने कस्ता परिवर्तन भएका छन ?

........................... .......................... ........................

४. परिवर्तन हुनुका कारणहरु के के हुन सक्छन ?

...................... ...................... ...................... ......................

५. विवाहगर्नेहरुको सामान्यता उमेरको अन्तर कति छ ?

......................................................................................

६. मुख्यतया तपाईहरुको विवाह कुन कुन जातिसँग गर्नुहुन्छ ?

...................... ...................... ...................... ......................

७. तपाईहरुको विवाह मुख्यतयाः कुन कुन ठाउँमा हुने गर्दछ ?

...................... ...................... ...................... ......................

८. विवाह गर्दा जोडि हेर्ने काम कसले गर्दछ ?

……………………… …………………………………… ……………………………… .

९. तपाईको समुदायमा मामाचेली फूपुचेली चल्छ ?

चल्छ चल्दैन

१०. विवाह गर्दा अपनाईने प्रक्रिया/विधिविधानहरु के के हुन ?

……………………… ……………………… ………………………

……………………… ……………………… ………………………

११. विवाह गर्ने प्रक्रिया/विधिविधानमा परिवर्तन आएका छन ?

……………………………………………………………………………………………………

१२. छ, भने परिवर्तन आउनुका कारणहरु के के हुन सक्छ ?

…………………… …………………… …………………… ……………………

१३. विवाहमा दाईजो लेनदेन हुन्छ कि हुदैन ?

हुन्छ हुदैन

१४. यदी हुन्छ भने के कस्ता सामाग्रीहरु लेनदेन गरिन्छ ?

…………………… …………………… …………………… ……………………

१५. दाईजो लेनदेनमा परिवर्तन भएको छ ? छ भने कस्तो परिवर्तन भएका छन ?

………………………………………………………………………………………………

१६. दाईजो लेनदेनमा परिवर्तन हुनुका कारणहरु के के हुन सक्दछ ?

…………………… …………………… …………………… ……………………

१७. विवाह भोजमा परिवर्तन आएका छन ?

………………………………………………………

१८. आएका छन भने कस्तो परिवर्तन आएका छन ? र कारणहरु के के हुन सक्छन ?

…………………… …………………… …………………… ……………………

१९. तपाईको समुदायमा विवाह गर्ने स्थान र समयमा परिवर्तन भएका छन ?

…………………………………………………………………………………

२०. यदि छ भने कस्तो परिवर्तन भएको छ र त्यसका कारणहर के के हुन सक्छन ?

…………………… …………………… …………………… ……………………

२१. तपाईहरुको समुदायमा अन्तरजातिय विवाह हुन्छ हुदैन ?

हुन्छ हुदैन

२२. यदि हुन्छ भने, अन्तरजाति विवाह गरेका व्यक्तिलाई हेर्ने दृष्टिकोण कस्तो हुन्छ ?

सामान्य अपहेलनापुर्व अन्य

२३. विशेष गरी कुन कुन जातिसँग अन्तरजातिय विवाह हुने गरेको छ ?

........................... ........................... ............................

२४. अन्तरजातीय विवाह हुनुका कारणहरु के के हुन ?

........................... ........................... ............................

२५. तपाईको समुदायमा बहुविवाह गर्ने प्रचलन रहेको छ कि छैन ?

छ छैन

२६. कस्तो अवस्थामा बहुविवाह गर्ने गरिन्छ ?

........................... ........................... ............................

२७. बहुविवाह गर्ने व्यक्तिलाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ ?

सामान्य अपहेलनायुक्त अन्य

२८. तपाईको समुदायमा विधवा/विदुर विवाह गर्ने प्रचलन रहेको छ ?

छ छैन

२९. कस्तो अवस्थामा विधवा/विदुर विवाह गरिन्छ

...............................................................................................

३०. विधवा/विदुर विवाह गर्नेलाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ ?

.................................................................................................

३१. तपाईको समुदायमा जारी विवाहको प्रचलन रहेको छ कि छैन ?

.........................................................................................

३२. विवाह गर्ने (छोरीबुहारी लेनदेन गर्ने) स्थानमा परिवर्तन भएको छ ? छ भने कस्ता परिवर्तन भएका छन ?

......................................................................................

३३. परिवर्तन हुनुका कारणहरु के के हुन सक्छन ?

........................ ........................ ........................ ........................

३४. विवाह, पुजाआजामा अन्य जातिहरु तपाईकोमा आउने चलन छ कि छैन ?

आउछन आउदैन

३५. विवाह, पुजाआजा लगायतमा सामाजिक कार्यहरुमा तपाई अन्य जातिकोमा जाने चलन छ कि छैन ?

जान्छु जादैन

३६. तपाईको समुदायमा सम्बन्ध विच्छेद (पारपाचुके) गर्ने चलन छ ?

छ छैन

३७. यदि छ भने कस्तो अवस्थामा पारपाचुके हुने गर्दछ ?

…………………… …………………… …………………… ……………………

३८. विशेषः कुन विवाह गरेकाहरुले पारपाचुके गर्ने गरेकाछन ?

…………………… …………………… …………………… ……………………

३९. पारपाचुके घट्नु या बढ्नुका कारणहरु के के हुन सक्छन ?

…………………… …………………… …………………… ……………………

४०. पारपाचुके गर्दा भरणपोषणका लागि के दिने चलन छ ?

…………………… …………………… …………………… ……………………

४१. तपाईको समुदायमा झोमा बस्ने चलन छ ?

छ छैन

४२. यदि छ भने कस्तो अवस्थामा झोमा बस्छन ?

…………………… …………………… …………………… ……………………

४३. तपाईहरुको विवाहमा भान्जा वा ज्वाईको भुमिका के कस्तो रहन्छ ?

………………………………………………………………………………………………

४४. तपाईहरुको समुदायमा पहिले र अहिलेको विवाह संस्कारमा परिवर्तन आएको छ कि छैन

छ छैन

४५. यदी छ भने के र कस्ता परिवर्तन भएका छन ?

…………………… …………………… …………………… ……………………

…………………… …………………… …………………… ……………………

४६. परिवर्तन हुनुका कारणहरु के के हुन सक्दछन ?

……………………	……………………	……………………	……………………

……………………	……………………	……………………	……………………

४७. यदी परिवर्तन भएका छन भने त्यसलाई तपाईले कसरी लिनुभएको छ ?

……………………………………………………………………………………………………

# अनुसूची ४ : समूह छलफलको चेकलिष्ट

उद्धेश्य : १. छन्त्याल जातिको विवाह संस्कारको ढाँचाका बारेमा खोजि गर्ने

२. विवाह संस्कार परिवर्तन हुनुका कारणहरुको खोजी गर्ने

| क्र.सं. | छलफलका क्षेत्र | छलफलका विषयवस्तुहरु | कैफियत |
|---|---|---|---|
| १ | परम्परागत विवाहका रुपमा | ➢ परम्परागत विवाहको रुप<br>➢ बहुविवाह अवस्था<br>➢ सम्बन्ध विच्छेदको अवस्था<br>➢ जोडि छनौट गर्ने प्रक्रिया<br>➢ दाईजो प्रथाको अवस्था<br>➢ विवाह गर्ने उमेर<br>➢ विधिविधान/प्रक्रिया<br>➢ अन्तरजातिय विवाहको अवस्था<br>➢ विधुर/विधुवा विवाहको अवस्था | |
| २ | परिवर्तित अवस्था | ➢ माथि उल्लेखित विवाहको विविध पक्षहरुमा आएका परिवर्तनहरु | |
| ३ | कारणहरुको खोजि | ➢ माथि उल्लेखित विवाहको विविध पक्षहरुमा परिवर्तन हुनुका कारणहरुको लेखाजोखा | |